



बागमती प्रदेश आर्थिक सर्वेक्षण २०८१/८२









बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

बागमती प्रदेश आर्थिक सर्वेक्षण २०८१/८२

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल


बागमती प्रदेश
चीन
नेपाल
गण्डकी प्रदेश
रसुवा
धादिङ
नुवाकोट
सिन्धुपाल्चोक
दोलखा
काठमाडौं
भक्तपुर
चितवन
मकवानपुर
ललितपुर
काभ्रेपलाञ्चोक
रामेछाप
कोशी प्रदेश
भारत
सिन्धुली
मधेश प्रदेश
संकेत
जिल्ला
जिल्ला सीमाना
अन्तर्राष्ट्रिय सीमाना
Scale
0
12.5
25
50
Km
Projection System: MUTM, Spheroid - Everest 1830

प्राक्कथन

प्रदेशको समग्र आर्थिक-सामाजिक स्थिति एवम् भौतिक विकासको अवस्था प्रतिविम्बित गर्ने **बागमती प्रदेश आर्थिक सर्वेक्षण, २०८१/८२** सार्वजनिक गरेको छु। यसमा मुख्यतः गत आर्थिक वर्षको पूरा अवधि र चालु आर्थिक वर्षको आठ महिनासम्मको प्रदेश सरकारको राजस्व परिचालन, सार्वजनिक खर्च, प्रदेश सरकारका विभिन्न निकायहरुबाट सम्पन्न भएका गतिविधिहरुका साथै प्रदेश भित्र नेपाल सरकार, स्थानीय तह एवम् निजी क्षेत्रहरुबाट समेत सम्पन्न क्रियाकलापहरु मार्फत प्राप्त प्रतिफलहरुबाट आर्थिक तथा सामाजिक सूचकहरुमा देखिएका परिवर्तनहरुलाई समावेश गरेको छु।

चालु आर्थिक वर्षमा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.१८ प्रतिशत रहने अनुमान छ। मुलुकको अर्थतन्त्रको आकार रु. ६१ खर्ब ७ अर्ब २२ करोड रहने अनुमान रहेकोमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.५२ प्रतिशत रहने अनुमान छ। चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश सरकारको खर्च २५.६२ प्रतिशत भएकोमा चालुतर्फ ३५.२२ प्रतिशत र पुँजीगततर्फ १९.९४ प्रतिशत खर्च भएको छ। सो आवधिमा प्रदेश सरकारको आय रू. ४४ अर्ब ५६ करोड ५३ लाख रहेको छ। बागमती प्रदेशका सबै स्थानीय तहमा बैंकको शाखा पुगी वित्तीय पहुँचमा अभिवृद्धि भएको छ। बागमती प्रदेशमा ९९.९७ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ भने ९२.३५ प्रतिशत घरधुरीमा आधारभूत खानेपानी सुविधा पुगेको छ। बागमती प्रदेशको साक्षरता दर ८२.१ प्रतिशत रहेको छ। युवा वर्गमा उद्यमशील सोचको विकास हुँदै गएको छ।

यस सर्वेक्षणले औंल्याएका विषयलाई प्रदेश सरकारले बजेट तथा कार्यक्रम र क्षेत्रगत नीतिमार्फत सम्बोधन गर्दै जानेछ। प्रस्तुत आर्थिक सर्वेक्षण संघीय संसदका माननीय सदस्यज्यूहरु एवम् प्रदेश सभाका माननीय सदस्यज्यूहरू, स्थानीय तहका पदाधिकारी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, पेशाकर्मी, शोधकर्ता, शिक्षक, विद्यार्थी, व्यवसायी तथा अर्थतन्त्रको बारेमा अभिरुची राख्ने सबैका लागि उपयोगी स्रोतको रुपमा रहने विश्वास लिएको छु।

अन्त्यमा, बागमती प्रदेश आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, महाशाखा प्रमूखहरु, प्रदेश लेखा नियन्त्रक लगायत आर्थिक विश्लेषण शाखाका कर्मचारी धन्यवादका पात्र हुनुहुन्छ। यस कार्यका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउनु हुने प्रदेशका विभिन्न मन्त्रालयका सचिव लगायत कर्मचारी, नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल बीमा प्राधिकरण, धितोपत्र बोर्ड लगायत तथ्याङ्क एवम् सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित सबै निकायका पदाधिकारीलाई धन्यवाद दिन चाहन्छु।

जेठ, २०८२

कुन्दन राज काफ्ले
आर्थिक मामिला तथा योजना मन्त्री

बागमती प्रदेश आर्थिक सर्वेक्षण सम्बन्धमा

प्रदेश सरकारको आर्थिक गतिविधिको यथार्थपरक चित्रण गर्ने तथा सरकारको वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्रदेशको अर्थतन्त्रमा परेको प्रभावलाई सूचना तथा तथ्याङ्कको माध्यमबाट प्रतिबिम्बित गर्ने र आगमी आर्थिक वर्षको बजेट तर्जुमाका लागि मार्गदर्शन गर्ने कार्यका लागि आर्थिक वर्ष २०७८/७९ देखि बागमती प्रदेश आर्थिक सर्वेक्षण तयार गरी प्रकाशन गरिँदै आएको छ।

बागमती प्रदेश आर्थिक सर्वेक्षण २०८१/८२ मा प्रयोग भएका विवरण, तथ्याङ्क एवम् सूचना प्रादेशिक मन्त्रालय, केन्द्रीय निकायहरु, विभिन्न कार्यालयहरु, संघीय आर्थिक सर्वेक्षण २०८१/८२ तथा विभिन्न संघ/संस्थाबाट प्रकाशित प्रतिवेदन र सरोकारवालाबाट प्राप्त भएका हुन्।

विगतमा जस्तै यस आर्थिक सर्वेक्षणमा गत आर्थिक वर्षको पूर्ण अवधिको आर्थिक सामाजिक स्थिति र चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्मको समष्टिगत तथा क्षेत्रगत उपलब्धिलाई विश्लेषण गरिएको छ। विभिन्न स्रोतबाट आधिकारिक रुपमा प्राप्त सूचना एवम् तथ्याङ्कको आधारमा उपलब्धिको समीक्षा तथा विश्लेषण गरिएको छ।

तथ्याङ्कको प्रकृतिबमोजिम हुने गरी प्रस्तुतीकरणलाई मिलाइएको छ। निश्चित समय (दिन विशेष) मा मापन हुने तथ्याङ्कलाई महिनाको मसान्तको रुपमा (जस्तैः **"२०८१ फागुन मसान्तको"**) प्रस्तुत गरिएको छ। आर्थिक वर्षको प्रथम आठ महिनाको तथ्याङ्कलाई **"आर्थिक वर्ष...को फागुनसम्म"** वा **"...आर्थिक वर्षको फागुनसम्म"** को रुपमा प्रस्तुत गरिएको छ। सुरुदेखि हालसम्मको तथ्याङ्कलाई वर्षको महिनासम्म (जस्तैः **"२०८१ फागुनसम्म"**) को रुपमा प्रस्तुत गरिएको छ।

अन्त्यमा, बागमती प्रदेश आर्थिक सर्वेक्षण, २०८१/८२ लाई त्रुटिरहित बनाउने प्रयास गरिएको छ। तथापि, सूचना, विवरण, तथ्याङ्क वा विषय वस्तुमा कुनै पृष्ठपोषण भए आर्थिक विश्लेषण शाखा, आर्थिक मामिला तथा योजना मन्त्रालयको इमेल *arthikvislesana.moeap@bagamati.gov.np* मा पठाउन हुन अनुरोध छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश, हेटौंडा, नेपाल

जेठ, २०८२

विषयसूची

तालिका सूची

चार्ट सूची

कार्यकारी सारांश

१. समग्र आर्थिक स्थिति १

२. सार्वजनिक वित्त १२

३. वित्तीय क्षेत्र ३५

४. कृषि, भूमिसुधार, वन तथा वातावरण ४९

५. गरिबी निवारण, श्रम तथा रोजगारी ६३

६. ऊर्जा, जलस्रोत, सिंचाइ तथा खानेपानी ७०

७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार ७७

८. उद्योग, वाणिज्य तथा पर्यटन ८४

९. सामाजिक क्षेत्र ९१

१०. विपद् व्यवस्थापन ११४

११. सार्वजनिक सेवा र सुशासन ११८

अनुसूचीहरु

तालिका सूची

तालिका १(क)	:	आर्थिक तथा सामाजिक परिसूचक	११
तालिका २(क)	:	प्रदेश सरकारको विनियोजित बजेट र खर्च	१५
तालिका २(ख)	:	फागुनसम्मको तुलनात्मक खर्च र प्रगति	१७
तालिका २(ग)	:	प्रदेश सरकारको खर्च अवस्था	१८
तालिका २(घ)	:	प्रदेश सरकारको खर्च अवस्था	१९
तालिका २(ङ)	:	प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति	१९
तालिका २(च)	:	फागुनसम्म स्थानीय तहमा गएको वित्तीय हस्तान्तरण	२१
तालिका २(छ)	:	स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण निकासा र खर्च	२२
तालिका २(ज)	:	प्रदेशगत स्थानीय तहको खर्च अवस्था	२३
तालिका २(झ)	:	प्रदेशगत स्थानीय तहको खर्च अवस्था	२३
तालिका २(ञ)	:	प्रदेश सरकारको वार्षिक अनुमान र प्राप्त आय	२५
तालिका २(ट)	:	विगत ५ वर्षको बागमती प्रदेश सरकारको आय संरचना	२५
तालिका २(ठ)	:	राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाट प्राप्त आय	२६
तालिका २(ड)	:	सवारी साधन कर बाँडफाँट	२९
तालिका २(ढ)	:	विगत ६ आर्थिक वर्षको सवारी साधन कर बाँडफाँट पछिको विवरण	३०
तालिका २(ण)	:	संघीय सरकारबाट प्राप्त भएको वित्तीय हस्तान्तरणको अनुमान र प्राप्ति	३१
तालिका २(त)	:	वित्तीय हस्तान्तरण अनुदानको अनुमान र प्राप्ति	३१
तालिका २(थ)	:	संघीय सरकारको वित्तीय हस्तान्तरण अनुदान बचत फिर्ता	३२
तालिका २(द)	:	आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सञ्चित कोषको प्राप्ति र भुक्तानी	३३
तालिका २(ध)	:	सहुलियतपूर्ण कर्जाको विवरण	३४
तालिका ३(क)	:	प्रदेशगत रुपमा बैंक तथा वित्तीय संस्थाका शाखा	३५
तालिका ३(ख)	:	बागमती प्रदेशमा बैंक तथा वित्तीय संस्थाका शाखा	३६
तालिका ३(ग)	:	जिल्लागत बैंक तथा वित्तीय संस्थाको शाखा	३६

तालिका ३(घ)	:	बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप र कर्जा	३७
तालिका ३(ङ)	:	बागमती प्रदेशमा बैंकिङ सेवा विस्तार विवरण	३८
तालिका ३(च)	:	उपभोक्ता मुद्रास्फीति प्रतिशतमा	३९
तालिका ३(छ)	:	बीमा क्षेत्रमा कार्यरत बीमा कम्पनी/बीमकहरुको संख्या	३९
तालिका ३(ज)	:	बीमकको शाखा कार्यालय	४०
तालिका ३(झ)	:	बीमकको शाखा कार्यालयमा कार्यरत कर्मचारी संख्या	४०
तालिका ३(ञ)	:	बीमालेख र बीमा शुल्क संकलन	४१
तालिका ३(ट)	:	बागमती प्रदेशमा रहेको जीवन बीमा व्यवसाय	४२
तालिका ३(ठ)	:	बागमती प्रदेशमा रहेको निर्जीवन बीमा व्यवसाय	४३
तालिका ३(ड)	:	कुल बीमा दावी भुक्तानी संख्या र कुल दावी भुक्तानी रकम	४३
तालिका ३(ढ)	:	धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर र सूचीकृत कम्पनी	४४
तालिका ३(ण)	:	नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क	४५
तालिका ३(त)	:	बागमती प्रदेशका विभिन्न जिल्लाहरुमा उजुरी परेका सहकारी संस्थाहरु	४८
तालिका ४(क)	:	कृषि सम्बन्धी आधारभूत सूचकहरु	४९
तालिका ४(ख)	:	कृषि बालीको क्षेत्रफल तथा उत्पादन स्थिति	५०
तालिका ४(ग)	:	प्रमुख खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व	५१
तालिका ४(घ)	:	दलहन, तेलहन, तरकारी, फलफूल र मसला बाली उत्पादन र उत्पादकत्व	५२
तालिका ४(ङ)	:	बागमती प्रदेशमा पशुपन्छी पालन	५३
तालिका ४(च)	:	बागमती प्रदेशको पशुपन्छीजन्य उत्पादनको विवरण	५३
तालिका ४(छ)	:	बागमती प्रदेशबाट दुध उत्पादनमा अनुदान	५४
तालिका ४(ज)	:	बागमती प्रदेशअन्तर्गत कृषि तथा पशुपन्छी बीमा	५४
तालिका ४(झ)	:	बागमती प्रदेशभित्र कृषि कर्जा प्रवाह	५५
तालिका ४(ञ)	:	विपद्बाट प्रभावित किसानलाई राहत	५५
तालिका ४(ट)	:	चालु आर्थिक वर्षमा घोषणा भइ संचालनमा रहेका ब्लक क्षेत्र	५७
तालिका ४(ठ)	:	बागमती प्रदेशमा जिल्लागत वन क्षेत्रको स्थिति	५९
तालिका ४(ड)	:	बागमती प्रदेशमा वन क्षेत्रबाट संकलन भएको राजस्व	६०

तालिका ४(ढ)	:	बागमती प्रदेश भित्र पर्ने संरक्षित क्षेत्रको अंश	६०
तालिका ४(ण)	:	वन पैदावार उत्पादन तथा आपूर्ति	६१
तालिका ४(त)	:	खहरे तथा पहिरो उपचार र संरक्षण पोखरी निर्माण	६२
तालिका ५(क)	:	प्रदेश अनुसारको गरिबीको स्थिति	६४
तालिका ५(ख)	:	बागमती प्रदेशको श्रम बजारका मुख्य सूचकहरु	६५
तालिका ५(ग)	:	औपचारिक र अनौपचारिक क्षेत्रमा रोजगारीको अवस्था	६६
तालिका ५(घ)	:	रोजगारी क्षेत्रमा रहेको क्रियाशील जनसंख्या	६६
तालिका ५(ङ)	:	श्रम स्वीकृति लिई विदेशिने युवाहरुको विवरण	६७
तालिका ५(च)	:	सामाजिक सुरक्षा कोषमा आबद्ध भएका रोजगारदाता तथा योगदानकर्ता	६७
तालिका ५(छ)	:	प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण	६८
तालिका ५(ज)	:	सूचीकृत भएका बेरोजगारहरूको प्रदेशगत विवरण	६८
तालिका ५(झ)	:	न्यूनतम रोजगारीमा खटिएका व्यक्तिहरूको प्रदेशगत विवरण	६९
तालिका ६(क)	:	राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत् पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या	७०
तालिका ६(ख)	:	प्रदेशगत विद्युत् उत्पादन क्षमता	७०
तालिका ६(ग)	:	व्यवसायिक तथा संस्थागत सौर्य विद्युत तथा खानेपानी आयोजना	७१
तालिका ६(घ)	:	बागमती प्रदेशका उप-जलाधार प्रणाली	७२
तालिका ६(ङ)	:	जिल्लागत सिंचाइ सुविधा	७२
तालिका ६(च)	:	बागमती प्रदेशमा कुल सिंचाइ सुविधा पुगेको भू-भाग	७३
तालिका ६(छ)	:	खानेपानी तथा सरसफाइ सुविधा	७३
तालिका ६(ज)	:	आआरभूत खानेपानी सेवा पुगेको जिल्लागत विवरण	७४
तालिका ६(झ)	:	खानेपानी सुविधा	७५
तालिका ६(ञ)	:	जिल्लागत खानेपानीको स्रोतको रुपमा प्रयोग गर्ने घरधुरी संख्या	७६
तालिका ७(क)	:	सडकको विवरण	७७
तालिका ७(ख)	:	सडक सुविधा विस्तारको स्थिति	७७
तालिका ७(ग)	:	सडक सुविधा विस्तार, लाभान्वित जनसंख्या तथा सडक घनत्व	७८
तालिका ७(घ)	:	स्थानीय तहको केन्द्रसम्म सडक पहुँचको अवस्था	७९

तालिका ७(ङ)	:	बागमती प्रदेश सरकारबाट निर्मित पुलको विवरण	७९
तालिका ७(च)	:	प्रदेश सरकारद्वारा निर्माण भएका सडक पुलर झोलुङ्गे पुल	८०
तालिका ७(छ)	:	प्रदेश सरकारद्वारा निर्माण गरिएका सरकारी तथा सामुदायिक भवन	८०
तालिका ७(ज)	:	प्रदेशमा प्रदेश सरकारद्वारा निर्माण सम्पन्न तथा निर्माणाधीन प्रहरी भवन	८१
तालिका ७(झ)	:	प्रदेशमा दर्ता भएका विभिन्न किसिमका सवारीका साधनहरु	८१
तालिका ७(ञ)	:	बागमती प्रदेशमा दर्ता/नवीकरण भएका सञ्चार संस्था	८२
तालिका ७(ट)	:	जिल्लागत एफ.एम. रेडियोको विवरण	८३
तालिका ८(क)	:	लघु, घरेलु तथा साना उद्योगको विवरण	८४
तालिका ८(ख)	:	हालसम्म दर्ता भएका कम्पनी दर्ताको विवरण	८५
तालिका ८(ग)	:	जिल्लागत लघु, घरेलु तथा साना उद्योग दर्ताको विवरण	८५
तालिका ८(घ)	:	उद्योग क्षेत्रबाट रोजगारी सिर्जना	८६
तालिका ८(ङ)	:	जिल्लागत बजार अनुगमन संख्या	८७
तालिका ८(च)	:	प्रदेशमा रहेका पर्यटकीय स्तरका तारे होटल	८८
तालिका ८(छ)	:	पर्यटन सम्बन्धी अन्य सूचकहरु	८९
तालिका ८(ज)	:	पर्यटन प्रवर्द्धन र विकासका लागि पहिचान गरिएका गन्तव्यहरु	८९
तालिका ९(क)	:	विद्यालय सङ्ख्याको विवरण	९१
तालिका ९(ख)	:	प्रदेश अनुसार विभिन्न तहका विद्यालयको विवरण	९२
तालिका ९(ग)	:	प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण	९२
तालिका ९(घ)	:	प्रदेशमा विद्यार्थी भर्नाको विवरण	९४
तालिका ९(ङ)	:	प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर	९४
तालिका ९(च)	:	बागमती प्रदेश भित्रका विद्यालयहरुमा विद्यार्थीहरुको खुद भर्नादर	९५
तालिका ९(छ)	:	सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विवरण	९६
तालिका ९(ज)	:	विद्यालय-विद्यार्थी अनुपात र शिक्षक-विद्यार्थी अनुपात	९७
तालिका ९(झ)	:	विद्यार्थी-विद्यालय अनुपात	९७
तालिका ९(ञ)	:	विद्यार्थी-शिक्षक अनुपात	९८
तालिका ९(ट)	:	बागमती प्रदेशका जिल्लाहरुको साक्षरता दर	९९

तालिका ९(ठ)	:	प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्था	९९
तालिका ९(ड)	:	माध्यमिक शिक्षा परीक्षा,कक्षा १० (SEE)२०७९ को नतिजा विवरण	१००
तालिका ९(ढ)	:	बागमती प्रदेशका जिल्लाहरुमा संचालित शैक्षिक परामर्श केन्द्र	१००
तालिका ९(ण)	:	उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको प्रदेशगत विवरण	१०२
तालिका ९(त)	:	बागमती प्रदेशका विभिन्न जिल्लामा भएका बालगृह	१०२
तालिका ९(थ)	:	बागमती प्रदेशका विभिन्न जिल्लामा भएका बाल सुधारगृह	१०३
तालिका ९(द)	:	युवा लक्षित सीपमूलक तालिम तथा लाभान्वित	१०४
तालिका ९(ध)	:	खेलकुद पूर्वाधार	१०५
तालिका ९(न)	:	स्वास्थ्य सम्बन्धी सूचक	१०५
तालिका ९(प)	:	स्वास्थ्य संस्था,अस्पताल शैया,महिला स्वास्थ्य स्वयम् सेविका र एम्बुलेन्स	१०७
तालिका ९(फ)	:	स्वास्थ्य क्षेत्रको सरकारी सेवामा विद्यमान जनशक्तिको विवरण	१०८
तालिका ९(ब)	:	बागमती प्रदेशमा स्वास्थ्य सेवाबाट लाभान्वित जनसंख्या	१०८
तालिका ९(भ)	:	बागमती प्रदेशमा खोप सेवा लिनेको विवरण	१०९
तालिका ९(म)	:	गर्भवती एवं सुत्केरी महिलाको स्वास्थ्यमा पहुँचको अवस्था	११०
तालिका ९(य)	:	विपन्न नागरिक औषधी उपचार सेवा/कार्यक्रमबाट लाभान्वित नागरिक	१११
तालिका ९(र)	:	बागमती प्रदेशमा स्वास्थ्य बीमा कार्यक्रम	११२
तालिका ९(ल)	:	मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम (परीक्षण,निदान,उपचार र परामर्श)	११३
तालिका १०(क)	:	जिल्लागत मानवीय क्षति, घाइते, बेपत्ता तथा अनुमानित आर्थिक क्षति	११४
तालिका १०(ख)	:	विभिन्न किसिमका विपद्बाट विगत पाँच वर्षमा भएको मृत्यु संख्या	११५
तालिका १०(ग)	:	विपद् व्यवस्थापन सम्बन्धी विविध तथ्याङ्क	११६
तालिका ११(क)	:	बागमती प्रदेशका मन्त्रालय/सचिवालय/निकाय मौजुदा कर्मचारी दरबन्दी	११८
तालिका ११(ख)	:	कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम	११९
तालिका ११(ग)	:	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएका गतिविधिहरू	१२०
तालिका ११(घ)	:	पदपूर्ति सम्बन्धी विवरण	१२१
तालिका ११(ङ)	:	पदपूर्ति सम्बन्धी विवरण लैङ्गिक आधारमा सिफारिस सङ्ख्या	१२१
तालिका ११(च)	:	आर्थिक वर्ष २०८१/८२ मा पदपूर्ति सम्बन्धी विवरण	१२२

तालिका ११(छ) : समावेशी तर्फ तथा खुला तर्फ सिफारिस विवरण १२२
तालिका ११(ज) : प्रदेश सरकारसँग सम्बन्धित दायरा भएका मुद्दाको विवरण १२३

चार्ट सूची

चार्ट १(क)	:	कुल गार्हस्थ्य उत्पादन वृद्धिदर	२
चार्ट १(ख)	:	प्रतिव्यक्ति राष्ट्रिय आय	३
चार्ट १(ग)	:	कुल गार्हस्थ्य उत्पादन	५
चार्ट १(घ)	:	राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान	५
चार्ट १(ङ)	:	कुल गार्हस्थ्य उत्पादन वृद्धिदर	६
चार्ट १(च)	:	प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धिदर	६
चार्ट १(छ)	:	प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना	७
चार्ट १(ज)	:	बागमती प्रदेशको कुल मूल्य अभिवृद्धिमा क्षेत्रगत योगदान	८
चार्ट १(झ)	:	कृषि उत्पादनमा प्रदेशगत अंश	९
चार्ट १(ञ)	:	उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत हिस्सा	१०
चार्ट १(ट)	:	चालु आर्थिक वर्षको प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन	१०
चार्ट २(क)	:	प्रदेश सरकारको विनियोजित बजेट र वृद्धिदर	१३
चार्ट २(ख)	:	चालु, पुँजीगत तथा वित्तीय व्यवस्थातर्फ विनियोजित बजेट	१४
चार्ट २(ग)	:	प्रदेश सरकारको विनियोजित बजेट र खर्च प्रवृत्ति	१५
चार्ट २(घ)	:	६ आर्थिक वर्षको प्रदेश सरकारको चालु खर्चको प्रवृत्ति	१६
चार्ट २(ङ)	:	६ आर्थिक वर्षको प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति	१७
चार्ट २(च)	:	प्रदेशगत खर्च र राजस्व स्थिति	२०
चार्ट २(छ)	:	स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण	२१
चार्ट २(ज)	:	प्रदेश सरकारको वार्षिक अनुमान तथा प्राप्त आय	२४
चार्ट २(झ)	:	बागमती प्रदेशमा संकलन भएको घर जग्गा रजिष्ट्रेशन शुल्क	२८
चार्ट २(ञ)	:	बागमती प्रदेशमा संकलन भएको सवारी साधन कर बाँडफाँट	२९
चार्ट ३(क)	:	बीमकको प्रदेशगत शाखा सङ्ख्या	४०
चार्ट ३(ख)	:	नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क	४५
चार्ट ३ (घ)	:	धितोपत्रको बजार पुँजीकरणको प्रवृति	४६

चार्ट ३(ङ)	:	बागमती प्रदेशभित्रका सहकारी संस्था	४६
चार्ट ३(च)	:	बागमती प्रदेशका जिल्लाहरुमा रहेका सहकारी संस्थाहरु	४७
चार्ट ४(क)	:	वन वर्गीकरण अनुसार बागमती प्रदेशभित्रका वन	६१
चार्ट ५(क)	:	प्रदेशगत गरिबीको दर र बहुआयामिक गरिबी	६४
चार्ट ८(क)	:	उद्योग तथा वाणिज्य क्षेत्रबाट संकलित राजस्व	८७
चार्ट ८(ख)	:	बागमती प्रदेशका जिल्लाहरुमा सञ्चालित होमस्टे/घरबास	९०
चार्ट ९(क)	:	प्रदेशगत रूपमा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको विवरण	९३
चार्ट ९(ख)	:	बागमती प्रदेशमा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच	९८
चार्ट ९(ग)	:	जिल्लागत रुपमा अपाङ्ता भएका व्यक्तिहरुको सङ्ख्या	१०३
चार्ट ९(घ)	:	विद्यालय नर्स कार्यक्रम कार्यान्वयन भएका विद्यालय संख्या	११२
चार्ट १०(क)	:	विपद् घटना संख्या	११६
चार्ट ११(क)	:	कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास कार्यक्रम	१२०
चार्ट ११(ख)	:	बागमती प्रदेश सरकारद्धारा तर्जुमा गरेका ऐन तथा नियम	१२३

छोटकरी रूप

कि.मि.	:	किलोमिटर
गि.वा	:	गिगावाट
मे.वा.	:	मेगावाट
मे.ट.	:	मेट्रिक टन
CD	:	Complete Dentures
CGAS	:	Computerized Government Accounting System
CGS	:	Coordinate Grow System
CTEVT	:	Council for Technical Education and Vocational Training
EPR	:	Employment-to- Population-Ratio
FIPV	:	Fractional Dose of Inactivated Poliovirus Vaccine
FRA	:	Fiduciary Risk Assessment
GDP	:	Gross Domestic Product
GESI	:	Gender Equality and Social Inclusion
GRB	:	Gender Responsive Budgeting
IPFMS	:	Integrated Public Financial Management Services
JE	:	Japanese Encephalitis Vaccine
LISA	:	Local Government Institutional Capacity Self-Assessment
MTEF	:	Medium Term Expenditure Framework
NDHS	:	Nepal Demographic and Health Survey
PAMS	:	Public Assets Management System
PLMBIS:		Provincial Line Ministry Budget Information System
RMIS	:	Revenue Management Information System
RPD	:	Removable Partial Dentures
SEE	:	Secondary Education Examination
TD	:	Tetanus and Diphtheria vaccine
TSA	:	Treasury Single Account

कार्यकारी सारांश

१. आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रू. ६१ खर्ब ७ अर्ब २२ करोड रहने अनुमान गरिएकोमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.५२ प्रतिशत अर्थात् रू. २२ खर्ब ३० अर्ब २३ करोड रहने अनुमान रहेको छ।

२. आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहने अनुमान गरिएकोमा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.१८ प्रतिशत रहने अनुमान छ।

३. आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६२.०१ प्रतिशत, कृषि क्षेत्रको योगदान २५.१६ प्रतिशत र उद्योग क्षेत्रको योगदान १२.८३ प्रतिशत रहेको छ। बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ७७.०७ प्रतिशत, कृषि क्षेत्रको योगदान ११.८० प्रतिशत र उद्योग क्षेत्रको योगदान ११.१३ प्रतिशत रहने अनुमान छ।

४. उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा बागमती प्रदेशको हिस्सा ३१.७ प्रतिशत र राष्ट्रिय कृषि उत्पादनमा बागमती प्रदेशको हिस्सा १७.१२ प्रतिशत रहेको छ।

५. आर्थिक वर्ष २०८१/८२ मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ४ सय ९६ अमेरिकी डलर रहने अनुमान रहेकोमा बागमती प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन २ हजार ६ सय १ अमेरिकी डलर रहने अनुमान छ।

६. आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारको खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा २३.३४ प्रतिशतले वृद्धि भएकोमा २०८०/८१ मा यस्तो खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ५.०१ प्रतिशतले घटेको थियो।

७. चालु आर्थिक वर्षको फागुनसम्म बागमती प्रदेश सरकारको चालु खर्च रू. ९ अर्ब १३ करोड ५० लाख अर्थात् चालुतर्फ विनियोजनको ३५.२२ प्रतिशत र पुँजीगत खर्च रू. ७ अर्ब ३९ करोड ९४ लाख अर्थात् पुँजीगत विनियोजनको १९.९४ प्रतिशत गरी जम्मा १६ अर्ब ५३ करोड ४४ लाख अर्थात् कुल विनियोजनको २५.६२ प्रतिशत रहेको छ।

८. आर्थिक वर्ष २०८१/८२ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशले गरेको खर्च र राजस्वको अनुपात क्रमशः २.१५ प्रतिशत र १.२३ प्रतिशत रहेको छ।

९. आर्थिक वर्ष २०८१/८२ फागुनसम्मको कुल खर्च मध्ये बागमती प्रदेशमा रहेका स्थानीय तहको खर्च भार सबैभन्दा बढी ०.२२ रहेको छ।

१०. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेश सरकारबाट स्थानीय तहलाई रू. ४ अर्ब ४७ करोड ८१ लाख वित्तीय हस्तान्तरण भएको छ। गत आर्थिक वर्षमा रू. ६ अर्ब १६ करोड ४ लाख हस्तान्तरण भएको थियो।

११. चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेश सरकारको कुल आय (आन्तरिक राजस्व, बाँडफाँटबाट प्राप्त राजस्व र नगद मौज्दात समेत) रू. ४४ अर्ब ५६ करोड ५३ लाख अर्थात् वार्षिक अनुमानको ६९.०५ प्रतिशत रहेको छ।

१२. आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेश सरकारले रू. १२ अर्ब ५० करोड सवारी साधन कर संकलन गर्ने लक्ष्य राखेकोमा फागुनसम्म रू. ७ अर्ब २२ करोड ७ लाख अर्थात वार्षिक लक्ष्यको ५७.७७ प्रतिशत संकलन भएको छ।

१३. आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको आय अनुमानमा संघीय सरकारबाट प्राप्त हुने अनुदान रू. १५ अर्ब ५७ करोड ५६ लाख रहेकोमा फागुनसम्म वार्षिक अनुमानको ५२.५८ प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।

१४. २०८१ फागुनसम्म सहुलियतपूर्ण ऋण लगानी अन्तर्गत बागमती प्रदेश सरकारले कृषि विकास बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत कुल रू. ३ अर्ब ३० करोड ऋण उपलब्ध गराएकोमा रू. १ अर्ब ८१ करोड ७ लाख ५७ हजार प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ।

१५. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म मुलुकभर रहेका बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ११ हजार ५ सय ४३ रहेकोमा बागमती प्रदेशमा ३ हजार ४१ वटा अर्थात् कुल शाखाको २६ प्रतिशत शाखा रहेका छन्।

१६. आर्थिक वर्ष २०७९/८० मा नेपाल राष्ट्र बैंकले गरेको सर्वेक्षण अनुसार नेपालको वित्तीय साक्षरता ५७.९ प्रतिशत रहेकोमा बागमती प्रदेशको वित्तीय साक्षरता ६४.५ प्रतिशत रहेको छ।

१७. चालु आर्थिक वर्षको श्रावण महिना देखि नेपाल राष्ट्र बैंकले प्रदेशगत उपभोक्ता मुद्रास्फीति प्रकाशन गर्न शुरु गरको छ। फागुन महिनामा बागमती प्रदेशको उपभोक्ता मुद्रास्फीति २.९८ प्रतिशत रहेको छ।

१८. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म मुलुकभर रेहका बीमकको शाखा संख्या २ हजार ९ सय ९२ रहेकोमा बागमती प्रदेशमा बीमकको शाखा संख्या ८ सय ४० रहेको छ।

१९. चालु आर्थिक वर्षको फागुनसम्म बागमती प्रदेश भित्र जम्मा ३ हजार २ सय २९ वटा सहकारी संस्था रहेका छन्। काठमाडौं जिल्लामा सबैभन्दा बढी १ हजार ६ सय ६२ वटा सहकारी संस्था रहेका छन्।

२०. बागमती प्रदेशमा ४४.५२ प्रतिशत जनसंख्या अर्थात् २७ लाख २३ हजार ६ सय ३० जना कृषि पेशामा आबद्ध रहेका छन्। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको कृषि क्षेत्रको योगदान ११.८ प्रतिशत रहेको छ।

२१. २०८१ फागुनसम्म बागमती प्रदेशको कुल क्षेत्रफल मध्ये ३ लाख ५२ हजार २ सय ४४ हेक्टरमा खाद्यान्न बाली, २९ हजार २७४ हेक्टरमा तेलहन बाली र ३१ हजार ३ सय ६१ हेक्टरमा तरकारी बाली लगाइएको छ।

२२. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म नेपालमा रहेको कुल वन क्षेत्र ६३ लाख ९९ हजार ३ सय ४१ हेक्टर मध्ये बागमती प्रदेशमा कुल वन क्षेत्रको १७.०५ प्रतिशत वन क्षेत्र रहेको छ। यस प्रदेशको कुल भू-भागको तुलनामा वनको क्षेत्रफल ५३.७३ प्रतिशत रहेको छ।

२३. नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८० (चौथो) अनुसार नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या २०.२७ प्रतिशत र बहुआयामिक गरिबीको जनसंख्या १७.४ प्रतिशत रहेकोमा बागमती प्रदेशमा गरिबीको रेखामुनि रहेको जनसंख्या १२.५९ प्रतिशत र बहुआयामिक गरिबी ७.० प्रतिशत रहेको छ। बागमती प्रदेशमा गरिबीको विषमता २.६४ प्रतिशत, गरिबीको गहनता ०.८९ प्रतिशत र गरिबीको फैलावट १२.६८ प्रतिशत रहेको छ।

२४. चालु आर्थिक वर्षको फागुनसम्म देशभरका ७ लाख ९७ हजार ७ सय २५ जना बेरोजगार सुचिकृत मध्ये बागमती प्रदेशमा ९१ हजार ८ सय ४९ जना रहेका छन् जसमध्ये ६८ हजार ७ सय ७१ जना प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम रोजगारीमा खटिएका छन्।

२५. नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो) अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा बागमती प्रदेशको ७.० प्रतिशत रहेको छ।

२६. २०८१ फागुनसम्म मुलुकभर कुल जनसंख्याको ९९.० प्रतिशत जनसंख्यामा विद्युत् पहुँच (वैकल्पिक ऊर्जासहित) पुगेको छ भने बागमती प्रदेशमा कुल जनसंख्याको ९९.९७ प्रतिशत जनसंख्यामा विद्युत् पहुँच पुगेको छ।

२७. २०८१ फागुनसम्म नेपालमा ३ हजार ५ सय १२ मेगावाट जलविद्युत् उत्पादन भएकोमा बागमती प्रदेशमा १ हजार ५ सय ८८ मेगावाट उत्पादन भएको छ।

२८. बागमती प्रदेशको कुल क्षेत्रफल २० लाख ३० हजार ४ सय ४३ हेक्टर मध्ये ५ लाख २१ हजार ९ सय ६१ हेक्टर जमिन खेतीयोग्य रहेको छ। खेतीयोग्य जमिन मध्ये २ लाख ५८ हजार ३ सय ७१ हेक्टर जमिन सिंचाइयोग्य रहेकोमा २०८१ फागुनसम्म १ लाख ३२ हजार २ सय ५६ हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको छ।

२९. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा रहेका १५ लाख ६७ हजार ९ सय १७ घरधुरी मध्ये १४ लाख ४७ हजार ९ सय ३० घरधुरी अर्थात् ९२.३५ प्रतिशत घरमा आधारभूत खानेपानी सुविधा पुगेको र ९८.४० प्रतिशत घरधुरीमा शौचालयको सुविधा पुगेको छ।

३०. २०८१ फागुनसम्म बागमती प्रदेश सरकार अन्तर्गत संघीय सरकारबाट हस्तान्तरण भएको र प्रदेश सरकारबाट निर्मित जम्मा सडक सञ्जाल मध्ये ९९७.७४ किलोमिटर प्रादेशिक लोकमार्ग, ४ हजार ६ सय ४९ किलोमिटर प्रादेशिक मार्ग र ५६१.१८ किलोमिटर सहरी तथा स्थानीय सडक रहेको छ।

३१. चालु आर्थिक वर्षको फागुनसम्ममा बागमती प्रदेश सरकारले नयाँ सड़क निर्माण ३८.२ किलोमिटर, खण्डस्मित सडक स्तरोन्नति ७५.९५ किलोमिटर, पक्की सड़क स्तरोन्नति १०२.१८ किलोमिटर, नियमित सडक मर्मत २२० किलोमिटर र आवधिक मर्मत ४८.५९ किलोमिटर निर्माण तथा मर्मत गरेको छ।

३२. २०८१ फागुनसम्म बागमती प्रदेश सरकारले कुल १४७ वटा सडक पुल र २८ वटा झोलुङ्गेपुल/ट्रस पुल निर्माण सम्पन्न गरेको छ।

३३. २०८१ फागुनसम्म बागमती प्रदेश भित्रका ११९ वटै स्थानीय तहको केन्द्रसम्म सडक सञ्जाल जोडिएको छ। ९१ वटा स्थानीय तहको केन्द्रसम्म पक्की सडकको पहुँच पुगेको छ भने २८ वटा स्थानीय तहको केन्द्रसम्म पक्की सडकको पहुँच पुग्न बाँकी रहेको छ।

३४. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा ७९ हजार ३ सय ९६ नयाँ सवारी साधन दर्ता भएका छन्।

३५. २०८१ फागुनसम्म बागमती प्रदेशमा ८१ वटा एफ.एम. रेडियो र १२ वटा केबुल टेलिभिजन दर्ता भई सञ्चालनमा रहेका छन्।

३६. २०८१ फागुनसम्म मुलुकभर दर्ता भएका लघु, घरेलु तथा साना उद्योगमध्ये बागमती प्रदेशमा उद्योगतर्फ ५६ हजार २ सय ९७ तथा वाणिज्य तर्फ २५ हजार १ सय ८३ उद्योग व्यवसाय दर्ता भएका छन्।

३७. २०८१ फागुनसम्म बागमती प्रदेशमा एक तारे ४५ वटा, दुई तारे ४९ वटा, तीन तारे ३७ वटा, चार तारे ४१ वटा, पाँच तारे २३ वटा, पाँच तारे डिलक्स ३ वटा र हेरिटेज बुटिक ८ वटा गरी जम्मा २ सय ६ वटा तारे होटेल सञ्चालनमा रहेका छन्।

३८. २०८१ फागुनसम्म नेपालमा जम्मा विद्यालय संख्या ३५ हजार ४ सय ४७ रहेकोमा बागमती प्रदेशमा जम्मा विद्यालय संख्या ६ हजार ६ सय ९२ अर्थात् १८.८७ प्रतिशत रहेको छ।

३९. राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको साक्षरता दर ७६.२ प्रतिशत छ भने बागमती प्रदेशको साक्षरता दर ८२.१ प्रतिशत रहेको छ।

४०. २०८१ फागुनसम्म बागमती प्रदेशमा सरकारी तथा निजी स्तरबाट जम्मा ३ हजार १ सय ४८ वटा स्वास्थ्य संस्थाहरु सञ्चालनमा रहेका छन् भने सो अवधिमा स्वास्थ्य सेवाबाट ४२ लाख ४१ हजार ५ जना लाभान्वित भएका छन्।

४१. बागमती प्रदेश अन्तर्गत मन्त्रालय/सचिवालय/निकाय/आयोग गरी कुल १८ वटा निकाय अन्तर्गत २०६ वटा कार्यालयहरु र यी कार्यालयहरुमा जम्मा ५ हजार १ सय २९ कर्मचारीको स्वीकृत दरबन्दी रहेको छ।

४२. २०८१ फागुनसम्म बागमती प्रदेश सभाबाट कुल ३४ वटा ऐन तथा बागमती प्रदेश सरकारबाट २२ वटा नियम तर्जुमा भएका छन्।

१. समग्र आर्थिक स्थिति

विश्व अर्थतन्त्र

१.१ अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ मा विश्व अर्थतन्त्रको वृद्धिदर २.८ प्रतिशत हुने प्रक्षेपण रहेको छ। सन् २०२४ मा विकसित मुलुकको आर्थिक वृद्धिदर १.८ प्रतिशत रहेकोमा सन् २०२५ मा १.४ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

१.२ उदीयमान तथा विकासशील एशियाको आर्थिक वृद्धिदर सन् २०२४ मा ५.३ प्रतिशत रहेकोमा सन् २०२५ मा ४.५ प्रतिशत हुने प्रक्षेपण गरिएको छ। न्यून आय भएका विकासशील मुलुकको आर्थिक वृद्धिदर सन् २०२४ मा ४.० प्रतिशत रहेकोमा सन् २०२५ मा ४.२ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

१.३ सन् २०२५ मा दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धि मिश्रित रहने प्रक्षेपण छ। नेपाल, भुटान र पाकिस्तानको आर्थिक वृद्धिदर बढ्ने र अन्य दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण रहेको छ। सन् २०२४ मा नेपालको आर्थिक वृद्धि ३.१ प्रतिशत रहेकोमा सन् २०२५ मा ४.० प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ।


राष्ट्रिय अर्थतन्त्र

१.४ आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन ६१ खर्ब ७ अर्ब २२ करोड रहने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान २५.६२ प्रतिशत, द्वितीय क्षेत्रको योगदान १२.३७ प्रतिशत र तृतीय क्षेत्रको योगदान ६२.०१ प्रतिशत रहने अनुमान छ। चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशत रहने अनुमान छ भने गत आर्थिक वर्षको वृद्धिदर ३.६७ प्रतिशत रहेको थियो।

१.५ चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.२ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७४.८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः २४.७ प्रतिशत र ७५.३ प्रतिशत रहेको थियो।

१.६ चालु आर्थिक वर्ष २०८१/८२ मा कृषि क्षेत्रको उत्पादन ३.२८ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन ४.२८ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्षमा कृषि क्षेत्रको उत्पादन ३.३५ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन ३.३६ प्रतिशतले बढेको थियो।

चार्ट १(क): कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)



स्रोत: आर्थिक सर्वेक्षण, २०८१/८२ अर्थ मन्त्रालय *अनुमानित


१.७ चालु आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक क्षेत्रको वृद्धिदर ३.२५ प्रतिशत, द्वितीय क्षेत्रको वृद्धिदर ४.६५ प्रतिशत र सेवा क्षेत्रको वृद्धिदर ४.२१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर क्रमशः ३.३५ प्रतिशत, -०.०३ प्रतिशत र ४.३५ प्रतिशत रहेको थियो।

प्रतिव्यक्ति आय

१.८ चालु आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) १ हजार ४ सय ९६ अमेरिकी डलर रहने अनुमान रहेकोमा गत आर्थिक वर्षमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ४ सय ४३ अमेरिकी डलर रहेको थियो।

१.९ चालु आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ५ सय १७ अमेरिकी डलर रहने अनुमान रहेकोमा गत आर्थिक वर्षमा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ४ सय ६७ अमेरिकी डलर रहेको थियो।

चार्ट १(ख): प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर)



स्रोत: आर्थिक सर्वेक्षण, २०८१/८२ अर्थ मन्त्रालय *अनुमानित

क्षेत्रगत वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि

१.१० चालु आर्थिक वर्षमा कृषि, वन तथा मत्स्य क्षेत्रको कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर ३.२८ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्षमा यस क्षेत्रको वृद्धिदर ३.३५ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि, वन तथा मत्स्यपालन) को योगदान २५.१६ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान २४.७१ प्रतिशत रहेको थियो।

१.११ चालु आर्थिक वर्षमा खानी तथा उत्खनन् क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर १.९९ प्रतिशत रहने अनुमान रहेकोमा गत आर्थिक वर्षमा यस क्षेत्रको वृद्धिदर ३.२३ प्रतिशत रहेको थियो। गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खनन् क्षेत्रको योगदान ०.४८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान ०.४६ प्रतिशत रहने अनुमान छ।

१.१२ गत आर्थिक वर्ष उत्पादनमूलक उद्योगको उत्पादन २.०२ प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षमा ३.७८ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ४.९८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको योगदान ४.९३ प्रतिशत रहेको थियो।

१.१३ गत आर्थिक वर्ष निर्माण क्षेत्रको वृद्धिदर २.२० प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षमा यो क्षेत्र २.२१ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य

उत्पादनमा निर्माण क्षेत्रको योगदान ५.२४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको योगदान ५.४० प्रतिशत रहेको थियो।

१.१४ चालु आर्थिक वर्ष विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि १३.८२ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको वृद्धिदर १०.९६ प्रतिशत रहेको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.६७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदानमा १.७३ प्रतिशत पुग्ने अनुमान छ।

१.१५ गत आर्थिक वर्ष थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको वृद्धिदर ०.३६ प्रतिशतले संकुचन भएकोमा चालु आर्थिक वर्ष ३.३० प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १४.५५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक यस क्षेत्रको योगदान १४.०० प्रतिशत रहेको थियो।

१.१६ चालु आर्थिक वर्ष वित्तीय तथा बीमा क्षेत्रको कुल मूल्य अभिवृद्धि ६.२९ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको वृद्धिदर ७.९४ प्रतिशत रहेको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ६.५५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ६.६५ प्रतिशत रहने अनुमान छ।


१.१७ चालु आर्थिक वर्ष घरजग्गा कारोबार क्षेत्रको कुल मूल्य अभिवृद्धि २.७२ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको वृद्धिदर २.४३ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ८.२९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ८.४० प्रतिशत रहेको थियो।

बागमती प्रदेश अर्थतन्त्र

१.१८ आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रू. ५७ खर्ब १६ अर्ब ३४ करोड रहेकोमा चालु आर्थिक वर्षमा रू. ६१ खर्ब ७ अर्ब २२ करोड रहने अनुमान छ। बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) आर्थिक वर्ष २०८०/८१ मा रू. २० खर्ब ६९ अर्ब ७ करोड रहेकोमा चालु आर्थिक वर्षमा रू. २२ खर्ब ३० अर्ब २३ करोड रहने अनुमान छ।

चार्ट १(ग): कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)


(रू. करोडमा)



स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०८१, #अनुमनित

१.१९ आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य) मा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.५२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष बागमती प्रदेशको हिस्सा ३६.२० प्रतिशत रहेको थियो।


चार्ट १(घ): राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान* (प्रतिशत)



स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०८१, *अनुमानित

१.२० चालु आर्थिक वर्ष नेपालको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ४.६१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ५.१८ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ।


चार्ट १(ङ): कुल गार्हस्थ्य उत्पादन वृद्धिदर* (उपभोक्ता मूल्यमा)



स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०८१, *अनुमानित

१.२१ चालु आर्थिक वर्षमा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मक रूपमा बढ्ने अनुमान छ। बागमती प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसत ४.६१ प्रतिशत भन्दा माथि रहने अनुमान छ।


चार्ट १(च): प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)



स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय *अनुमानित

१.२२ चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको कृषि क्षेत्रको योगदान ११.८ प्रतिशत, उद्योग क्षेत्रको योगदान ११.१ प्रतिशत र सेवा क्षेत्रको योगदान ७७.१ प्रतिशत रहेको छ।

चार्ट १(छ): प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना*



स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

*आर्थिक वर्ष २०८१/८२ को अनुमानित

क्षेत्रगत वर्गीकरण अनुसार बागमती प्रदेशको कुल मूल्य अभिवृद्धि

१.२३ चालु आर्थिक वर्षमा बागमती प्रदेशको कृषि, वन तथा मत्स्य क्षेत्रको कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर ३.४८ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्षमा यस क्षेत्रको वृद्धिदर २.७० प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि, वन तथा मत्स्यपालन) को योगदान ११.८० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ११.६७ प्रतिशत रहेको थियो।


१.२४ चालु आर्थिक वर्षमा बागमती प्रदेशको खानी तथा उत्खनन् क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर १.८९ प्रतिशत रहने अनुमान रहेकोमा गत आर्थिक वर्षमा यस क्षेत्रको वृद्धिदर ३.२३ प्रतिशत रहेको थियो। गत आर्थिक वर्षको यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खनन् क्षेत्रको योगदान ०.६५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान ०.६२ प्रतिशत रहने अनुमान छ।

१.२५ गत आर्थिक वर्ष बागमती प्रदेशको उत्पादनमूलक उद्योगको उत्पादन २.०९ प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षमा ३.८२ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्ष यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ४.९३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ४.९१ प्रतिशत रहने अनुमान छ।

१.२६ चालु आर्थिक वर्ष बागमती प्रदेशको विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि १९.९५ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस

क्षेत्रको वृद्धिदर १०.६७ प्रतिशत रहेको थियो। गत आर्थिक वर्ष यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवा क्षेत्रको योगदान १.६५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान १.६६ प्रतिशत रहने अनुमान छ।

चार्ट १(ज): बागमती प्रदेशको कुल मूल्य अभिवृद्धिमा क्षेत्रगत योगदान (प्रतिशत)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ #अनुमानित

१.२७ गत आर्थिक वर्ष बागमती प्रदेशको निर्माण क्षेत्रको वृद्धिदर २.८४ प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षमा यो क्षेत्र २.६८ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्ष यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान ३.६७ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको योगदान ३.८१ प्रतिशत रहेको थियो।

१.२८ गत आर्थिक वर्ष बागमती प्रदेशको थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको वृद्धिदर ०.४३ प्रतिशतले सङ्कुचन भएकोमा चालु आर्थिक वर्ष ३.६० प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्ष यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा थोक


तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान २२.५५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको योगदान २१.८६ प्रतिशत रहेको थियो।

१.२९ चालु आर्थिक वर्ष बागमती प्रदेशको वित्तीय तथा बीमा क्षेत्रको कुल मूल्य अभिवृद्धि ६.१० प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ८.८९ प्रतिशतले बढेको थियो। गत आर्थिक वर्ष यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बीमा क्षेत्रको योगदान ११.१७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ११.२१ प्रतिशत रहने अनुमान छ।

१.३० गत आर्थिक वर्ष बागमती प्रदेशको घरजग्गा कारोबार क्षेत्रको कुल मूल्य अभिवृद्धि २.०७ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्षमा २.८० प्रतिशतले बढ्ने अनुमान छ। चालु आर्थिक वर्ष यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा कारोबार क्षेत्रको योगदान १५.५१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको योगदान १५.१८ प्रतिशत रहेको थियो।

१.३१ चालु आर्थिक वर्षमा राष्ट्रिय कृषि उत्पादनमा बागमती प्रदेशको हिस्सा १७.१२ प्रतिशत रहेको छ।


चार्ट १(झ): कृषि उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा)



स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

१.३२ उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.७ प्रतिशत रहेको छ।


चार्ट १(ञ): उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत हिस्सा (प्रतिशतमा)



स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

१.३३ आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा बढी २ हजार ६ सय १ अमेरिकी डलर रहने अनुमान रहेको छ। बागमती र गण्डकी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औसत १ हजार ४ सय ९६ अमेरिकी डलर भन्दा माथि रहने अनुमान छ भने अन्य प्रदेशको राष्ट्रिय औसत भन्दा न्यून रहने अनुमान छ।

चार्ट १(ट): चालु आर्थिक वर्षको प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलरमा)



स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

तालिका १(क): आर्थिक तथा सामाजिक परिसूचक

परिसूचक	नेपाल	बागमती
प्रशासनिक र जनसाँख्यिक स्थिति		
स्थानीय तहको सङ्ख्या	७५३	११९
जनसङ्ख्या (प्रतिशतमा)	१००	२१.०
क्षेत्रफल (प्रतिशतमा)	१००	१३.८
आर्थिक तथा सामाजिक क्षेत्र		
आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) प्रतिशतमा	४.६१	५.१८
गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा)	१००	३६.५२
उपभोक्ता मुद्रास्फीति	३.७५	२.९८
प्रतिव्यक्ति जीडिपी (अमेरिकी डलरमा)	१४९६	२६०१.५
जलविद्युत उत्पादन (मेगावाट)	३५१२	१५८८
विद्यालय सङ्ख्या	३५४४७	६६९२
विद्यार्थी भर्ना (हजारमा)	७०११	१३६८
वित्तीय क्षेत्र		
बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या	११५४३	३०४१
प्रतिशाखा जनसङ्ख्या	२५२७	२०११
बीमकको शाखा सङ्ख्या	२९९२	८४०
प्रदेशगत खर्च (रू.करोडमा)	१८४११	४४५१
प्रदेशगत राजस्व (रू.करोडमा)	९३६१	२५५०
सञ्चित कोषको मौज्दात (रू.करोडमा)	-	१९९६

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

२. सार्वजनिक वित्त

२.१ सार्वजनिक खर्चमा पारदर्शिता र गुणस्तरीयता कायम भइ वित्तीय सुशासनमा अभिवृद्धि हुँदै गएको छ। प्रदेश सरकारको सार्वजनिक खर्च प्रणालीलाई प्रभावकारी, मितव्ययी, उत्पादनमूलक र नतिजामूलक बनाउन विभिन्न कानूनी तथा संस्थागत संयन्त्रहरुको व्यवस्था गरिएको छ।

२.२ प्रदेश सरकारका संरचनाहरु विस्तार हुँदै गएको र बहुवर्षीय आयोजनाको स्रोत सहमतिका कारण वर्षेनी सरकारको खर्च जिम्मेवारी बढ्दै गएको छ। संविधानले प्रदेश सरकारलाई प्रदान गरेको अधिकारको प्रयोग बढ्दै गएको भए तापनि सो अधिकारको कार्यान्वयनको लागि आवश्यक पर्ने राजस्व संकलन अपेक्षित रुपमा हुन सकेको छैन। प्रदेशको आन्तरिक राजस्वको हिस्सा अत्यन्त न्यून भएकोले खर्च व्यवस्थापनका लागि संघीय अनुदान र राजस्व बाँडफाँटमा निर्भर हुनुपर्ने अवस्था छ। स्रोत व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै प्रदेश सरकारको राजस्व क्षमता क्रमशः बढाउँदै लैजानु पर्ने देखिन्छ।

२.३ **"बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाज"** को दीर्घकालीन सोच सहितको दोस्रो आवधिक योजना **(२०८१/८२-२०८५/८६)** कार्यान्वयनमा आएको छ। आवधिक योजनाको लक्ष्य, उद्देश्य हासिल हुने गरी मध्यमकालीन खर्च संरचना (MTEF) र वार्षिक कार्यक्रममा समावेश हुने आयोजना छनौटलाई व्यवस्थित बनाउन प्रदेशस्तरीय वार्षिक आयोजना छनौट सम्बन्धी कार्यविधि, २०७८ र प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी दिग्दर्शन, २०८० तर्जुमा भएको छ।

२.४ बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा ल्याई प्राथमिकता प्राप्त आयोजनालाई अघि बढाउने र ठूला आयोजनाको ठेक्का व्यवस्थापनलाई सहजीकरण गर्ने प्रयास गरिएको छ। कार्यसञ्चालन खर्चमा एकरुपता कायम गर्न प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ लाई समेत कार्यान्वयनमा ल्याइएको छ।

२.५ प्रदेश सरकारका सम्पूर्ण कार्यालयहरुमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी नेपाल सरकारले तयार गरी प्रदेशलाई समेत उपलब्ध गराएका राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System -RMIS), प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System -PLMBIS), एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली (Integrated Public Financial Management Services -IPFMS), कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (Computerized Government Accounting System -CGAS), एकल कोष खाता प्रणाली (Treasury Single Account -


TSA), सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System - PAMS -V2) लगायतका प्रणालीगत संयन्त्रहरु प्रयोगमा रहेका छन्। उक्त प्रणालीका संयन्त्रहरुलाई समसामयिक ढङ्गले सुधार गर्दै सार्वजनिक वित्त व्यवस्थापनलाई थप सबल, सुदृढ र प्रविधिमैत्री बनाउनु पर्ने आवश्यकता छ।

बजेटको आकार र खर्च

२.६ बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७४/७५ मा संघीय सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान रू. १ अर्ब २ करोड ५ लाखलाई मात्र समावेश गरी पहिलो पटक बजेट प्रस्तुत गरेको थियो। सोसँगै प्रदेश सरकारले प्रत्येक वर्ष वार्षिक आय व्ययको अनुमानित विवरण (बजेट) प्रस्तुत गर्दै आएको छ। संघीय शासन प्रणालीको सुरुवात पश्चात् प्रदेश सरकारबाट आठ वटा बजेट प्रस्तुत भइसकेकोमा सात वटा बजेट कार्यान्वयन भइसकेको र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको चरणमा रहेको छ।

२.७ चालु आर्थिक वर्षमा रू. ६४ अर्ब ५४ करोडको बजेट कार्यान्वयन भइरहेको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा २.९२ प्रतिशतले बढी हो। आर्थिक वर्ष २०८०/८१ को लागि रू. ६२ अर्ब ७० करोड बराबरको बजेट प्रस्तुत भएको थियो, भने आर्थिक वर्ष २०७९/८० मा बजेटको आकार ७० अर्ब ९३ करोड रहेको थियो। प्रदेश सरकारको आम्दानी र वित्तीय हस्तान्तरणमा प्रभावकारिता कायम हुन नसक्दा बजेटको आकारमा उतार चढाव भएको देखिन्छ।

चार्ट २(क): प्रदेश सरकारको विनियोजित बजेट (रू. करोडमा) र वृद्धिदर




स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८१

२.८ आर्थिक वर्ष २०७५/७६ देखि हरेक आर्थिक वर्षमा बजेटको आकार वृद्धि हुँदै गएकोमा आर्थिक वर्ष २०८०/८१ को बजेटको आकार आर्थिक वर्ष २०७९/८० को भन्दा ११.६० प्रतिशतले घटेको थियो।

२.९ चालु आर्थिक वर्षको कुल विनियोजन रू. ६४ अर्ब ५४ करोड मध्ये चालुतर्फ ४०.४४ प्रतिशत, पुँजीगतर्फ ५७.२३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २.३२ प्रतिशत विनियोजन भएको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो विनियोजन कुल विनियोजनको क्रमशः ४१.९२ प्रतिशत, ५७.२८ प्रतिशत र ०.८० प्रतिशत रहेको थियो।

चार्ट २(ख): चालु, पुँजीगत तथा वित्तीय व्यवस्थातर्फ विनियोजित बजेट (अंश प्रतिशतमा)




स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८१

२.१० आर्थिक वर्ष २०७६/७७ मा चालुतर्फ विनियोजित बजेट पुँजीगत विनियोजनभन्दा बढी रहेको थियो भने अन्य आर्थिक वर्षहरुमा पुँजीगत विनियोजनको अंश बढी रहेको छ।

२.११ विनियोजित बजेट अनुसारको खर्चतर्फ विश्लेषण गर्दा आर्थिक वर्ष २०७९/८० मा कुल विनियोजनको ६६.१ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०८०/८१ मा वृद्धि भई ७०.९८ प्रतिशत पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्म कुल विनियोजनको २५.६ प्रतिशत खर्च भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा २६.५ प्रतिशत खर्च भएको थियो।

चार्ट २(ग): प्रदेश सरकारको विनियोजित बजेट र खर्च प्रवृत्ति



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.१२ प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ मा अघिल्लो आर्थिक वर्षको तुलनामा बजेटको आकार ११.६० प्रतिशतले घटेको थियो भने खर्च ५.०१ प्रतिशतले मात्र घटेको थियो। आर्थिक वर्ष २०७९/८० मा अघिल्लो वर्षको तुलनामा बजेट २२.९० प्रतिशतले बढेको थियो भने खर्च २३.३४ प्रतिशतले वृद्धि भएको थियो।

तालिका २(क): प्रदेश सरकारको विनियोजित बजेट र खर्च


आर्थिक वर्ष	कुल विनियोजन (रू. करोडमा)	कुल खर्च (रू. करोडमा)	खर्च प्रतिशत	बजेट वृद्धि प्रतिशत	खर्च वृद्धि प्रतिशत
२०७४/७५	१०२.०५	२६.९४	२६.४०	-	-
२०७५/७६	३५६१.५६	२०६५.२६	५७.९९	-	-
२०७६/७७	४७६०.७७	२७९५.०८	५८.७१	३३.६७	३५.३४
२०७७/७८	५१४२.७४	३५५९.९१	६९.२२	८.०२	२७.३६
२०७८/७९	५७७२.०९	३७९९.५०	६५.८३	१२.२४	६.७३
२०७९/८०	७०९३.९३	४६८६.२०	६६.०६	२२.९०	२३.३४
२०८०/८१	६२७०.९१	४४५१.३३	७१.०	-११.६०	-५.०१
२०८१/८२*	६४५४.०४	१६५३.४४	२५.६	२.९२	-

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१ *फागुनसम्मको खर्च

चालु र पुँजीगत खर्च

२.१३ प्रदेश सरकारको चालु खर्चको प्रवृति आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्म बढ्दै गएको छ भने आर्थिक वर्ष २०८०/८१ मा भने घटेको देखिन्छ। चालु खर्च विनियोजित बजेटको प्रतिशतको हिसाबले तीन आर्थिक वर्षमा घट्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा चालुतर्फ विनियोजित बजेटको ६९.७६ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०७९/८० मा ६७ प्रतिशत र आर्थिक वर्ष २०८०/८१ मा ६०.७५ प्रतिशत खर्च भएको थियो।

चार्ट २(घ): ६ आर्थिक वर्षको प्रदेश सरकारको चालु खर्चको प्रवृत्ति




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.१४ विगत ६ आर्थिक वर्षको चालु खर्चको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७५/७६ मा सबैभन्दा बढी अर्थात विनियोजित बजेटको ८०.०६ प्रतिशत र आर्थिक वर्ष २०७६/७७ मा सबैभन्दा कम अर्थात विनियोजित बजेटको ५०.१४ प्रतिशत खर्च भएको थियो।

२.१५ पछिल्लो समय प्रदेश सरकारको पुँजीगत खर्च क्षमतामा सुधार हुँदै गएको छ। आर्थिक वर्ष २०७८/७९ मा पुँजीगततर्फ विनियोजित बजेटको ६३.२१ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०७९/८० मा ६७.१७ प्रतिशत र आर्थिक वर्ष २०८०/८१ मा ७९.४६ प्रतिशत खर्च भएको थियो।

चार्ट २(ङ): ६ आर्थिक वर्षको प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.१६ विगत ६ आर्थिक वर्षको पुँजीगत खर्चको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा बढी अर्थात विनियोजित बजेटको ७९.५९ प्रतिशत र आर्थिक वर्ष २०७५/७६ मा सबैभन्दा कम अर्थात विनियोजित बजेटको ४३.९२ प्रतिशत खर्च भएको थियो।

२.१७ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रदेश सरकारको कुल खर्च रकम रू. १६ अर्ब ५३ करोड ४४ लाख भएको छ जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.५५ प्रतिशतले न्यून हो।

तालिका २(ख): फागुनसम्मको तुलनात्मक खर्च र प्रगति (रकम रू.करोडमा)

खर्चको प्रकार	२०७९/८० फागुनसम्मको खर्च	आर्थिक वर्ष २०८०/८१				आर्थिक वर्ष २०८१/८२			
		वार्षिक विनियोजन	फागुनसम्मको खर्च	प्रगति प्रतिशत	प्रतिशत परिवर्तन	वार्षिक विनियोजन	फागुनसम्मको खर्च	प्रगति प्रतिशत	प्रतिशत परिवर्तन
चालु	९२४.४२	२६४३.१७	८७४.७६	३३.१०	-५.३७	२५९३.९८	९१३.५०	३५.२२	४.४३
पुँजीगत	७२६.६६	३५७७.७४	७८७.७५	२२.०२	८.४१	३७१०.०७	७३९.९४	१९.९४	-६.०७
वित्तीय व्यवस्था	६०.००	५०.००	०.००	०.००	-१००.००	१५०.००	०.००	०.००	०.००
जम्मा	**१७११.०८**	**६२७०.९१**	**१६६२.५१**	**२६.५१**	**-२.८४**	**६४५४.०५**	**१६५३.४४**	**२५.६२**	**-०.५५**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.१८ चालु आर्थिक वर्ष २०८१/८२ फागुनसम्म प्रदेश सरकारको चालु खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.४३ प्रतिशतले वृद्धि भई रू. ९ अर्ब १३ करोड ५० लाख खर्च भएको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म यस्तो खर्च रू. ८ अर्ब ७४ करोड ७६ लाख भएको थियो।

२.१९ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रदेश सरकारको पुँजीगत खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.०७ प्रतिशतले न्यून भई रू. ७ अर्ब ३९ करोड ९४ लाख खर्च भएको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म यस्तो खर्च रू. ७ अर्ब ८७ करोड ७५ लाख भएको थियो।

प्रदेशगत खर्चको तुलना

२.२० चालु आर्थिक वर्षको फागुनसम्म सबै प्रदेशको खर्च घटेको छ। यस अवधिमा प्रादेशिक खर्च १३.८ प्रतिशतले घटेर रू. ६८ अर्ब ५५ करोड रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म कुल प्रादेशिक खर्चमध्ये सबैभन्दा बढी खर्चभार बागमती प्रदेशको ०.२४१ रहेको छ।

तालिका २(ग): प्रदेश सरकारको खर्च अवस्था* (रू. करोडमा)

प्रदेश	चालु खर्च		पुँजीगत खर्च		कुल खर्च	
	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
कोशी	७३४	७८०	५७०	४५२	१३०३	१२३२
मधेश	३६१	३२२	२५४	१११	६१५	४३३
बागमती	**९९७**	**९१४**	**१०३७**	**७४०**	**२०३४**	**१६५३**
गण्डकी	४४९	४१८	५५०	५३५	९९९	९५३
लुम्बिनी	५९९	४९६	७२७	७३१	१३२६	१२२८
कर्णाली	४७१	४०७	३४०	२८५	८११	६९२
सुदूरपश्चिम	४२४	३८९	४४१	२७५	८६५	६६४
जम्मा	**४०३४**	**३७२७**	**३९१८**	**३१२९**	**७९५३**	**६८५५**

स्रोतः आर्थिक सर्वेक्षण , २०८१ *फागुनसम्म

नोटः गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको फागुनमसान्तसम्म वित्तीय व्यवस्थातर्फको खर्च नभएकाले यस्तो खर्च तालिकामा उल्लेख गरिएको छैन।

२.२१ गत आर्थिक वर्षको फागुनसम्म प्रादेशिक खर्च बजेटको २३.८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म २४.६ प्रतिशत रहेको छ। यस अवधिमा बागमती प्रदेशमा २५.६ प्रतिशत खर्च भएको छ।

तालिका २(घ): प्रदेश सरकारको खर्च अवस्था (विनियोजित प्रादेशिक बजेटको प्रतिशत)

प्रदेश	चालु खर्च		पुँजीगत खर्च		कुल खर्च	
	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
कोशी	४०.१	४१.६	२२.२	२७.३	३०.२	३४.९
मधेश	१६.७	२०.२	९	४.०	१२.७	९.९
बागमती	**३३.२**	**३५.२**	**२२**	**१९.९**	**२६.६**	**२५.६**
गण्डकी	३०.३	३१.८	२२.४	२७.४	२५.१	२८.९
लुम्बिनी	२९.८	३४.८	२५	२९.६	२७	३१.५
कर्णाली	२८.८	३२.९	१२.६	१५.२	१९.३	२२.०
सुदूरपश्चिम	३०.५	३०.२	१९.९	१४.६	२४	२१.०
जम्मा	**३०**	**३२.९**	**१९.५**	**१९.२**	**२३.८**	**२४.६**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१

नोटः गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको फागुनमसान्तसम्म वित्तीय व्यवस्था तर्फको खर्च नभएकाले यस्तो खर्च तालिकामा उल्लेख गरिएको छैन।

२.२२ बागमती प्रदेशको आर्थिक वर्ष २०७७/७८, २०७८/७९, २०७९/८० र २०८०/८१ मा कुल प्रादेशिक खर्चमध्ये पुँजीगत खर्चको हिस्सा क्रमशः ५६.२ प्रतिशत, ५५.३ प्रतिशत, ६०.३५ प्रतिशत र ६४.१२ प्रतिशत रहेको छ।


तालिका २(ङ): प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति (रू. करोडमा)

विवरण	२०७७/७८		२०७८/७९		२०७९/८०		२०८०/८१	
	कुल खर्च	पुँजीगत खर्चको अंश	कुल खर्च	पुँजीगत खर्चको अंश	कुल खर्च	पुँजीगत खर्चको अंश	कुल खर्च	पुँजीगत खर्चको अंश
कोशी	२७९५.१	५६.८	२९९६.६	५६.२	३०७५.७८	५८.८९	२८०२.८	५८.३३
मधेश	२२५४.६	६१.७	२२२६	५३.६	२६८६.९९	६०.२९	२४५४.५	६२.२९
बागमती	**३५५९.५**	**५६.२**	**३७९९.५**	**५५.३**	**४६८६.२०**	**६०.३५**	**४४५१.३**	**६४.१२**
गण्डकी	२५६२.३	६८.७	२२०४.४	६५.६	२३६१.४९	६४.६३	२२२०.६	६५.८८
लुम्बिनी	३२१०.३	५७.६	३००५.५	५७.९	३०२४.४२	५८.६४	२६४३.७	६०.५९
कर्णाली	२२०४.२	६१.६	२४२८.२	६२.१	२२२६.६९	५७.३८	१९८६.८	५३.८२
सुदूरपश्चिम	२२९६.८	५४.९	२०८७.७	५७.२	२४०६.३१	६५.७२	१८५१.४	५७.०६
जम्मा	**१८८८३**	**५९.३**	**१८७४८**	**५८.०**	**२०४६७.८६**	**६०.६७**	**१८४११**	**६०.८८**

स्रोतः आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय

२.२३ आर्थिक वर्ष २०८०/८१ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशले गरेको खर्च र राजस्वको अनुपात क्रमशः २.१५ प्रतिशत र १.२३ प्रतिशत रहेको छ।

चार्ट २(च): प्रदेशगत खर्च र राजस्व स्थिति (प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)



स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय


स्थानीय तहमा वित्तीय हस्तान्तरण

२.२४ बागमती प्रदेश सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझाव अनुसार स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई विनियोजन ऐनबाट व्यवस्थित गर्दै आएको छ। समपूरक अनुदान सम्बन्धी कार्यविधि परिमार्जन गरी संघीय सरकारको कार्यविधिसँग सामञ्जस्यता कायम गरिएको छ। सशर्त, समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधि अनुसार नै आयोजना तथा कार्यक्रम छनौट गरी स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन्।

२.२५ प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा जम्मा रू. ६ अर्ब १६ करोड ४ लाख अनुदान स्थानीय तहमा हस्तान्तरण गरिएको थियो भने आर्थिक वर्ष २०७९/८० यस्तो हस्तान्तरण जम्मा रू. ७ अर्ब ६६ करोड ५० लाख रहेको थियो।

२.२६ आर्थिक वर्ष २०८०/८१ मा समानीकरण अनुदानतर्फ रू. १ अर्ब ६६ करोड २५ लाख, सशर्त अनुदानतर्फ रू. २ अर्ब ३८ करोड ३४ लाख, समपुरक अनुदानतर्फ रू. १ अर्ब ६२ करोड र विशेष अनुदानतर्फ रू. ४९ करोड ४५ लाख स्थानीय तहमा हस्तान्तरण भएको थियो।

चार्ट २(छ): स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण (रकम रू. करोडमा)



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.२७ गत आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म प्रदेश सरकारबाट स्थानीय तहलाई रू. ४ अर्ब ५४ करोड २८ लाख अर्थात् वार्षिक अनुमानको ५९.३५ प्रतिशत हस्तान्तरण गरिएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रू. ४ अर्ब ४७ करोड ८१ लाख अर्थात वार्षिक अनुमानको ५३.९४ प्रतिशत हस्तान्तरण गरिएको छ।

तालिका २(च): फागुनसम्म स्थानीय तहमा गएको वित्तीय हस्तान्तरण (रकम रू. करोडमा)

अनुदान	आर्थिक वर्ष २०७९/८०			आर्थिक वर्ष २०८०/८१			आर्थिक वर्ष २०८१/८२		
	वार्षिक अनुमान	हस्तान्तरित अनुदान	प्रगति प्रतिशत	वार्षिक अनुमान	हस्तान्तरित अनुदान	प्रगति प्रतिशत	वार्षिक अनुमान	हस्तान्तरित अनुदान	प्रगति प्रतिशत
समानीकरण अनुदान	१७५.००	१२३.८४	७०.७७	१६६.२५	१०७.०८	६४.४१	१६६.२५	९७.२१	५८.४७
सशर्त अनुदान	३०८.९४	२०१.०४	६५.०७	२९०.४३	१८८.८३	६५.०२	३४३.६८	२०८.३३	६०.६२
समपूरक अनुदान	२८२.४०	१४७.४३	५२.२१	२३५.०७	११९.८३	५०.९८	२४८.०९	१०९.८	४४.२६
विशेष अनुदान	७८.९३	४४.६७	५६.५९	७३.७२	३८.५५	५२.२९	७२.१८	३२.४७	४४.९८
जम्मा अनुदान	**८४५.२७**	**५१६.९८**	**६१.१६**	**७६५.४७**	**४५४.२८**	**५९.३५**	**८३०.२०**	**४४७.८१**	**५३.९४**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.२८ आर्थिक वर्ष २०८०/८१ मा वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा निकासा भएको जम्मा रू. ६ अर्ब १६ करोड ४ लाख मध्ये ९१.९२ प्रतिशत अर्थात रू. ५ अर्ब ६६ करोड २४ लाख खर्च भएको थियो। आर्थिक वर्ष २०७९/८० मा जम्मा निकासा रकमको ८४.१४ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्ष २०७९/८० को तुलनामा २०८०/८१ को यस्तो खर्च १२.२० प्रतिशतले न्यून हो।

तालिका २(छ): स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण निकासा र खर्च (रकम रू. करोडमा)

अनुदान	आर्थिक वर्ष २०७८/७९			आर्थिक वर्ष २०७९/८०			आर्थिक वर्ष २०८०/८१		
	निकासा	खर्च	खर्च प्रतिशत	निकासा	खर्च	खर्च प्रतिशत	निकासा	खर्च	खर्च प्रतिशत
समानीकरण अनुदान	१४८.८१	१००.३	६७.४१	१७४.३६	११८.५७	६८.००	१६६.२५	१२४.०५	७४.६२
सशर्त अनुदान	२५१.५०	२२०.४	८७.६३	२९५.०१	२६९.२५	९१.२७	२३८.३४	२३३.५५	९७.९९
समपूरक अनुदान	२४२.४१	१५०.८	६२.२०	२३०.६३	२०१.३४	८७.३०	१६२.००	१६०.१२	९८.८४
विशेष अनुदान	३६.५३	२३.४४	६४.१७	६६.४९	५५.८	८३.९२	४९.४५	४८.५२	९८.१२
जम्मा अनुदान	**६७९.२५**	**४९४.९**	**७२.८६**	**७६६.४९**	**६४४.९६**	**८४.१४**	**६१६.०४**	**५६६.२४**	**९१.९२**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.२९ आर्थिक वर्ष २०८०/८१ मा समानीकरण अनुदान जम्मा निकासाको ७४.६२ प्रतिशत, सशर्त अनुदान ९७.९९ प्रतिशत, समपुरक अनुदान ९८.८४ प्रतिशत र विशेष अनुदान ९८.१२ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्ष २०७९/८० मा यस्तो खर्च क्रमशः ६८ प्रतिशत, ९१.२७ प्रतिशत, ८७.३० प्रतिशत र ८३.९२ प्रतिशत रहेको थियो।

प्रदेशगत स्थानीय तहको खर्चको अवस्था

२.३० आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहको कुल खर्च बजेटको ७६.८ प्रतिशत रहेको छ। बागमती प्रदेशमा रहेका स्थानीय तहले ७०.७४ प्रतिशत खर्च गरेका छन्।

२.३१ आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहको पुँजीगत खर्च पुँजीगत बजेटको ६६.६ प्रतिशत रहेको छ। बागमती प्रदेशमा रहेका स्थानीय तहले पुँजीगत बजेटको ६१.०६ प्रतिशत खर्च गरेका छन्।

तालिका २(ज): प्रदेशगत स्थानीय तहको खर्च अवस्था (रू. करोडमा)

प्रदेशगत स्थानीय तह	बजेट (रू. करोडमा)#				खर्च (रू. करोडमा)				खर्च प्रतिशत
	चालु	पुँजीगत	वित्तीय	जम्मा	चालु	पुँजीगत	वित्तीय	जम्मा	
कोशी	५७८०	३३५६	१२	९१४८	४९५३	२४१६	९	७३७९	८०.६६
मधेश	५३६६	३२७१	४	८६४२	४२४०	१९८४	०	६२२५	७२.०३
बागमती	**७२४६**	**७०१४**	**२६**	**१४२८६**	**५८०५**	**४२८३**	**१९**	**१०१०६**	**७०.७४**
गण्डकी	३७०२	२१८६	१	५८८९	३१४६	१५५४	०	४७००	७९.८१
लुम्बिनी	५०८३	२८५९	६	७९४८	४२८५	२००५	५	६२९५	७९.२०
कर्णाली	२८७५	१४५५	२	४३३२	२५०६	१०२६	१	३५३३	८१.५४
सुदूरपश्चिम	३४८२	१४५६	१	४९३९	३०३४	११०८	१	४१४३	८३.८७
जम्मा	३३५३४	२१५९८	५१	५५१८३	**२७९६८**	**१४३७६**	**३५**	**४२३७९**	७६.८०

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय #अन्तिम कायम बजेट

स्थानीय तहको खर्चको अवस्था

२.३२ चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहको कुल खर्च २०.६ प्रतिशतले घटेर रू. १ खर्ब ९३ अर्ब ६१ करोड रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म कुल खर्चमध्ये बागमती प्रदेशमा रहेका स्थानीय तहको खर्च भार सबैभन्दा बढी ०.२२ रहेको छ भने सबैभन्दा कम खर्च भार कर्णाली प्रदेशमा रहेका स्थानीय तहको ०.०८ रहेको छ।

तालिका २(झ): प्रदेशगत स्थानीय तहको खर्च अवस्था* (रू.करोडमा)

स्थानीय तह भएका प्रदेश	चालु खर्च	पुँजीगत खर्च	वित्तीय व्यवस्था	कुल खर्च	खर्च भार
कोशी	२६६१.९	८३४.५	७.७	३५०४	०.१८
मधेश	२३५२.६	६९१.८	०.२	३०४५	०.१६
बागमती	**२९८६.१**	**१२७७.४**	**१४.५**	**४२७८**	**०.२२**
गण्डकी	१६४२.४	४९७.३	०.९	२१४१	०.११
लुम्बिनी	२२६८.५	६२०.३	१.९	२८९१	०.१५
कर्णाली	१२३०.१	२७४.२	२.१	१५०६	०.०८
सुदूरपश्चिम	१६२८.०	३६८.१	०.३	१९९६	०.१०
जम्मा	**१४७६९.५**	**४५६३.७**	**२७.६**	**१९३६१**	**१.००**


स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय *फागुनसम्म

प्रदेश सरकारको आय

२.३३ बागमती प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्र अनुसार संकलन गर्नु पर्ने कर तथा गैर कर राजस्व सालवसाली आर्थिक ऐन बमोजिम राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System -RMIS) मार्फत संकलन गर्ने गरेको छ।

२.३४ बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६, २०७६/७७, २०७७/७८, २०७८/७९, २०७९/८० र २०८०/८१ मा वार्षिक अनुमानको क्रमशः ९४.८३, १०१.६०, ११९.४०, १२५.६६, १०८.३३ र १०६.७५ प्रतिशत आय प्राप्त गरेको थियो। प्राप्त रकमको विश्लेषण गर्दा आर्थिक वर्ष २०७५/७६ बाहेक अन्य आर्थिक वर्षहरुमा लक्ष्य भन्दा बढी प्राप्त भएको छ।

चार्ट २(ज): प्रदेश सरकारको वार्षिक अनुमान तथा प्राप्त आय (रकम रू. करोडमा)



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१ *फागुनसम्मको प्राप्ति

२.३५ चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म वार्षिक अनुमानको ६९.०५ प्रतिशत राजस्व प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ७९.८२ राजस्व प्राप्त भएको थियो। आर्थिक वर्ष २०८१/८२ को फागुनसम्मको राजस्व प्राप्ति २०८०/८१ को सोही अवधिको तुलनामा १०.९६ प्रतिशत न्यून हो।

२.३६ अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७६/७७ मा ४३.१७ प्रतिशत, आर्थिक वर्ष २०७७/७८ मा २७.०३ प्रतिशत, आर्थिक वर्ष २०७८/७९ मा १८.०९ प्रतिशत र आर्थिक वर्ष २०७९/८० मा ५.९५ प्रतिशतले बागमती प्रदेश सरकारको कुल आय वृद्धि

भएको थियो। आर्थिक वर्ष २०८०/८१ भने प्रदेश सरकारको कुल आय १३.०३ प्रतिशतले घटेको थियो।

तालिका २(ञ): प्रदेश सरकारको वार्षिक अनुमान र प्राप्त आय

आर्थिक वर्ष	वार्षिक आय अनुमान (रू. करोडमा)	प्राप्त आय (आन्तरिक राजस्व, वाँडफाँट बाट प्राप्त राजस्व र नगद मौज्दात समेत) (रू. करोडमा)	अनुमानको संकलन प्रतिशत	अनुमान वृद्धि प्रतिशत	यथार्थ प्राप्त वृद्धि प्रतिशत
२०७५/७६	३५६१.००	३३७७.००	९४.८३	-	-
२०७६/७७	४७६०.००	४८३५.००	१०१.६०	३३.६७	४३.१७
२०७७/७८	५१४२.००	६१४२.००	११९.४०	८.०३	२७.०३
२०७८/७९	५७७२.०९	७२५३.२७	१२५.६६	१२.२५	१८.०९
२०७९/८०	७०९३.९३	७६८४.६६	१०८.३३	२२.९०	५.९५
२०८०/८१	६२७०.९१	६६८२.९७	१०६.७५	-११.६०	-१३.०३
२०८०/८१	६२७०.९१	५००५.१४*	७९.८२	-११.६०	-
२०८१/८२	६४५४.०४	४४५६.५३*	६९.०५	२.९२	-

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१ *फागुनसम्मको प्राप्ति

आय/राजस्व संरचना

२.३७ चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रदेश सञ्चित कोषमा रू. ४४ अर्ब ५६ करोड अर्थात् वार्षिक अनुमानको ६९.०५ प्रतिशत आय प्राप्त भएको छ। सो आयमा कर राजस्व, गैर कर राजस्व, वित्तीय हस्तान्तरण र नगद मौज्दातको हिस्सा क्रमशः ३०.७१ प्रतिशत, ५.८२ प्रतिशत, १८.३८ प्रतिशत र ४५.०९ प्रतिशत रहेको छ। कुल राजस्वमा कर राजस्वको हिस्सा ८४.०६ प्रतिशत र गैर कर राजस्वको हिस्सा १५.९४ प्रतिशत रहेको छ। कुल आयमा राजस्व र अन्य प्राप्तिको अंश क्रमशः ३६.५३ प्रतिशत र ६३.४७ प्रतिशत छ।

तालिका २(ट): विगत ५ वर्षको बागमती प्रदेश सरकारको आय संरचना (रकम रू. करोडमा)

विवरण	आर्थिक वर्ष					प्रतिशत परिवर्तन			
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२*	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
कर राजस्व	२०७८.००	२५७०.९२	२१०३.०४	२०७०.४८	१३६८.५६	१८.६२	२३.७२	-१८.२०	-१.५५
गैर राजस्व	४८५.००	६३२.३३	४९०.७७	४७९.९६	२५९.५७	६९.५८	३०.३८	-२२.३९	-२.२०
कुल राजस्व	**२५६३.००**	**३२०३.२५**	**२५९३.८१**	**२५५०.४४**	**१६२८.१३**	**२५.७७**	**२४.९८**	**-१९.०३**	**-१.६७**

विवरण	आर्थिकवर्ष					प्रतिशत परिवर्तन			
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२*	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
वित्तीय हस्तान्तरण	१६९१.००	१५६७.५५	१७३९.६६	१३७१.७०	८१९.००	१.७०	-७.३०	१०.९८	-२१.१५
नगद मौज्दात, वेरुजु, निकासा फिर्ता र अनुदान फिर्ता	१८६१.००	२४७८.०९	३३४०.०७	२६९०.५६	२००९.४०	६४.३३	३३.१६	३४.७८	-१९.४५
ऋण लगानी फिर्ता	२७.००	४.३८	११.११	७०.२७	०.००	०.००	-८३.७६	१५३.४४	५३२.३८
कुल सरकारी आय	**६१४३.००**	**७२५३.२७**	**७६८४.६६**	**६६८२.९७**	**४४५६.५३**	**२७.०८**	**१८.०७**	**५.९५**	**-१३.०३**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१ *फागुनसम्मको प्राप्ति

राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाट प्राप्त आय

२.३८ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट जम्मा रू. ३४ अर्ब ८३ करोड १६ लाख संकलन हुने अनुमान गरेकोमा फागुनसम्म रू. १६ अर्ब ४१ करोड ६७ लाख अर्थात् लक्ष्यको तुलनामा ४७.१३ प्रतिशत राजस्व प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा वार्षिक अनुमानको ४९.७३ प्रतिशत राजस्व प्राप्त भएको थियो।

तालिका २(ठ): राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाट प्राप्त आय (रू. करोडमा)

राजस्वको प्रकार	आर्थिक वर्ष						फागुनसम्म			
	२०७८/७९		२०७९/८०		२०८०/८१		२०८०/८१		२०८१/८२	
	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति
मूल्य अभिवृद्धि कर	६८३.९२	७३९.७८	८२८.५०	६८२.९७	७७९.८८	६७५.३८	७७९.८८	३९३.०८	८६१.८५	४९९.३१
अन्तःशुल्क	२९३.११	२५४.७८	३५५.०७	२४८.०६	३३४.२३	२३२.१२	३३४.२३	१२८.२६	३६९.३७	१६८.६७
घर जग्गा रजिष्ट्रेशन शुल्क	६८५.००	९८४.१०	७८५.००	५४८.८७	६७५.००	५४८.९३	६७५.००	२१७.५२	७७०.००	२६६.९९
सवारी साधन कर	६५०.००	५८६.६२	७२५.००	६१४.५७	७२५.००	६११.५७	७२५.००	४३८.७२	७५०.००	४३३.२४
रोयल्टी बाँडफाँट	४२.२७	४६.८६	४८.४६	०.००	५१.४७	४९.४२	५१.४७	४९.४२	५७.४२	०.००
अन्य राजस्व	७१५.१०	६०२.२०	५८३.०३	५२१.६१	४८३.५७	४४३.७७	४८३.५७	२७८.३८	६११.४४	२६६.०४

राजस्वको प्रकार	आर्थिक वर्ष						फागुनसम्म			
	२०७८/७९		२०७९/८०		२०८०/८१		२०८०/८१		२०८१/८२	
	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति
अनुदान फिर्ता	१००.००	१३६.७१	१००.००	१३४.७८	१०५.००	६४.०१	१०५.००	६३.०८	६३.०८	७.४२
कुल राजस्व (नगद मौज्दात र अनुदान बाहेक)	**३१६९.४०**	**३३५१.०५**	**३४२५.०५**	**२७५०.८६**	**३१५४.१५**	**२६२५.२०**	**३१५४.१५**	**१५६८.४५**	**३४८३.१६**	**१६४१.६७**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.३९ चालु आर्थिक वर्षको फागुनसम्म राजस्व बाँडफाँटबाट प्राप्त मूल्य अभिवृद्धि कर, अन्त शुल्क, घरजग्गा रजिष्ट्रेशन दस्तुर र सवारी साधन करको हिस्सा क्रमशः ३०.४१, १०.२७, १६.२६ र २६.३९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः २५.०६, ८.१८, १३.८७ र २७.९७ प्रतिशत रहेको थियो।


घरजग्गा रजिष्ट्रेशन शुल्क

२.४० प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा ९ मा भएको व्यवस्था अनुसार सालवसाली आर्थिक ऐनमार्फत घरजग्गा रजिष्ट्रेशन शुल्क मालपोत कार्यालयहरूबाट संकलन हुने व्यवस्था गरिएको छ। संकलित उक्त राजस्व रकम मालपोत कार्यालयहरूले मासिक रूपमा बाँडफाँट गरी ६० प्रतिशत सम्बन्धित स्थानीय तहलाई र ४० प्रतिशत प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था रहेको छ।

२.४१ आर्थिक वर्ष २०८०/८१ मा घरजग्गा रजिष्ट्रेशन शुल्क वापत रू. ६ अर्ब ७५ करोड संकलन गर्ने अनुमान रहेकोमा रू. ५ अर्ब ४८ करोड अर्थात लक्ष्यको ८१.३२ प्रतिशत संकलन भएको थियो। आर्थिक वर्ष २०७९/८० मा वार्षिक अनुमानको ६९.९२ प्रतिशत संकलन भएको थियो।

२.४२ आर्थिक वर्ष २०८१/८२ मा घरजग्गा रजिष्ट्रेशन शुल्क वापत रू. ७ अर्ब ७० करोड संकलन गर्ने अनुमान गरिएकोमा फागुनसम्म वार्षिक अनुमानको ३४.६७ प्रतिशत अर्थात रू. २ अर्ब ६६ करोड ९९ लाख संकलन भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व वार्षिक अनुमानको ३२.२३ प्रतिशत संकलन भएको थियो।

चार्ट २(झ): बागमती प्रदेशमा संकलन भएको घर जग्गा रजिष्ट्रेशन शुल्क



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१ * फागुनसम्म

२.४३ आर्थिक वर्ष २०७८/७९ भन्दा अगाडिका आर्थिक वर्षहरुमा घर जग्गा रजिष्ट्रेशन शुल्क अनुमानित लक्ष्य भन्दा बढी संकलन भएकोमा आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा लक्ष्य अनुसार संकलन हुन सकेन।

सवारी साधन कर बाँडफाँट

२.४४ प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १० मा भएको व्यवस्था बमोजिम प्रदेश सरकारले संकलन गरेको सवारी साधन कर प्रदेश विभाज्य कोषमा जम्मा गरी संकलनको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत सम्बन्धित स्थानीय तहहरुको सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्ने गरिन्छ।

२.४५ आर्थिक वर्ष २०८०/८१ मा सवारी साधन करको वार्षिक लक्ष्य रू. १२ अर्ब ८ करोड ३३ लाख रहेकोमा रू. १० अर्ब १९ करोड २९ लाख अर्थात लक्ष्यको ८४.३६ प्रतिशत संकलन भई प्रदेश विभाज्य कोषमा जम्मा भएको थियो भने आर्थिक वर्ष २०७९/८० मा रू. १० अर्ब २४ करोड २८ लाख संकलन भएको थियो।

२.४६ चालु आर्थिक वर्ष २०८१/८२ मा सवारी साधन करको वार्षिक लक्ष्य रू. १२ अर्ब ५० करोड रहेकोमा फागुनसम्म रू. ७ अर्ब २२ करोड ७ लाख अर्थात लक्ष्यको ५७.७७ प्रतिशत संकलन भएको छ। गत आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा यो कर वापत रू. ७ अर्ब ३१ करोड २० लाख राजस्व संकलन भएको थियो।


तालिका २(ङ): सवारी साधन कर बाँडफाँट (रू. करोडमा)

आर्थिक वर्ष		वार्षिक अनुमानित लक्ष्य	प्रदेश विभाज्य कोषमा जम्मा	बाँडफाँट भएको राजस्व	
				प्रदेश राजस्व हिस्सा	स्थानीय विभाज्य कोषमा
२०७५/७६		-	६५०.३८	३९०.२२	२६०.१५
२०७६/७७		६६६.६७	६४९.३१	३८९.५१	२५९.७२
२०७७/७८		९१६.६७	८२५.२४	४९५.१४	३३०.०९
२०७८/७९		१०८३.३३	९७७.७	५८६.६२	३९१.०८
२०७९/८०		१२०८.३३	१०२४.२८	६१४.५७	४०९.७१
२०८०/८१		१२०८.३३	१०१९.२९	६११.५७	४०७.७२
फागुनसम्म	२०८०/८१	१२०८.३३	७३१.२०	४३८.७२	२९२.४८
	२०८१/८२	१२५०.००	७२२.०७	४३३.२४	२८८.८३

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.४७ आर्थिक वर्ष २०८०/८१ मा जम्मा रू. १० अर्ब १९ करोड २९ लाख सवारी साधन कर संकलन भएकोमा प्रदेश सञ्चित कोषमा रू. ६ अर्ब ११ करोड ५७ लाख र प्रदेश भित्रका ११९ स्थानीय तहलाई रू. ४ अर्ब ७ करोड ७२ लाख बाँडफाँट गरिएको थियो। चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म जम्मा रू. ७ अर्ब २२ करोड ७ लाख सवारी साधन कर संकलन भएकोमा प्रदेश सञ्चित कोषमा रू. ४ अर्ब ३३ करोड २४ लाख र प्रदेश भित्रका ११९ स्थानीय तहलाई रू. २ अर्ब ८८ करोड ८३ लाख बाँडफाँट गरी सम्बन्धित स्थानीय तहहरुको सञ्चित कोषमा जम्मा गरिएको छ।

चार्ट २(ञ): बागमती प्रदेशमा संकलन भएको सवारी साधन कर बाँडफाँट (रु करोडमा)



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, *२०८१ फागुनसम्म

२.४८ आर्थिक वर्ष २०७८/०७९, २०७९/८० र २०८०/८१ मा सवारी साधन कर तथा यातायात क्षेत्रसँग सम्बन्धित अन्य आम्दानी समेत गरी क्रमशः रू. ७ अर्ब ९६ करोड ५९ लाख, रू. ८ अर्ब ६० करोड ३९ लाख र ८ अर्ब ९८ करोड ५१ लाख संकलन भएको थियो।

२.४९ चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बाँडफाँटबाट प्राप्त सवारी साधन कर र यातायात क्षेत्रसँग सम्बन्धित अन्य आम्दानी समेत रू. ६ अर्ब ३० करोड २७ लाख संकलन भएको छ, जुन वार्षिक लक्ष्यको ५९.४५ प्रतिशत हो। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रू. ६ अर्ब २५ करोड ९० लाख अर्थात वार्षिक लक्ष्यको ६३.४४ प्रतिशत प्राप्त भएको थियो।

तालिका २(ढ): विगत ६ आर्थिक वर्षको सवारी साधन कर बाँडफाँट पछिको विवरण (रू. करोडमा)

राजस्वको प्रकार	२०७७/७८		२०७८/७९		२०७९/८०		२०८०/८१		२०८०/८१		२०८१/८२	
	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति	अनुमान	प्राप्ति*	अनुमान	प्राप्ति*
सवारी साधन कर	५५०.००	४९५.१४	६५०.००	५८६.६२	७२५.००	६१४.५७	७२५.००	६११.५७	७२५.००	४३८.७२	७५०.००	४३३.२४
चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर	७९.०४	८२.७८	९.९०	१४८.००	१३५.७६	१७२.८१	१७६.५६	२१३.४२	१७६.५६	१३८.५४	२२५.०९	१५२.६४
यातायातक्षेत्रको आम्दानी	५२.१९	४३.६६	८८.००	६१.९७	९०.००	७३.०१	८५.००	७३.५२	८५.००	४८.६४	८५.००	४४.३९
जम्मा	**६८१.२३**	**६२१.५८**	**७४७.९०**	**७९६.५९**	**९५०.७६**	**८६०.३९**	**९८६.५६**	**८९८.५१**	**९८६.५६**	**६२५.९०**	**१०६०.०९**	**६३०.२७**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१ *फागुनसम्मको

संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण

२.५० अन्तरसरकारी वित्तीय हस्तान्तरण तर्फ आर्थिक वर्ष २०८०/८१ मा रू. १७ अर्ब ८१ करोड २३ लाख संघीय सरकारबाट वित्तीय हस्तान्तरण अनुदान प्राप्त गर्ने अनुमान गरिएकोमा रू. १३ अर्ब ७१ करोड ७० लाख अर्थात् वार्षिक अनुमानको ७७.०१ प्रतिशत प्राप्त भएको थियो, जुन आर्थिक वर्ष २०७९/८० को तुलनामा २१.१५ प्रतिशतले कम हो। आर्थिक वर्ष २०७९/८० मा रू. २१ अर्ब ६ करोड ८७ लाख अनुमान गरिएकोमा रू. १७ अर्ब ३९ करोड ६६ लाख अर्थात् वार्षिक अनुमानको ८२.५७ प्रतिशत प्राप्त भएको थियो। जुन आर्थिक वर्ष २०७८/७९ को तुलनामा १०.९८ प्रतिशतले बढी हो।

२.५१ प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८१/८२ को आय अनुमानमा संघीय सरकारबाट प्राप्त हुने अनुदान रू. १५ अर्ब ५७ करोड ५६ लाख रहेको छ। जुन प्रदेश सरकारको

चालु आर्थिक वर्षको कुल बजेटको २४.१३ प्रतिशत हो। चालु आर्थिक वर्षको फागुनसम्म वार्षिक अनुमानको ५२.५८ प्रतिशत वित्तीय हस्तान्तरण प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।

तालिका २(ण): संघीय सरकारबाट प्राप्त भएको वित्तीय हस्तान्तरणको अनुमान र प्राप्ति (रू. करोडमा)

अनुदानको किसिम	२०७७/७८			२०७८/७९			२०७९/८०			२०८०/८१		
	अनुमान	प्राप्ति	प्रतिशत	अनुमान	प्राप्ति	प्रतिशत	अनुमान	प्राप्ति	प्रतिशत	अनुमान	प्राप्ति	प्रतिशत
समानीकरण अनुदान	७७१.७१	७७१.७१	१००.००	७८५.९०	७८५.९०	१००.००	८४०.४६	७३५.४०	८७५०	८०१.३५	५९३.८८	७४.११
वृद्धिदर	१.५९	१.५९	०.००	१.८४	१.८४	०.००	६.९४	-६.४३	-१२.५०	-४.६५	-१९.२४	-१५.३०
सशर्त अनुदान	८८४.४५	७८८.९३	८९.२०	७९३.४६	६६८.३३	८४.२३	१०८३.४१	८२१.२५	७५.८०	७७६.८८	५७४.८२	७३.९९
वृद्धिदर	१८.४८	-१.१२	-१६.५४	-१०.२९	-१५.२९	-५.५७	३६.५४	२२.८८	-१०.०१	-२८.२९	-३०.०१	-२.३९
समपूरक अनुदान	८१.८२	८१.८२	१००.००	५७.४८	५७.४८	१००.००	१०४.००	१०४.००	१००.००	१३०.००	१३०.००	१००.००
वृद्धिदर	-५९.०९	२६.५४	२०९.३१	-२९.७५	-२९.७५	०.००	८०.९३	८०.९३	०.००	२५.००	२५.००	०.००
विशेष अनुदान	४९.००	४९.००	१००.००	५५.८४	५५.८४	१००.००	७९.००	७९.००	१००.००	७३.००	७३.००	१००.००
वृद्धिदर	-५१.००	१९.५१	१४३.९०	१३.९६	१३.९६	०.००	४१.४८	४१.४८	०.००	-७५.९	-७५.९	०.००
जम्मा अनुदान	**१७८६.९८**	**१६९१.४६**	**९४.६५**	**१६९२.६८**	**१५६७.५५**	**९२.६१**	**२१०६.८७**	**१७३९.६६**	**८२.५७**	**१७८१.२३**	**१३७१.७०**	**७७.०१**
वृद्धिदर प्रतिशत	**-१.११**	**१.७०**	**२.८५**	**-५.२८**	**-७३३**	**-२१६**	**२४.४७**	**१०.९८**	**-१०.८४**	**-१५.४६**	**-२१.१५**	**-६.७४**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

२.५२ अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत चार प्रकारका अनुदानमा आर्थिक वर्ष २०७७/७८, २०७८/७९, २०७९/८० र २०८०/८१ को फागुनसम्ममा क्रमशः रू. ८ अर्ब ४३ करोड ४८ लाख, रू. ९ अर्ब ४८ करोड १९ लाख, रू. ९ अर्ब ४९ करोड र रू. ८ अर्ब २० करोड ८९ लाख प्राप्त भएको थियो। चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म रू. ८ अर्ब १९ करोड वित्तीय हस्तान्तरण अनुदान रकम प्राप्त भएको छ।

तालिका २(त): फागुनसम्म वित्तीय हस्तान्तरण अनुदानको अनुमान र प्राप्ति (रू. करोडमा)

अनुदानको प्रकार	२०७८/७९			२०७९/८०			२०८०/८१			२०८१/८२		
	वार्षिक अनुमान	फागुनसम्को प्राप्ति	प्रगति प्रतिशत	वार्षिक अनुमान	फागुनसम्को प्राप्ति	प्रगति प्रतिशत	वार्षिक अनुमान	फागुनसम्को प्राप्ति	प्रगति प्रतिशत	वार्षिक अनुमान	फागुनसम्को प्राप्ति	प्रगति प्रतिशत
समानीकरण अनुदान	७८५.९	५२३.९३	६६.७	८४०.४६	४७६.६०	५६.७१	८०१.३५	४४६.६१	५५.७३	८२४.३४	५२१.३१	६३.२४
सशर्त अनुदान	७९३.४६	३४८.७१	४४	१०८३.४२	३८०.९०	३५.१६	७७६.८८	२७२.७७	३५.११	५४८.५९	२०५.३७	३७.४४

अनुदानको प्रकार	२०७८/७९			२०७९/८०			२०८०/८१			२०८१/८२		
	वार्षिक अनुमान	फागुनसम्को प्राप्ति	प्रगति प्रतिशत	वार्षिक अनुमान	फागुनसम्को प्राप्ति	प्रगति प्रतिशत	वार्षिक अनुमान	फागुनसम्को प्राप्ति	प्रगति प्रतिशत	वार्षिक अनुमान	फागुनसम्को प्राप्ति	प्रगति प्रतिशत
समपूरक अनुदान	५७.४८	३८.३२	६६.७	१०४.००	५२.००	५०.००	१३०.००	६५.००	५०.००	८५.५०	४२.७५	५०.००
विशेष अनुदान	५५.८४	३७.२३	६६.७	७९.००	३९.५०	५०.००	७३.००	३६.५०	५०.००	९९.१३	४९.५७	५०.०१
जम्मा अनुदान	**१६९२.३**	**९४८.१९**	**५६**	**२१०६.८८**	**९४९.००**	**४५.०४**	**१७८१.२३**	**८२०.८९**	**४६.०९**	**१५५७.५६**	**८१९.००**	**५२.५८**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

संघीय सरकारबाट प्राप्त अनुदानको बचत रकम फिर्ता

२.५३ आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारबाट वित्तीय हस्तान्तरण मार्फत रू. १३ अर्ब ७१ करोड ७० लाख प्राप्त भएकोमा रू. ११ अर्ब ४३ करोड ४ लाख अर्थात् कुल प्राप्ति रकमको ८३.३३ प्रतिशत मात्र खर्च भएको थियो। आर्थिक वर्ष २०७९/८० मा रू. १७ अर्ब ३९ करोड ६६ लाख प्राप्त भएकोमा रू. १२ अर्ब ९३ करोड ६७ लाख अर्थात् कुल प्राप्ति रकमको ७४.५४ प्रतिशत मात्र खर्च भएको थियो।

२.५४ अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान बाहेक अन्य अनुदान (सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान) मा प्राप्त अनुदान रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बचत भएमा बचत रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने संघीय विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७९/८० मा रू. ३ अर्ब ८२ करोड र आर्थिक वर्ष २०८०/८१ मा रू. २ अर्ब ३५ करोड ७८ लाख बचत रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला गरिएको थियो।

तालिका २(थ): संघीय सरकारको वित्तीय हस्तान्तरण अनुदान बचत फिर्ता (रू. करोडमा)

अनुदानको प्रकार	२०७७/७८			२०७८/७९			२०७९/८०			२०८०/८१		
	प्राप्ति	खर्च	फिर्ता	प्राप्ति	खर्च	फिर्ता	प्राप्ति	खर्च	फिर्ता	प्राप्ति	खर्च	फिर्ता
समानीकरण अनुदान	७७१.७१	५९१.७५	-	७८५.९०	५८५.४४	-	७३५.४०	६७५.०७	-	५९३.८८	६०१.००	-
सशर्त अनुदान	७८८.९३	६००.००	१८८.९३	६६८.३३	४७६.९३	१९१.४१	८२१.२५	५३८.९२	२८२.३३	५७४.८२	३९०.०७	१८४.७५
समपूरक अनुदान	८१.८२	४४.०२	३७.८०	५७.४८	२१.८२	३५.६६	१०४	४०.८६	६३.१४	१३०.००	९४.५५	३५.४५
विशेष अनुदान	४९.००	२७.०५	२१.९५	५५.८४	२३.२७	३२.५७	७९	४१.८२	३७.१८	७३.००	५७.४२	१५.५८
जम्मा अनुदान	**१६९१.४६**	**१२६२.८२**	**२४८.६८**	**१५६७.५५**	**११०७.५५**	**२५९.६४**	**१७३९.६६**	**१२९६.६७**	**३८२.६६**	**१३७१.७०**	**११४३.०४**	**२३५.७८**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८१

प्रदेश सञ्चित कोष

२.५५ २०८१ असारसम्म सात वटै प्रदेशको सञ्चित कोष रू. ५० अर्ब ९१ करोड बचतमा रहेको छ भने बागमती प्रदेशको प्रदेश सञ्चित कोष रु १९ अर्ब ९६ करोड बचतमा रहेको छ। २०८० असार मसान्तमा बागमती प्रदेश सञ्चित कोष रू. २६ अर्ब १६ करोड बचतमा रहेको थियो।

तालिका २(द): आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सञ्चित कोषको प्राप्ति र भुक्तानी (रू. करोडमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
१. राजस्व, अनुदान र अन्य प्राप्ति	२७०६	२६०३	**३७६१**	२०४७	२४७२	१९२३	१८३०	**१७३४१**
राजस्व	१३१०	१४१०	**२५५०**	१०६५	१३६८	८०४	८५४	**९३६१**
कर	११५७	१२८२	**२०७०**	९०२	११८३	७७७	८१७	**८१८८**
अन्य राजस्व	१५२	१२८	**४८०**	१६३	१८५	२७	३७	**११७३**
अनुदान (नेपाल सरकार)	१३६४	११६२	**११३६**	९५७	१०६९	१०९८	९६५	**७७५१**
बेरूजु तथा अन्य प्राप्ति	३२	३१	**७५**	२५	३५	२१	११	**३२**
२.वित्तीय व्यवस्थाबाट प्राप्ति	०.०	०.०	**७०.३**	०.०	०.०	०.०	०.०	**७०**
३. यस वर्षको खुद प्राप्ति (१+२)	२७०६	२६०३	**३८३१**	२०४७	२४७२	१९२३	१८३०	**१७४१२**
४. भुक्तानी	२८०३	२४५४	**४४५१**	२२२१	२६४४	१९८७	१८५१	**१८४११**
५. समायोजन	०	-१	**०**	०	०	०	०	**-१**
६. यस वर्षको भुक्तानी (४+५)	२८०३	२४५४	**४४५१**	२२२१	२६४४	१९८७	१८५१	**१८४१०**
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	-९७	१४९	**-६२०**	-१७४	-१७१	-६४	-२१	**-९९९**
८. आर्थिक वर्षको शुरूवातको मौज्दात	५२०	१२५८	**२६१६**	२९३	२५२	६९५	४५६	**६०८९**
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	**४२३**	**१४०७**	**१९९६**	**११९**	**८१**	**६३१**	**४३५**	**५०९१**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

सहुलियतपूर्ण ऋण लगानी

२.५६ बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ देखि उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यक्रम साना किसान विकास लघुवित्त वित्तीय संस्था र कृषि विकास बैंकलाई शून्य ब्याजदरमा ऋण उपलब्ध गराउने तथा यी संस्थाहरुले सञ्चालन खर्च बापत ३ प्रतिशत भन्दा नबढ्ने गरी सेवा शुल्क लिन सक्ने गरी सुरुवात गरेको थियो।

२.५७ २०८१ फागुनसम्म बागमती प्रदेश सरकारले सहुलियतपूर्ण ऋण लगानीको लागि कृषि विकास बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई कुल रू. ३ अर्ब ३० करोड ऋण उपलब्ध गराएकोमा रू. १ अर्ब ८१ करोड ७ लाख ५७ हजार प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ भने रू. १ अर्ब ४८ करोड ९२ लाख ४२ हजार फिर्ता आउन बाँकी रहेको छ।

२.५८ बागमती प्रदेश सरकारले बैंक तथा वित्तीय संस्थामा सहुलियतपूर्ण ऋण लगानीको लागि कृषि विकास बैंकलाई आर्थिक वर्ष २०८०/८१ सम्म रू. १ अर्ब ६६ करोड ऋण उपलब्ध गराएकोमा रू. १ अर्ब १० करोड ८० लाख ५७ हजार प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ भने रू. ५५ करोड १९ लाख ४२ हजार ऋण फिर्ता हुन बाँकी रहेको छ। त्यसैगरी साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आर्थिक वर्ष २०८०/८१ सम्म कुल रू. १ अर्ब ६४ करोड यस्तो ऋण उपलब्ध गराएकोमा आर्थिक वर्ष २०८०/८१ सम्म रू. ७० करोड २७ लाख प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ भने रू. ९३ करोड ७३ लाख ऋण फिर्ता हुन बाँकी रहेको छ।

तालिका २(घ): सहुलियतपूर्ण कर्जाको विवरण (रू. हजारमा)

आर्थिक वर्ष	लगानी			सौंवा फिर्ता		फिर्ता आउन बाँकी
	कृषि विकास बैंक लिमिटेड	साना किसान विकास लघुवित्त वित्तिय संस्था	जम्मा	कृषि विकास बैंक लिमिटेड	साना किसान विकास लघुवित्त वित्तिय संस्था	
२०७७/०७८	८००,०००.००	६००,०००.००	१,४००,०००.००	२७०,६३७.००	-	१,१२९,३६३.००
२०७८/०७९	५००,०००.००	८००,०००.००	१,३००,०००.००	४३,८४५.००	-	१,२५६,१५५.००
२०७९/०८०	३६०,०००.००	२४०,०००.००	६००,०००.००	१११,१२०.००	-	४८८,८८०.००
२०८०/०८१	-	-	-	-	७०२,७००.००	-
२०८१/०८२	-	-	-	६८२४५५.८६	-	-
जम्मा	**१,६६०,०००.००**	**१,६४०,०००.००**	**३,३००,०००.००**	**११,०८,०५७.८६**	**७०२,७००.००**	**१४,८९,२४२.१४**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश २०८१

३. वित्तीय क्षेत्र

३.१ वित्तीय क्षेत्रको विकास र बिस्तार भई बैंकिङ, बीमा तथा पुँजी बजारमा नागरिकको सहज पहुँच स्थापित भएको छ। बागमती प्रदेशका सबै स्थानीय तहहरुमा बैंक तथा वित्तीय संस्थाको शाखा पुगी सेवा प्रवाह भएको छ। बीमा तथा पुँजी बजार क्षेत्रमा समेत क्रमशः बीमक कम्पनी र धितोपत्र दलालहरुको शाखा बिस्तार हुन गई लगानीकर्ताको सहभागिता वृद्धि भएको छ।

वित्तीय संरचना तथा वित्तीय सेवा विस्तार

३.२ २०८१ फागुन मसान्तसम्म देशभर नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त जम्मा बैंक तथा वित्तीय संस्थाको संख्या १०७ रहेकोमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन्। देशभर बैंक तथा वित्तीय संस्थाका ११ हजार ५ सय ४३ शाखाहरु रहेकोमा बागमती प्रदेशमा ३ हजार ४१ वटा अर्थात् कुल शाखाको २६ प्रतिशत शाखाहरु रहेको देखिन्छ। प्रदेशको जनसंख्याको आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा प्रति शाखा औसत २ हजार ११ जनामा वित्तीय सेवाको पहुँच पुगेको छ।

तालिका ३(क): प्रदेशगत रुपमा बैंक तथा वित्तीय संस्थाका शाखा*

प्रदेश	वाणिज्य बैंक	विकास बैंक	वित्त कम्पनी	लघुवित्त संस्था	जम्मा	अंश (प्रतिशत)	जनसंख्या (प्रतिशाखा)
कोशी	७६२	१९५	३६	८५२	१८४५	१६	२६८९.११
मधेश	५८१	८४	५३	१०४४	१७६२	१५	३४७०.२६
बागमती	**१८४२**	**३३५**	**१०९**	**७५५**	**३०४१**	**२६**	**२०११.४७**
गण्डकी	६०५	१८९	३७	५७१	१४०२	१२	१७५९.२२
लुम्बिनी	७४५	२५६	४७	१११८	२१६६	१९	२३६४.७६
कर्णाली	२१६	२१	३	२३८	४७८	४	३५३२.२४
सुदूरपश्चिम	३३०	५२	६	४६१	८४९	७	३१७४.०७
जम्मा	५०८१	११३२	२९१	५०३९	११५४३	१००%	२५२६.६०

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

*२०८१ फागुनसम्म

३.३ बागमती प्रदेशमा आर्थिक वर्ष २०८०/८१ सम्म बैंक तथा वित्तीय संस्थाको शाखा ३ हजार ३८ रहेकोमा २०८१ फागुनसम्म शाखाहरु विस्तार भई ३ हजार ४१ पुगेका छन् जसमध्ये वाणिज्य बैंकतर्फ १ हजार ८ सय ४२, विकास बैंकतर्फ ३३५, वित्त कम्पनीतर्फ १०९ र लघुवित्त संस्थातर्फ ७५५ शाखाहरु रहेका छन्। प्रतिशाखा जनसंख्या २ हजार ११ रहेको छ।

तालिका ३(ख): बागमती प्रदेशमा बैंक तथा वित्तीय संस्थाका शाखा

आर्थिक वर्ष		वाणिज्य बैंक (क वर्ग)	विकास बैंक (ख वर्ग)	वित्त कम्पनी (ग वर्ग)	लघुवित्त संस्था (घ वर्ग)	जम्मा	जनसंख्या (प्रतिशाखा)
२०७५/७६		१२३८	३३५	७८	५५४	२२०५	२८२६
२०७६/७७		१५५३	२७५	९२	६०८	२५२८	२५४७
२०७७/७८		१६६४	२९५	९५	६८१	२७३५	२३९१
२०७८/७९		१८०७	३२१	१०६	७६९	३००३	२०२५
२०७९/८०		१८२४	३३२	१०६	७६३	३०२५	२०२२
२०८०/८१		१८३९	३३५	१०८	७५६	३०३८	२,०१३
फागुनसम्म	२०८०/८१	१८३३	३३५	१०८	७६९	३०४५	२,००८
	२०८१/८२	१८४२	३३५	१०९	७५५	३०४१	२,०११

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१ *फागुनसम्म

३.४ २०८१ फागुनसम्म प्रदेश भित्रका जिल्लाहरु मध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीका शाखा काठमाडौं जिल्लामा सबैभन्दा बढी १ हजार १ सय ३६ वटा र सबैभन्दा कम रामेछाप जिल्लामा २४ वटा सञ्चालनमा रहेका छन्। प्रतिशाखा जनसंख्या अनुपात सबैभन्दा कम रसुवा जिल्लामा १ हजार ५ सय ५६ र सबैभन्दा बढी सिन्धुली जिल्लामा ७ हजार ८ सय ९५ रहेको छ।

तालिका ३(ग): जिल्लागत बैंक तथा वित्तीय संस्थाको शाखा (लघुवित्त वित्तीय संस्था बाहेक)

जिल्ला	वाणिज्य बैंक (क वर्ग)	विकास बैंक (ख वर्ग)	वित्त कम्पनी (ग वर्ग)	जम्मा	जनसंख्या	जनसंख्या प्रतिशाखा
दोलखा	३१	३	०	**३४**	१७२७६७	५०८१.३८
रामेछाप	२२	२	०	**२४**	१७०३०२	७०९५.९२
सिन्धुली	३४	२	२	**३८**	३०००२६	७८९५.४२
काभ्रेपलाञ्चोक	७०	१४	८	**९२**	३६४०३९	३९५६.९५
सिन्धुपाल्चोक	३६	११	०	**४७**	२६२६२४	५५८७.७४

जिल्ला	वाणिज्य बैंक (क वर्ग)	विकास बैंक (ख वर्ग)	वित्त कम्पनी (ग वर्ग)	जम्मा	जनसंख्या	जनसंख्या प्रतिशाखा
रसुवा	२८	१	१	**३०**	४६६८९	१५५६.३०
नुवाकोट	४०	१५	१	**५६**	२६३३९१	४७०३.४१
धादिङ	६२	१७	०	**७९**	३२५७१०	४१२२.९१
चितवन	१६६	५३	१८	**२३७**	७१९८५९	३०३७.३८
मकवानपुर	५६	१४	८	**७८**	४६६०७३	५९७५.२९
भक्तपुर	१२५	१९	५	**१४९**	४३२१३२	२९००.२१
ललितपुर	२३५	३४	१७	**२८६**	५५१६६७	१९२८.९१
काठमाडौं	९३७	१५०	४९	**११३६**	२०४१५८७	१७९७.१७
जम्मा	१८४२	३३५	१०९	**२२८६**	६११६८६६	२६७५.७९

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

३.५ चालु आर्थिक वर्षको फागुनसम्म बागमती प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरुले निक्षेपकर्ताबाट चल्ती, बचत, मुद्दती लगायतका खातामा कुल रू. ४५ खर्ब २० अर्ब ८६ करोड ३६ लाख निक्षेप संकलन गरेका छन्, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.८३ प्रतिशतले बढी हो। आर्थिक वर्ष २०८०/८१ मा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप रू. ४३ खर्ब ३५ अर्ब ४० करोड रहेको थियो।

तालिका ३(घ): बागमती प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप र कर्जा (रू. करोडमा)

विवरण	आर्थिक वर्ष				फागुन मसान्तसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२	प्रतिशत परिवर्तन
निक्षेप संकलन	३२०८४०.८३	३५१५४६.१३	३८७७३१.७४	४३३५४०.११	४१९२६३.४५	४५२०८६.३६	७.८३
कर्जा प्रवाह	२३५६११.१७	२६३०४१.७४	२७५५२६.४६	२९८९३९.८२	२९१८६७.९४	३२०६१७.५०	९.८५

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

३.६ आर्थिक वर्ष २०८१/८२ फागुनसम्म बैंक तथा वित्तीय संस्थाको कुल कर्जा प्रवाह कुल रू. ३२ खर्ब ६ अर्ब १७ करोड ४९ लाख भएको छ। सो कर्जा लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.८५ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष

२०८०/८१ मा बैंक तथा वित्तीय संस्थाहरुको कुल कर्जा प्रवाह रू. २९ खर्ब ८९ अर्ब ३९ करोड ८२ लाख रहेको थियो।

३.७ २०८१ फागुनसम्म बागमती प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको सेवा विस्तार तर्फ नवीन प्रविधिमा आधारित एटिएम मेसिन २ हजार ३ सय ६२ सञ्चालनमा रहेका छन् भने डेबिट कार्ड ५८ लाख ७४ हजार २ सय ४६, क्रेडिट कार्ड १ लाख ८७ हजार ८ सय ९९ र प्रिपेड कार्ड १ लाख ९० हजार १ सय ८३ जारी भएको छ। त्यसैगरी मोबाइल बैंकिङ प्रयोगकर्ता र इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ताहरु क्रमशः १ करोड १ लाख ८४ हजार ५ सय २७ र १० लाख ९६ हजार ७ सय ६२ जना रहेका छन्।

३.८ बागमती प्रदेशभित्र एटिएम, डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङको ग्राहक संख्यामा क्रमशः बढोत्तरी हुँदै गएको छ।

तालिका ३(ङ): बागमती प्रदेशमा बैंकिङ सेवा विस्तार विवरण

विवरण	आर्थिक वर्ष				फागुनसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२	प्रतिशत परिवर्तन
एटिएम संख्या	२,०१९	२,१४७	२,२२४	२,३४२	२,३०६	२३६२	२.४३
डेबिट कार्ड संख्या	४,३४७,५७१	५,१५१,७१०	५,५९४,३७५	५,७०२,५९७	५,६२९,८०७	५८७४२४६	४.३४
क्रेडिट कार्ड संख्या	१४२,७९७	१६७,४३८	१८८,६६९	१८१,०३९	१७७,०७५	१८७८९९	६.११
प्रिपेड कार्ड संख्या	६२,२८८	९९,१४०	१२०,४८०	१५०,११५	१३७,५२२	१९०१८३	३८.२९
मोबाईल बैंकिङ ग्राहक संख्या	५,४४६,३०७	७,०५९,४२८	८,१६७,९३५	९,३९७,५८३	९,०५०,६९१	१०१८४५२७	१२.५३
इन्टरनेट बैंकिङ ग्राहक संख्या	८१०,३५६	९९२,३३८	१,०५९,५६८	९८३,०४३	९८५,२९३	१०९६७६२	११.३१

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

वित्तीय साक्षरता

३.९ आर्थिक वर्ष २०७९/८० मा नेपाल राष्ट्र बैंकले गरको Baseline Survey on Financial Literacy in Nepal, २०२२ का अनुसार नेपालको वित्तीय साक्षरता ५७.९ प्रतिशत रहेकोमा बागमती प्रदेशको वित्तीय साक्षरता ६४.५ प्रतिशत रहेको छ।

उपभोक्ता मुद्रास्फीति

३.१० आर्थिक वर्ष २०८०/८१ मा नेपालको मुद्रास्फीति ५.४४ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको फागुन महिनामा यस्तो मुद्रास्फीति ३.७५ प्रतिशत रहेको छ।

३.११ आर्थिक वर्ष २०८१/८२ देखि नेपाल राष्ट्र बैंकले प्रदेशगत उपभोक्ता मुद्रास्फीति प्रकाशन गर्न शुरु गरको छ। चालु आर्थिक वर्षको फागुन महिनामा बागमती प्रदेशको उपभोक्ता मुद्रास्फीति २.९८ प्रतिशत रहेको छ।

तालिका ३(च): उपभोक्ता मुद्रास्फीति प्रतिशतमा

विवरण	आर्थिक वर्ष २०८१/८२							
	साउन	भदौ	असोज	कार्तिक	मंसिर	पुस	माघ	फागुन
नेपाल	४.०९	३.८६	४.८२	५.६०	६.०५	५.४१	४.१६	३.७५
बागमती प्रदेश	**३.४९**	**३.२९**	**४.२४**	**५.३५**	**५.८४**	**५.१४**	**३.३५**	**२.९८**

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

बीमा क्षेत्र

३.१२ २०८१ फागुनसम्म नेपालमा जीवन बीमा कम्पनी १४, निर्जीवन बीमा कम्पनी १४, पुनर्बीमा कम्पनी २, लघु जीवन बीमा कम्पनी ३ र लघु निर्जीवन बीमा कम्पनी ४ गरी जम्मा बीमा कम्पनीको संख्या ३७ रहेको छ। जसमध्ये लगानीको हिसाबले सरकारी लगानी रहेका ३, स्वदेशी लगानीका २९, विदेशी लगानीका ३ र संयुक्त लगानीका २ वटा बीमा कम्पनी रहेका छन्।


तालिका ३(छ): बीमा क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशी बीमा कम्पनी/बीमकहरुको संख्या

स्वामित्व	बीमा कम्पनीको प्रकृति					जम्मा
	जीवन	निर्जीवन	पुनर्बीमा	लघु जीवन	लघु निर्जीवन	
सरकारी	१	१	१	-	-	३
स्वदेशी लगानी	११	१०	१	३	४	२९
विदेशी	१	२	-	-	-	३
संयुक्त लगानी	१	१	-	-	-	२
जम्मा	**१४**	**१४**	**२**	**३**	**४**	**३७**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१

३.१३ २०८१ फागुनमा बीमकको २ हजार ९ सय ९२ शाखामध्ये हिस्सा सबैभन्दा बढी बागमती प्रदेशमा २८.१ प्रतिशत रहेको छ।

चार्ट ३(क): बीमकको प्रदेशगत शाखा सङ्ख्या



स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२ अर्थ मन्त्रालय

३.१४ २०८१ फागुनसम्म नेपालमा बीमकको कुल शाखा कार्यलय २ हजार ९ सय ९२ रहेका छन्। सो मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा जीवन बीमा कम्पनीका ४ सय ७४ शाखा, निर्जीवन बीमा कम्पनीका ३२३ शाखा, लघु जीवन बीमाका १० शाखा र लघु निर्जीवन बीमाका ३३ शाखा गरी जम्मा ८४० शाखा रहेका छन्।

तालिका ३(ज): बीमकको शाखा कार्यालय

प्रदेश	बीमकको शाखा कार्यालयको संख्या				
	जीवन बीमा	निर्जीवन बीमा	लघु जीवन बीमा	लघु निर्जीवन बीमा	जम्मा
बागमती	४७४	३२३	१०	३३	८४०
नेपाल	१७८३	१०३७	६२	११०	२९९२

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१

३.१५ २०८१ फागुनसम्म बागमती प्रदेशमा जीवन, निर्जीवन, लघु जीवन, लघु निर्जीवन र पुनर्बीमा कम्पनीमा कार्यरत कर्मचारीहरुको कुल संख्या ५ हजार ६ सय ३७ रहेको छ। जसमा जीवन बीमा तर्फ जीवन बीमकका २ हजार ४ सय ७२ र लघु जीवन बीमकका ७२ जना गरी जम्मा २ हजार ५ सय ४४ जना कर्मचारीहरु कार्यरत छन् भने, निर्जीवन बीमा तर्फ निर्जीवन बीमकका २ हजार ९ सय ५१, लघु निर्जीवन बीमकका १४२ गरी जम्मा ३ हजार ९३ जना कर्मचारीहरु कार्यरत रहेका छन्।

तालिका ३(झ): बीमकको शाखा कार्यालयमा कार्यरत कर्मचारी संख्या

प्रदेश	कार्यरत कर्मचारी संख्या				
	जीवन बीमा	निर्जीवन बीमा	लघु जीवन बीमा	लघु निर्जीवन बीमा	जम्मा
बागमती प्रदेश	२४७२	२९५१	७२	१४२	५६३७
नेपाल	५८८३	५६७७	१९१	३४४	१२०९५

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१

३.१६ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा जीवन बीमामा ९६ लाख १७ हजार ३ सय ४३, लघुजीवन बीमामा २ लाख ८२ हजार ५ सय ७५ वटा गरी जम्मा ९८ लाख ९९ हजार ९ सय १८ वटा जीवन बीमालेख संख्या सक्रिय रहेका छन् भने निर्जीवन बीमामा ७ लाख ९३ हजार ५ सय ३६ र लघु निर्जीवनमा १ लाख ८ हजार ९ सय ३१ वटा बीमालेख जारी भएका छन्।

३.१७ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म मुलुकभरका सक्रिय बीमालेख मध्ये बागमती प्रदेशको सक्रिय जीवन बीमालेख संख्याको हिस्सा ७१.५२ प्रतिशत र लघु जीवन बीमालेख संख्याको हिस्सा ३५.६९ प्रतिशत रहेको छ। निर्जीवन बीमाका जारी बीमालेख संख्याको हिस्सा ४३.०५ प्रतिशत र लघु निर्जीवन बीमालेख संख्याको हिस्सा ४७.३६ प्रतिशत रहेको छ।

तालिका ३(ञ): बीमालेख र बीमा शुल्क संकलन

बीमा क्षेत्र		बीमालेख संख्या/बीमा शुल्क संकलन		
		बागमती प्रदेश	नेपाल	बागमती प्रदेशको हिस्सा (प्रतिशत)
जीवन बीमा	सक्रिय रहेका कुल बीमालेख संख्या	९६१७३४३	१३४४६७९२	७१.५२
	बीमा शुल्क संकलन (रु.लाखमा)	४७३८८१.५५	१०९०१९९.५९	४३.४७
लघु जीवन बीमा	सक्रिय रहेका कुल बीमालेख संख्या	२८२५७५	७९१८५६	३५.६९
	बीमा शुल्क संकलन (रु.लाखमा)	५७१.२१	४१६०.१९	१३.७३
निर्जीवन बीमा	जारी बीमालेख संख्या	७९३५३६	१८४३४५६	४३.०५
	बीमा शुल्क संकलन (रु.लाखमा)	१८९०८६.०५	२८०२८८.५१	६७.४६
लघु निर्जीन बीमा	जारी बीमालेख संख्या	१०८९३१	२३०००७	४७.३६
	बीमा शुल्क संकलन (रू. लाखमा)	३९३.०८	७६७.२२	५१.२४

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१

३.१८ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म मुलुकभर संकलित जीवन बीमा शुल्क मध्ये बागमती प्रदेशको जीवन बीमा शुल्क संकलनको हिस्सा ४३.४७ प्रतिशत र लघु जीवन बीमा शुल्क संकलनको हिस्सा १३.७३ प्रतिशत रहेको छ। त्यसैगरी, निर्जीवन बीमा शुल्क संकलनको हिस्सा ६७.४६ प्रतिशत र लघु निर्जीवन बीमा शुल्क संकलनको हिस्सा ५१.२४ प्रतिशत रहेको छ।

३.१९ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा कुल सक्रिय बीमालेख ९८ लाख ९९ हजार ९ सय १८ मा म्यादी जीवन बीमालेख संख्या सबैभन्दा बढी २९ लाख २८ हजार ६ सय ७६ अर्थात् कुल बीमालेखको २९.५८ प्रतिशत रहेको छ। कुल बीमा

शुल्क रू. ४७ अर्ब ४४ करोड ५२ लाख ७६ हजार संकलन भएकोमा सावधिक जीवन बीमा शुल्क सबैभन्दा बढी रू. १८ अर्ब ९९ करोड ७२ लाख अर्थात् कुल बीमाशुल्क संकलनको ४०.०४ प्रतिशत रहेको छ।

३.२० त्यसैगरी, कुल सक्रिय बीमालेखमा सबैभन्दा कम एकल जीवन बीमालेख संख्या १२ हजार ३ सय ३८ अर्थात् कुल बीमालेखको ०.१२ प्रतिशत रहेको छ भने बीमा शुल्क संकलनतर्फ म्यादी जीवन बीमालेखमा सबैभन्दा कम रू. ५५ करोड ५५ लाख अर्थात् कुल संकलनको १.१७ प्रतिशत रहेको छ।

तालिका ३(ट): बागमती प्रदेशमा रहेको जीवन बीमा व्यवसाय

बीमालेखका प्रकार	बीमा शुल्क संकलन (रू. लाखमा)	प्रतिशत	कुल सक्रिय रहेका बीमालेख संख्या	प्रतिशत
सावधिक जीवन बीमा	१८९,९७२.३४	४०.०४	९८६३४६	९.९६
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	९३,६८१.८२	१९.७५	१२४५९७	१.२६
रूपान्तरित सावधिक जीवन बीमा	५३,५८७.९४	११.२९	१३८४३०	१.४०
बालबच्चा सम्बन्धी सावधिक जीवन बीमा	६१,०७९.१५	१२.८७	२५०७७५	२.५३
वैदेशिक रोजगार म्यादी जीवन बीमा	२२,७५०.६९	४.८०	२४३४७७९	२४.५९
आजीवन जीवन बीमा	७,६८८.२२	१.६२	२६०२८	०.२६
एकल जीवन बीमा	१२,८२५.३३	२.७०	१२३३८	०.१२
म्यादी जीवन बीमा	५,५५५.३८	१.१७	२९२८६७६	२९.५८
लघु जीवन बीमा	१२,०४०.०१	२.५४	२९१८०६६	२९.४८
अन्य जीवनबीमा	१५,२७१.८८	३.२२	७९८८३	०.८१
जम्मा	**४,७४,४५२.७६**	**१००.००**	**९८,९९,९१८**	**१००.००**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१

३.२१ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा निर्जीवन बीमा व्यवसायमा कुल जारी बीमालेख ९ लाख २ हजार ४ सय ६७ मा सबैभन्दा बढी मोटर बीमालेख संख्या ४ लाख ८१ हजार १ सय ३० अर्थात् कुल जारी बीमालेखको ५३.३१ प्रतिशत रहेको छ। बीमा शुल्क संकलनतर्फ कुल बीमा शुल्क संकलन रू. १९ अर्ब २१ करोड ३ लाख ५० हजारमा सबैभन्दा बढी मोटर बीमाको बीमा शुल्क रकम रू. ४ अर्ब ९२ करोड ९६ लाख अर्थात् कुल बीमा शुल्क संकलनको २५.६६ प्रतिशत रहेको छ।

३.२२ कुल जारी बीमालेखमा सबैभन्दा कम बीमालेख हवाई बीमालेख जम्मा ८३ वटा अर्थात् कुल जारी बीमालेखको ०.०१ प्रतिशत रहेको छ भने बीमा शुल्क संकलनमा सबैभन्दा कम बीमा शुल्क लघु निर्जीवन बीमातर्फ रू. ३० करोड ४८ लाख अर्थात् कुल बीमा शुल्क संकलनको १.५९ प्रतिशत रहेको छ।

तालिका ३(ठ): बागमती प्रदेशमा रहेको निर्जीवन बीमा व्यवसाय

बीमालेखका प्रकार	बीमा शुल्क संकलन (रू. लाखमा)	प्रतिशत	जारी बीमालेख संख्या	प्रतिशत
सम्पत्ति	३९७९०.४९	२०.७१	११८७९६	१३.१६
सामुद्रिक	१११८०.४०	५.८२	६१८२५	६.८५
हवाई	१६७७४.०७	८.७३	८३	०.०१
मोटर	४९२९६.९७	२५.६६	४८११३०	५३.३१
इन्जिनियरिङ तथा ठेक्का जोखिम	३९६५३.८६	२०.६४	८४७३	०.९४
विविध	२७६३०.५५	१४.३८	७८५२१	८.७०
कृषि तथा बाली	४७२८.५९	२.४६	४२४९६	४.७१
लघु निर्जीवन बीमा	३०४८.५७	१.५९	१११११४३	१२.३२
जम्मा	**१९२१०३.५०८४**	**१००.००**	**९०२४६७**	**१००.००**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१

३.२३ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा जीवन बीमातर्फ ६४ हजार ८ सय ८१ वटा बीमालेखबाट दावी भएकोमा रू. १५ अर्ब ५४ करोड २२ लाख भुक्तानी गरिएको छ। लघु जीवन बीमातर्फ कुल ३१२ दावीका लागि रू. १ करोड ३६ लाख भुक्तानी गरिएको छ।

तालिका ३(ड): २०८१ फागुनसम्मको कुल दावी भुक्तानी संख्या र कुल दावी भुक्तानी रकम

विवरण	बागमती प्रदेश		सातवटै प्रदेशको जम्मा		बागमती प्रदेशको हिस्सा (प्रतिशत)	
	कुल दावी भुक्तानी संख्या	कुल दावी भुक्तानी रकम (रु.लाखमा)	कुल दावी भुक्तानी संख्या	कुल दावी भुक्तानी रकम (रु.लाखमा)	दावी भुक्तानी	दावी भुक्तानी रकम
जीवन बीमा (लघु जीवन बीमा बाहेक)	६४८८१	१,५५,४२२.७८	१८०३९७	४,१७,०८७.१४	३५.९७	३७.२६
लघु जीवन बीमा	३१२	१३६.१३	८२४	९१३.१६	३७.८६	१४.९१
निर्जीवन बीमा (लघु निर्जीवन बीमा बाहेक)	५७५८६	९४,४७६.९५	८७१८४	१,४०,२९०.१४	६६.०५	६७.३४
लघु निर्जीवन बीमा	५०१	४४४.३१	७१२	७५२.४२	७०.३७	५९.०५

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१

३.२४ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा निर्जीवन बीमातर्फ कुल ५७ हजार ५ सय ८६ वटा बीमालेखबाट दावी भएकोमा रू. ९ अर्ब ४४ करोड ७६ लाख

भुक्तानी गरिएको छ। लघु निर्जीवन बीमातर्फ ५०१ दावीका लागि रू. ४ करोड ४४ लाख भुक्तानी गरिएको छ।

धितोपत्र बजार

३.२५ पछिल्लो समय धितोपत्र बजारमा लगानीकर्ताको सहभागिता बढ्दै गएको छ। २०८१ फागुनसम्म धितोपत्र दलाल व्यवसायी र मर्चेन्ट बैंकरको संख्या क्रमशः ९० र ३१ रहेका छन् भने सूचीकृत कम्पनीको संख्या २६८ रहेको छ। अघिल्लो आर्थिक वर्षको फागुनसम्म सो संख्या क्रमशः ९०, २९ र २७१ रहेको थियो।

तालिका ३(ढ): धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर र सूचीकृत कम्पनी

विवरण	आर्थिक वर्ष				फागुनसम्म	
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०	२०८१
धितोपत्र दलाल व्यवसायी	५०	५०	६७	९०	९०	९०
मर्चेन्ट बैंकर	३०	३०	४०	२९	२९	३१
सूचीकृत कम्पनी	२१९	२३४	२५४	२७१	२७१	२६८
निक्षेप सदस्य	७६	७९	८१	१०९	११०	११९

स्रोतः नेपाल धितोपत्र बोर्ड, २०८१

धितोपत्र बजारको स्थिति

३.२६ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म साधारण शेयरको प्राथमिक निष्काशन मार्फत रू. १ अर्ब २ करोड, हकप्रद शेयर निष्काशन मार्फत रू. ९ अर्ब ३० करोड, थप शेयर निष्काशन मार्फत रू. ११ करोड, ऋणपत्र मार्फत रू. ३ अर्ब ३० करोड र म्युचुअल फण्ड मार्फत रू. ११ अर्ब २० करोडको पुँजी परिचालन भएको छ।

३.२७ चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्र दोस्रो बजारमा रू. १४ खर्ब ५५ अर्ब ८६ करोड बराबर रकमको धितोपत्र कारोबार भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू. ४ खर्ब १५ अर्ब ७८ करोड बराबर रकमको धितोपत्र कारोबार भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म १४७ दिनको कारोबारमा औसत दैनिक कारोबार रकम रू. ९ अर्ब ९० करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कारोबार रकम रू. २ अर्ब ७७ करोड रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म कारोबार भएका धितोपत्रको सङ्ख्या १५९.२ प्रतिशत र कारोबार सङ्ख्या ५८.७ प्रतिशतले वृद्धि भएको छ।

नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क


३.२८ आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तमा नेप्से सूचकाङ्क २९.७७ प्रतिशतले वृद्धि भई २७३६.४९ बिन्दु कायम भएको छ। जुन गत आर्थिक वर्षको सोही अवधिमा २१०८.७२ बिन्दु कायम थियो। त्यसैगरी, नेप्से फ्लोट सूचकाङ्क २०८० फागुन मसान्तको तुलनामा २९.२६ प्रतिशतले वृद्धि भई १८५.३६ बिन्दु कायम भएको छ। जुन गत आर्थिक वर्षको सोही अवधिमा १४३.३९ बिन्दु कायम रहेको थियो।

तालिका ३(ण): नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क (बिन्दुमा)

विवरण	आर्थिक वर्ष				फागुन मसान्तसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२	प्रतिशत परिवर्तन
नेप्से सूचकाङ्क	२८८३.४१	२००९.४७	२०९७.१	२२४०.४१	२१०८.७२	२७३६.४९	२९.७७
नेप्से फ्लोट सूचकाङ्क	२००.३४	१३९.३७	१४४.९७	१५२.६२	१४३.३९	१८५.३६	२९.२७

स्रोतः नेपाल धितोपत्र बोर्ड, २०८१

चार्ट ३(ख):नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क (बिन्दुमा)




स्रोतः नेपाल धितोपत्र बोर्ड, २०८१ *फागुनमसान्त #आधार वर्ष २०५०, बिन्दु १००

धितोपत्र बजार पुँजीकरण

३.२९ २०८० फागुन मसान्तमा धितोपत्र बजारको कुल बजार पुँजीकरण रू. ३३ खर्ब १४ अर्ब रहेकोमा २०८१ फागुन मसान्तमा ३७.१ प्रतिशतले वृद्धि भई रू. ४५ खर्ब ४३ अर्ब पुगेको छ।

३.३० आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म साधारण शेयरको प्राथमिक निष्काशन मार्फत रू. १ अर्ब २ करोड, हकप्रद शेयर निष्काशन मार्फत रू. ९ अर्ब ३० करोड, थप शेयर निष्काशन मार्फत रू. ११ करोड, ऋणपत्र मार्फत रू. ३ अर्ब ३० करोड र म्युचुअल फण्ड मार्फत रू. ११ अर्ब २० करोडको पुँजी परिचालन भएको छ।

चार्ट ३ (घ): धितोपत्रको बजार पुँजीकरणको प्रवृति (रू. अर्बमा)




स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय *फागुनमसान्त

३.३१ चालु आर्थिक वर्षको फागुनसम्म ७५ लाख कित्ता प्राथमिक निष्कासन, २५ करोड कित्ता सामुहिक लगानी कोषका इकाई, ५ करोड ६२ लाख ४६ हजार कित्ता हकप्रद शेयर, १४ करोड ३९ लाख १६ हजार कित्ता बोनस शेयर, ५ करोड ६ लाख ३० हजार थप निष्काशन र ३ लाख बराबरको संस्थागत ऋणपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका छन्।

सहकारी क्षेत्र

३.३२ २०८१ फागुनसम्म बागमती प्रदेश भित्र १ हजार ५ सय ५९ बचत तथा ऋण, १ हजार १ सय ४३ वहुउद्देश्यीय, २५६ कृषि, ५० दुग्ध र २२१ अन्य प्रकारका गरी कुल ३ हजार २ सय २९ सहकारी संस्था रहेका छन्।

चार्ट ३(ङ): बागमती प्रदेशभित्रका सहकारी संस्था




स्रोतः सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०८१

३.३३ आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म वित्तीय विवरण बुझाएका बागमती प्रदेश भित्रका सहकारी संस्थाहरुको कुल रू. २९ अर्ब १२ करोड ६६ लाख शेयर पुँजी रहेकोमा बचत परिचालन र ऋण लगानी क्रमशः रू. ३ खर्ब ४५ अर्ब ८८ करोड ७३ लाख र २ खर्ब ५६ अर्ब १० करोड २४ लाख रहेको छ भने सहकारी क्षेत्रमा संलग्न शेयर सदस्य संख्या १५ लाख ८९ हजार ९ सय २४ जना रहेको छ। (विस्तृत विवरण अनुसूची ३.१)

३.३४ २०८१ फागुनसम्म बागमती प्रदेश भित्र जम्मा ३ हजार २ सय २९ सहकारी संस्था रहेकोमा सबैभन्दा बढी काठमाडौं जिल्लामा १ हजार ६ सय ६२ र सबैभन्दा कम मकवानपुर जिल्लामा २९ वटा सहकारी संस्था रहेका छन्। काठमाडौं जिल्लाका ४ वटा र ललितपुर जिल्लाको १ वटा गरी ५ वटा सहकारी संस्था समस्याग्रस्त सहकारीको रुपमा घोषणा भएका छन्।

चार्ट ३(च): बागमती प्रदेशका जिल्लाहरुमा रहेका सहकारी संस्थाहरु



स्रोतः सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेश, २०८१

३.३५ चालु आर्थिक वर्षको फागुनसम्म बागमती प्रदेश भित्रका सहकारी संस्थाहरु मध्ये जम्मा ३३० वटा सहकारी संस्था उपर विभिन्न उजुरी परेको छ भने उजुरी परेका मध्ये ७३ वटा सहकारीलाई छानविनका लागि केन्द्रिय अनुसन्धान ब्यूरो र प्रहरी कार्यालयमा पठाइएको छ।

तालिका ३(त): बागमती प्रदेशका विभिन्न जिल्लाहरुमा उजुरी परेका सहकारी संस्थाहरु

जिल्ला	विभिन्न उजुरी परेका सहकारी संस्थाहरुको संख्या	छानविनका लागि केन्द्रिय अनुसन्धान ब्यूरो र प्रहरी कार्यालयमा पठाइएका सहकारी संस्थाहरुको संख्या
दोलखा	१	-
रामेछाप	१	-
सिन्धुली	-	-
काभ्रेपलाञ्चोक	१३	३
सिन्धुपाल्चोक	-	-
रसुवा	-	-
नुवाकोट	१	-
धादिङ	१	-
चितवन	५	२
मकवानपुर	२	-
भक्तपुर	२२	६
ललितपुर	५३	१०
काठमाडौं	२३१	५२
जम्मा	**३३०**	**७३**

स्रोतः सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेश, २०८१

४. कृषि, भूमिसुधार, वन तथा वातावरण

कृषि

४.१ नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.२ प्रतिशत रहेको छ भने कुल जनसंख्याको ६०.४ प्रतिशत जनसंख्या कृषिमा आबद्ध रहेका छन्। मुलुकको समग्र कृषि उत्पादनमा बागमती प्रदेशको हिस्सा ११.८ प्रतिशत रहेको छ। दिगो आर्थिक विकास एवम् सबल ग्रामीण अर्थतन्त्रद्वारा गरिबी निवारण गर्ने बलियो आधार कृषि क्षेत्र भएतापनि कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन।

४.२ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न बीउबिजन, रैथाने बाली संरक्षण तथा विस्तार, पशुपन्छी रोग नियन्त्रण, पशुनश्ल सुधार तथा कृषि जैविक विविधता संरक्षण एवं प्रवर्द्धनका लागि बागमती प्रदेश सरकारको पहलमा विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन्।

४.३ बागमती प्रदेशको कुल जनसंख्यामा २७ लाख २३ हजार ६ सय ३० जना अर्थात् प्रदेशको कुल जनसंख्याको ४४.५२ प्रतिशत कृषि पेशामा आबद्ध रहेका छन्।

४.४ कृषि गणना, २०७८ अनुसार बागमती प्रदेशको बाली सघनता (Cropping Intensity) २ पुगेको छ, यो सूचकले बागमती प्रदेशका किसानले बर्षमा सरदर दुई बाली लगाउने गरेको देखाएको छ।

तालिका ४(क): कृषि सम्बन्धी आधारभूत सूचकहरु

सूचक	बागमती प्रदेश	नेपाल
कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान (प्रतिशत)*	११.८	२५.२
कृषि पेसामा आबद्ध जनसंख्या	२७२३६३०	१९४४७९५५
महिला	१३९८८७२	९९०४१३०
पुरुष	१३२४७५८	९५४३८२५
कृषक घरपरिवार संख्या	६६८१७७	४१३०७९८
कुल सिंचित क्षेत्रफल (प्रतिशत)	३६.८	५४.५
बाली सघनता (Cropping Intensity)	२.०	१.९

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*, राष्ट्रिय कृषि गणना, २०७८

कृषि बाली उत्पादन

४.५ २०८१ फागुनसम्म बागमती प्रदेशको कुल क्षेत्रफल मध्ये ३ लाख ५२ हजार २ सय ४४ हेक्टरमा खाद्यान्न बाली, २९ हजार २ सय ७४ हेक्टरमा तेलहन बाली तथा ३१ हजार ३ सय ६१ हेक्टरमा तरकारी बाली लगाइएको छ।

४.६ आर्थिक वर्ष २०८१/८२ फागुनसम्म खाद्यान्न बालीको उत्पादकत्व ३.१८, दलहनको १.१७, तेलहनको १.१८, फलफुलको ११.१० र तरकारीको १७.०१ मेट्रिक टन प्रति हेक्टर रहेको छ।

तालिका ४(ख): कृषि बालीको क्षेत्रफल तथा उत्पादन स्थिति

बालीको नाम	२०८१/८२ फागुनसम्म		
	क्षेत्रफल हेक्टर	उत्पादन (मेट्रिक टन)	उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर)
खाद्यान्न बाली	३५२२४४	१११८६०६	३.१८
औद्योगिक बाली	-	-	-
दलहन बाली	१६९६८	१९८५२	१.१७
तेलहन बाली	२९२७४	३४५४३	१.१८
मसला बाली	-	-	-
फलफुल	१२१२४	१३४५७६	११.१०
तरकारी	३१३६१	५३३४५६	१७.०१
मह (घार)	-	-	-

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

प्रयोगशाला सेवा

४.७ आर्थिक वर्ष २०७९/८० मा घुम्ती प्रयोगशाला मार्फत माटो शिविर सञ्चालन र माटो तथा मल परीक्षण प्रयोगशालाबाट ५ हजार ६ सय ४७ माटोको नमुना परीक्षण गरिनुका साथै परीक्षण नतिजाका आधारमा ३६.३ मेट्रिक टन कृषि चुन वितरण गरिएको थियो। आर्थिक वर्ष २०८०/८१ मा प्रयोगशालावाट १ हजार ३ सय ५६, २० वटा घुम्ती शिविरमार्फत र किट बक्स मार्फत ६ हजार १८ गरी प्रदेशभर जम्मा ७ हजार ३ सय ७४ माटोको नमुना परीक्षण गरिएको थियो।

४.८ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रयोगशालाबाट १ हजार ६ सय र घुम्ती प्रयोगशाला मार्फत शिविर कार्यक्रम सञ्चालनबाट ३ हजार १ सय ७६ गरी प्रदेशभर जम्मा ४ हजार ७ सय ७६ वटा माटोको नमुना परीक्षण गरिएको छ।

४.९ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बाली संरक्षण प्रयोगशालाबाट सञ्चालन भएका १३ वटा बाली उपचार शिविरमार्फत कुल १५६ वटा बाली बिरुवाका नमुना परीक्षण गरी बोट बिरुवाका रोग, किरा तथा अन्य शत्रु जीव पहिचान गरी २१० कृषकहरुलाई बाली संरक्षण सेवा प्रदान गरिएको छ।

खाद्यान्न बाली

४.१० आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा धान र मकैको उत्पादन क्रमशः ४ लाख ९८ हजार ६ सय ६२ मेट्रिक टन र ५ लाख ३७ हजार ८९ मेट्रिक टन रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा धान उत्पादन १७.७२ प्रतिशतले र मकै उत्पादन १९.२८ प्रतिशतले बढेको देखिन्छ। अन्य बालीको उत्पादन समेत गत वर्षको तुलनामा बढेको छ।

तालिका ४(ग): प्रमुख खाद्यान्न बालीको उत्पादन* र उत्पादकत्व**

बाली		आर्थिक वर्ष				फागुनसम्म	
		२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२
धान	उत्पादन	५०९५९०	५०७७८९	५००४४६	५०४३४४	४२३५८५	४९८६६२
	उत्पादकत्व	३.८४	३.७३	३.८४	३.९१	४.२	३.९८
मकै	उत्पादन	६९१४३६	६६६०५२	६७७९६२	६५६५१०	४५०२६०	५३७०८९.१४
	उत्पादकत्व	३.३५	३.७९	३.२२	३.३२	३.८२	३.३०
गहुँ	उत्पादन	१७२७८९	१६३६२४	१५३४४१	१३८७४३	-	-
	उत्पादकत्व	२.९४	२.७८	२.९५	२.७९	-	-
कोदो	उत्पादन	७०८६७	६७९०२	७२२२८	७३०५६.६	७०२५०	७९४९४.७
	उत्पादकत्व	१.१८	१.१४	१.२१	१.२०	१.२	१.३०
जौ	उत्पादन	२४१६	१६८६	३७२८	१५५२.५	-	-
	उत्पादकत्व	१.४२	१.२७	०.९९	१.१४	-	-
फापर	उत्पादन	३५९८	२६५५	२०७७	४२११.२१	१२३०	३३६०.३२
	उत्पादकत्व	०.८८	०.८४	१.२०	१.१९	०.९	१.०३

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, २०८१ * मेट्रिक टन ** मेट्रिक टन प्रति हेक्टर

दलहन, तेलहन, तरकारी, फलफूल र मसला बाली

४.११ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म दलहनबालीको उत्पादन १९ हजार ८ सय ५२ मेट्रिक टन रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा दलहन बालीको उत्पादन ६.४२ प्रतिशतले घटेको छ। त्यसैगरी तेलहन बालीको उत्पादन ३४ हजार ५

सय ४३ मेट्रिक टन रहेकोमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.९४ प्रतिशतले बढेको छ। प्रदेशको मुख्य तेलहन बालीको रुपमा तोरी रहेको छ।

४.१२ बागमती प्रदेशको प्रमुख नगदेबालीको रुपमा आलु रहेको छ। आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म यस प्रदेशमा आलुको उत्पादन ७ लाख ४६ हजार ३ सय २० मेट्रिक टन र उत्पादकत्व १८.९६ मेट्रिक टन प्रति हेक्टर रहेको छ। प्रदेशको प्रायः सबै जिल्लाहरुमा आलु खेती गरिएतापनि काभ्रेपलाञ्चोक, नुवाकोट, मकवानपुर, सिन्धुपाल्चोक जिल्लाहरुमा बढी गरिन्छ।

तालिका ४(घ): दलहन, तेलहन,तरकारी, फलफूल र मसला बाली उत्पादन* र उत्पादकत्व**

आर्थिक वर्ष			बाली					
			दलहन	तेलहन	आलु	तरकारी	फलफूल	मसला बाली
२०७६/७७		उत्पादन	२२३६२	३५१७१	६४६८४५	७१७०८९	१५३६२६	७९५५७
		उत्पादकत्व	१.१५	१	१८.६४	१४.४३	१०.३३	८
२०७७/७८		उत्पादन	२२९६५	३४९३६	७०८६३३	७२८४३२	१७९६२५	७११४१
		उत्पादकत्व	१.१९	१.०९	१५.६	१४.५७	११.२७	८
२०७८/७९		उत्पादन	२३५७५	३४८६५	७३४९१७	७३०३५०	१८०२७५	७५९३१
		उत्पादकत्व	१.१७	१.०९	१९.९४	१४.४१	९.९७	९
२०७९/८०		उत्पादन	२२१७७	६४२५६	७८३००१	८७७४२२	१९३६८२	७४६०४
		उत्पादकत्व	१.१७	१.२३	१९.०९	१६.४९	११.३३	१०
२०८०/८१		उत्पादन	२१४७५	३५६३०	७५०६१८	८८७८०१	१७६०७६.००	६५९४२.०५
		उत्पादकत्व	१.१७	१.१७	१८.७३	१६.७४	११.०४	८.५२
फागुनसम्म	२०८०/८१	उत्पादन	२१२१५	३४२२०	७३२३९०	५१५३४५	१३०२१०	-
		उत्पादकत्व	१.१६	१.२१	१७.१	१५.२१	११.१२	-
	२०८१/८२	उत्पादन	१९८५२	३४५४३	७४६३२०	५३३४५६	१३४५७६	-
		उत्पादकत्व	१.१७	१.१८	१८.९६	१७.०१	११.१	-

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, २०८१ *मेट्रिक टन ** मेट्रिक टन प्रति हेक्टर

पशुपालन

४.१३ आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा प्रदेशमा गाई र भैंसी संख्या बढेको छ भने त्यसपछिका आर्थिक वर्षहरुमा गाई र भैंसीको संख्या क्रमशः घट्दै गएको छ। आर्थिक वर्ष २०७९/८० सम्म बाख्राको संख्या बढ्दै गएको देखिन्छ भने आर्थिक वर्ष २०८०/८१ मा घटेको छ।

तालिका ४(ङ): बागमती प्रदेशमा पशुपन्छी पालन (संख्या)

पशुपंक्षी	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्मा
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
गाई	१०६४३४९	१०९९५६०	१०८९४९२	१०१११३६	८४५३४५	८३७६१२
भैंसी	८९४९२६	८९२२१३	८८१७६७	८३२१९३	८०९१८५	७८९६४४
बाख्रा	२३५१२१७	२५२०६७१	२५९३८९८	२६७७२२५	२३११४००	२१२६९७०
भेडा	९३६३९	९२५६१	८९०१२	५१४२०	७०५५८	६८०८६
सुँगुर/बंगुर	१७२२७७	१७९३६३	१६७७४०	२३७६१७	१५०७५६	१५४२९४
कुखुरा	४४८४१९५७	३७०७४७६०	३२९९४४५३	२२११८७६६	१०७६८१३६	११००६५४३
हाँस	८५११०	८५७८३	९५४७४	८७०९२	८२४५३	७७५७६

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

पशुपन्छीजन्य उत्पादन

४.१४ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म दुधको उत्पादन ५ लाख ८१ हजार ३ सय ९५ मेट्रिक टन, मासुको उत्पादन १ लाख ६६ हजार ३ सय २३ मेट्रिक टन र अण्डाको उत्पादन ७५ करोड ५४ लाख ६३ हजार रहेको छ। त्यसैगरी माछाको उत्पादन ४ हजार ६ सय ४५ मेट्रिक टन रहेकोमा अघिल्लो आर्थिक वर्ष ५ हजार २ सय २३ मेट्रिक टन रहेको थियो।

तालिका ४(च): बागमती प्रदेशको पशुपन्छीजन्य उत्पादनको विवरण

विवरण	आर्थिक वर्ष					फागुनसम्म	
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२
दुध (मे.टन)	४३७७७१	४४५७३१	५२५२०५	६७७५११	६२३३८८	४९८२७७	५८१३९५
मासु (मे. टन)	१८६७१८	१९६०५४	२२०४०५	२१५०२३	२१९४५०	१९८३०१	१६६३२३.०७
अण्डा (संख्या हजारमा)	१०१९१६०	१०२९३५२	१२०३५४५	१०५५५२	८९६८७६	८५२७०८	७५५४६३.७५
माछा (मे.टन)	३१९१	३५८०	३८७६	५५८९	५२२३	३७३३	४६४५

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

दुध उत्पादनमा अनुदान

४.१५ प्रदेश सरकारले दुध उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न आर्थिक वर्ष २०७५/७६ देखि दुध उत्पादनमा आधारित प्रोत्साहन अनुदान दिँदै आइरहेको छ। आर्थिक वर्ष

२०७९/८० सम्म दुध अनुदानमार्फत जम्मा रू. ७० करोड ४ लाख ८० हजार रकम वितरण गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा दुध उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमका लागि रू. २० करोड स्थानीय तहहरुमा हस्तान्तरण गरिएको छ।

तालिका ४(छ): बागमती प्रदेशबाट दुध उत्पादनमा अनुदान

आर्थिक वर्ष	सहकारी संख्या	प्रति लिटर दर रु.	जम्मा अनुदान (रू. हजारमा)
२०७५/७६	४९	०.५१	१०५९०
२०७६/७७	१९८	१	७८३१८
२०७७/७८	१७९	२	१५१६२२
२०७८/७९	२६०	१.६३२	१५९९५२
२०७९/८०	२२२*	३.५६३८	२९९९९८
जम्मा	**८९९**		**७००४८०**

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, २०८१ *५ वटा निजी दुग्ध फर्म सहित

कृषि तथा पशुपन्छी बीमा

४.१६ नेपाल सरकारबाट आर्थिक वर्ष २०७९/८० देखि कृषि बीमा प्रिमियममा ८० प्रतिशत अनुदान दिन शुरु गरिएकोमा आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बाली बीमा तर्फ २ सय ७९ वटा जारी बीमालेखको कुल बीमाङ्क रकम रू. ५० करोड ४६ लाखको बीमालेखको बीमा प्रिमियम रू. ३ करोड ३० लाखमा रू. २ करोड ६२ लाख अनुदान नेपाल सरकारले उपलब्ध गराएको छ। कुल बीमा दाबी संख्या ८६ वटा रहेकोमा रू. २ करोड ९५ लाख रकम बीमितलाई दाबी भुक्तानी गरिएको छ।

तालिका ४(ज): बागमती प्रदेशअन्तर्गत कृषि तथा पशुपन्छी बीमा

आर्थिक वर्ष	बीमा प्रकार	जारी बीमालेख संख्या	कुल बीमाङ्क रकम (रू. लाखमा)	बीमाशुल्क रकम (रू. लाखमा)	अनुदान रकम (रू. लाखमा)	दावी भुक्तानी	
						संख्या	भुक्तानी रकम (रू. लाखमा)
२०७९/८०	बाली	२७९	५०४६.४८	३३०.८८	२६२.०५	५६८	१४५५.१८
	पशुधन	४२१८१	८२३५३.७३	३९३९.०३	३१२३.२७	१०३३९	५८११.६५
२०८०/८१	बाली	३३१	७०१४.०३	४४४.२७	३५५.०५	१३२	४४६.९१
	पशुधन	६४८७९	१३०५९९.५४	६२७९.७१	५०१२.४१	९०८८	५४०५.९४
२०८१/८२*	बाली	२७९	५०४६.४८	३३०.८८	२६२.०५	८६	२९५.८८
	पशुधन	४२१८१	८२३५३.७३	३९३९.०३	३१२३.२७	४९८५	३०२८.६१

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१ *फागुनसम्म

४.१७ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्ममा पशुधन बीमातर्फ ४२ हजार १ सय ८१ वटा जारी बीमालेखहरुको कुल बीमाङ्क रकम रू. ८ अर्ब २३ करोड ५३ लाख रहेका छ।

जारी बीमालेखको बीमा प्रिमियम रू. ३९ करोड ३९ लाखमा रू. ३१ करोड २३ लाख अनुदान नेपाल सरकारले उपलब्ध गराएको छ। कुल बीमा दाबी संख्या ४ हजार ९ सय ८५ वटा रहेकोमा रू. ३० करोड २८ लाख रकम बीमितलाई दाबी भुक्तानी गरिएको छ।

कृषि कर्जा

४.१८ कृषि क्षेत्रको समग्र विकास एवम् कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने उद्देश्यले प्रदेश स्थित बैंक तथा वित्तीय संस्थाबाट कृषि कर्जा प्रवाहित हुँदै आएको छ। आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा यस्तो कर्जा ५.१३ प्रतिशतले कम प्रवाह भएको छ।

तालिका ४(झ): बागमती प्रदेशभित्र कृषि कर्जा प्रवाह

आर्थिक वर्ष	कृषि कर्जा (रू. लाखमा)	अघिल्लो आर्थिक वर्षको तुलनामा प्रतिशत परिवर्तन
२०७७/७८	१००१०४२.३	-
२०७८/७९	१०८४११९.५	८.३०
२०७९/८०	१२६७१३९.७	१६.८८
२०८०/८१	१२०२०२६.९	-५.१३

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

विपद्बाट प्रभावित किसानलाई राहत

४.१९ आर्थिक वर्ष २०७९/८० देखि बागमती प्रदेश सरकारले कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रतिकूल असर पार्ने प्राकृतिक एवम् गैर प्राकृतिक विपद्बाट प्रभावित किसानलाई राहत रकम प्रदान गर्दै आएको छ।

४.२० आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट प्रभावित बागमती प्रदेश भित्रका विभिन्न ३४ कृषक र ४१ निजी कृषि फर्मलाई रू. १ करोड १९ लाख ६३ हजार ४ सय ४४ राहत रकम उपलब्ध गराइएको थियो। चालु आर्थिक वर्षको फागुनसम्ममा १४ कृषक र ६ निजी कृषि फर्मलाई रू. ३३ लाख १२ हजार २ सय २० रुपैँया राहत रकम वितरण गरिएको छ।

तालिका ४(ञ): विपद्बाट प्रभावित किसानलाई राहत

आर्थिक वर्ष	कृषक संख्या	निजी कृषि फर्म संख्या	राहत रकम (रु.)
२०७९/८०	२८	-	१४७३०७२०
२०८०/८१	३४	४१	११९६३४४४
२०८१/८२*	१४	६	३३१२२२०

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, २०८१ *फागुनसम्म

उन्नत बीउ बिजन

४.२१ बागमती प्रदेशलाई कृषि बीउ बिजन क्षेत्रमा आत्मनिर्भर बनाउन चालु आर्थिक वर्षको फागुनसम्म प्रदेशभित्र १ हजार ५ सय ३४ मेट्रिक टन धानको बीउ, २६४ मेट्रिक टन गहुँको बीउ, १७४ मेट्रिक टन मकैको बीउ, ३३ मेट्रिक टन तोरीको बीउ, ७ मेट्रिक टन मसुरोको बीउ, २३ मेट्रिक टन पालुङ्गोको बीउ र ४७ मेट्रिक टन जौको उन्नत बीउ उत्पादन गरिएको छ।

मलखाद व्यवस्थापन

४.२२ प्रदेशभर रासायनिक मलखादको कुल माग १ लाख ५५ हजार १ सय ३९ मेट्रिक टन रहेको छ। कुल माग मध्ये युरिया ९३ हजार ८३ मेट्रिक टन, डि.ए.पी. ३८ हजार ७ सय ८५ मेट्रिक टन र पोटास २३ हजार २ सय ७१ मेट्रिक टन रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा युरिया ३६ हजार ७ सय १० मेट्रिक टन, डि.ए.पी २३ हजार ८ सय १३ मेट्रिक टन बिक्री वितरण भएको थियो भने चालु आर्थिक वर्ष २०८१/८२ फागुनसम्म युरिया २५ हजार ८ सय २४ मेट्रिक टन, डि.ए.पी ११ हजार ९० मेट्रिक टन बिक्री वितरण भएको छ।

प्राङ्गारिक मल

४.२३ रासायनिक मलको मागलाई कम गर्दै प्राङ्गारिक मल उत्पादन कार्यलाई व्यवस्थित, सरल, सुलभ र गुणस्तरीय बनाई प्राङ्गारिक मलको नियमित प्रयोग गर्दै माटो व्यवस्थापन र दिगो कृषि उत्पादन कायम गर्न एक प्रदेश निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम अन्तर्गत कार्य भइरहेको छ। आर्थिक वर्ष २०७९/८० देखि प्राङ्गारिक मलमा प्रति किलोग्राम रू. १० सहुलियत अनुदानमा वितरण गरिएको छ।

पशु स्वास्थ्य

४.२४ चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म गाईभैंसीमा देखिने लम्पी स्किन डिजिज् नियन्त्रण तथा रोकथामको लागि जिल्लास्थित कार्यालयहरुबाट ७१ हजार ९ सय ७७ गाई भैंसीमा निशुल्क रुपमा खोप लगाइएको छ भने भेडाबाखामा लाग्ने पिपिआर (Peste Des Petits Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि १५ लाख ३२ हजार ३ सय २६ भेडाबाखालाई खोप लगाइएको छ

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

४.२५ कृषिको आधुनिकीकरण एवम् व्यवसायीकरण गर्न कृषि उत्पादनका विशिष्टीकृत क्षेत्र निर्धारण तथा कृषि क्षेत्रको रुपान्तरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा रहेको छ। यस परियोजना अन्तर्गत बागमती प्रदेशमा संघीय सरकारको सशर्त अनुदान मार्फत ब्लक विकास कार्यक्रम कार्यान्वयनमा रहेको छ।

४.२६ आर्थिक वर्ष २०८१/८२ मा व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक विकास कार्यक्रम) अन्तर्गत कृषि तर्फ मकै-१, तरकारी-४, धान-१, आलु-१, सुन्तलाजात फलफूल-२ र तेलहनबाली-१ र पशुपन्छी तर्फ गाई/भैंसी-१ र बाख्रा-१ गरी जम्मा १२ वटा ब्लक विकास कार्यक्रमले निरन्तरता पाएका छन् भने गत आर्थिक वर्षमा यस कार्यक्रम अन्तर्गत कृषि तर्फ मकै-१, तरकारी-४, धान-१, आलु-१, सुन्तलाजात फलफूल-२ र तेलहनबाली-१ र पशुपन्छी तर्फ गाई/भैंसी-१, बंगुर-१ र बाख्रा-१ गरी जम्मा १३ वटा ब्लक विकास कार्यक्रम सञ्चालनमा रहेका थिए।

तालिका ४(ट): चालु आर्थिक वर्षमा घोषणा भइ संचालनमा रहेका ब्लक क्षेत्र

जिल्ला	विशिष्टीकृत बाली	ब्लक क्षेत्र (संख्या)
सिन्धुली	सुन्तलाजात	१
रामेछाप	तेलहन	१
दोलखा	सुन्तलाजात	१
सिन्धुपाल्चोक	तरकारी	१
काभ्रेपलाञ्चोक	-	-
भक्तपुर	तरकारी	१
ललितपुर	तरकारी	१
काठमाडौं	तरकारी	१
रसुवा	आलु	१
नुवाकोट	बाख्रा	१
धादिङ	धान	१
चितवन	गाई/भैंसी	१
मकवापुर	मकै	१
जम्मा		**१२**

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

कृषि विकास कार्यक्रम

४.२७ हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा आर्थिक वर्ष २०७७/७८ देखि हेटौंडा उपमहानगरपालिका वडा नम्बर ११ मा रू. २८ करोड ३६ लाख ५६ हजार कुल लागतमा बागमती प्रदेश सरकारको ७० प्रतिशत र हेटौंडा उपमहानगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा प्रादेशिक कृषि थोक बजारको निर्माण सम्पन्न भएको छ।

४.२८ बागमती प्रदेश सरकारको रू. ४५ करोड ५४ लाख ९४ हजारको लागतमा मकवानपुर जिल्लामा दैनिक ६० हजार लिटर दुध प्रशोधन गरी पाउडर बनाउने क्षमताको पाउडर दुध प्लान्ट निर्माण कार्य सम्पन्न भएको छ।

भूमिसुधार

४.२९ बागमती प्रदेशमा रहेका २३ वटा मालपोत कार्यालय र २३ वटा नापी कार्यालय मार्फत जग्गा प्रशासन सम्बन्धी कार्य भइरहेको छ।

४.३० बागमती प्रदेशमा नक्सा तथा स्रेस्ता सुधारका लागि बागमती प्रदेशका नापी/मालपोत कार्यलयमा बजेट पठाउने गरिएको छ। जग्गाको व्यवस्थित अभिलेखका लागि Provincial Spatial Data System बनाउन कार्यदिश समेत दिइएको छ।

४.३१ मकवानपुर जिल्लामा Co-ordinate Grow System (CGS) बाट नापी सुरु भई नापी कार्यालय मकवानपुरको प्राङ्गणमा Modern Survey Technique सहितको सर्भे पार्क निर्माण भएको छ।

४.३२ बागमती प्रदेशभित्र चक्लाबन्दी खेती प्रणाली, जग्गाको वर्गीकरण तथा भू-उपयोगको उचित व्यवस्थापन मार्फत भूमिको उत्पादनमूलक प्रयोग गर्ने कार्यलाई व्यवस्थित बनाउने सम्बन्धमा विभिन्न प्रयासहरु भइरहेका छन्।

नेपालमा वन क्षेत्र

४.३३ सन् २०२४ मा नेपालको वन क्षेत्र कुल भू-भागको ४६.०८ प्रतिशत पुगेको छ। सन् १९९० को दशकमा नेपालको कुल क्षेत्रको ३९.६ प्रतिशत वन क्षेत्र रहेकोमा सन् २०१५ मा ४४.७४ प्रतिशत र सन् २०१९ मा ४५.३१ प्रतिशत रहेको थियो।

४.३४ हाल नेपालमा वन क्षेत्रले ६३ लाख ९९ हजार ३ सय ४१ हेक्टर र झाडी-बुट्यान क्षेत्रले ३ लाख ९७ हजार ९ सय १६ हेक्टर भू-भाग ओगटेको छ। यसमध्ये कुल भू-भागको ४३.३८ प्रतिशत वन र २.७० प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल क्षेत्रफल ४६.०८ प्रतिशत रहेको छ। २०८१ असारसम्म वन क्षेत्रले ६१ लाख ६६ हजार ७ सय ६६ हेक्टर र झाडी-बुट्यान क्षेत्रले ५ लाख ३५ हजार १ सय ७९ हेक्टर भू-भाग ओगटेको थियो जसमध्ये कुल भू-भागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल वन क्षेत्र ४५.३१ प्रतिशत रहेको थियो।

४.३५ नेपालको भू-भागमध्ये ३४ हजार ४ सय २० वर्ग कि.मि. संरक्षित क्षेत्रको रूपमा रहेको छ। यो कुल भू-भागको २३.४ प्रतिशत हो। साथै, ११ वन संरक्षण क्षेत्र अन्तर्गत हालसम्म १ लाख ९४ हजार १ सय ५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ।

४.३६ २०८१ फागुनसम्म मध्यवर्ती तथा संरक्षित क्षेत्रमा १ हजार ६७ सामुदायिक वन समूह गठन भएका छन्। यस्तो क्षेत्रले करिब २ लाख ४० हजार ८ सय ७० हेक्टर क्षेत्रफल ओगटेको छ। त्यसैगरी, ८८ मध्यवर्ती कबुलियति वन मार्फत ५४९ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ। संरक्षित क्षेत्र व्यवस्थापनबाट मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रमा बस्ने ११ लाख ४२ हजार ५ सय ९९ जनसङ्ख्या लाभान्वित भएका छन्।

बागमती प्रदेशमा वन क्षेत्र

४.३७ नेपालमा रहेको कुल वन क्षेत्र ६३ लाख ९९ हजार ३ सय ४१ हेक्टर मध्ये बागमती प्रदेशमा हालसम्म १० लाख ९० हजार ८ सय ७६ हेक्टर वन क्षेत्र रहेको छ। नेपालको कुल वन क्षेत्रमा बागमती प्रदेशको हिस्सा १७.०५ प्रतिशत रहेको छ भने प्रदेशको कुल भू-भागको तुलनामा वन क्षेत्र ५३.७३ प्रतिशत रहेको छ।

४.३८ बागमती प्रदेशको कुल वन क्षेत्र मध्ये सबैभन्दा बढी वन क्षेत्र सिन्धुली जिल्लामा रहेको छ भने सबैभन्दा कम वन क्षेत्र भक्तपुर जिल्लामा रहेको छ। त्यसैगरी जिल्लाको कुल भू-भागको प्रतिशतको हिसाबले हेर्दा सबैभन्दा बढी वन क्षेत्र मकवानपुर जिल्लामा छ भने सबैभन्दा कम वन क्षेत्र भक्तपुर जिल्लामा रहेको छ।

तालिका ४(ठ): बागमती प्रदेशमा जिल्लागत वन क्षेत्रको स्थिति

जिल्ला	जिल्लाको क्षेत्रफल (हेक्टर)	वन क्षेत्र (हेक्टर)	जिल्लाको कुल भू-भागको तुलनामा वनको क्षेत्रफल (प्रतिशत)	प्रदेशको कुल वन क्षेत्रको हिस्सा (प्रतिशत
दोलखा	२१४८७०	१०७८४२	५०.१९	९.८९
रामेछाप	१५६५५३	६९३७३	४४.३१	६.३६
सिन्धुली	२४८६०४	१६६६९७	६७.०५	१५.२८
काभ्रेपलाञ्चोक	१३९४४३	७५३०८	५४.०१	६.९०
सिन्धुपाल्चोक	२४९०२५	११५८८३	४६.५३	१०.६२
रसुवा	१५०१२४	५४७५६	३६.४७	५.०२
नुवाकोट	११९३१६	५२०३९	४३.६१	४.७७
धादिङ	१९०६७५	९२७४३	४८.६४	८.५०
चितवन	२२३९७०	१४७४८९	६५.८५	१३.५२
मकवानपुर	२४४३६६	१६६५३३	६८.१५	१५.२७
भक्तपुर	१२३१०	२४७४	२०.१०	०.२३
ललितपुर	३९६८४	२४४६०	६१.६४	२.२४
काठमाडौं	४१३६१	१५२७९	३६.९४	१.४०
जम्मा	**२०३०३०१**	**१०९०८७६**	**५३.७३**	**१००.००**

स्रोतः वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, २०८१

४.३९ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म वन क्षेत्रको अन्य आय र संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने वन रोयल्टी गरी जम्मा रू. ८ करोड ७२ लाख संकलन भएको छ, जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.३५ प्रतिशत कम हो। आर्थिक वर्ष २०८०/८१ यस्तो संकलित रकम जम्मा रू. १९ करोड ८६ लाख रहेको थियो।

तालिका ४(ङ): बागमती प्रदेशमा वन क्षेत्रबाट संकलन भएको राजस्व (रू. करोडमा)

आय/राजस्व शीर्षक	आर्थिक वर्ष				फागुनसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२	प्रतिशत परिवर्तन
वन क्षेत्रको अन्य आय	३.२१	५.०६७	४.८१	३.६३	२.६७	१.०२	-०.६२
वन रोयल्टी (संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुनुअघिको)	७.३९	६.६३	१०.६३	१६.२३	१०.७९	७.७०	-०.२९
जम्मा	**१०.६०**	**११.७०**	**१५.४५**	**१९.८६**	**१३.४६**	**८.७२**	**-०.३५**

स्रोतः वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, २०८१

४.४० नेपालको कुल भू-भागमध्ये २३.४० प्रतिशत भू-भाग संरक्षित क्षेत्रमा पर्दछ। यस प्रदेशमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, लाङ्टाङ राष्ट्रिय निकुञ्ज र गौरीशङ्कर संरक्षण क्षेत्रको पूरै भू-भाग तथा चितवन र पर्सा राष्ट्रिय निकुञ्जको केही भू-भाग पर्दछन्। यस प्रदेशको ६०८५.४१ वर्ग किलोमिटर क्षेत्रफल अर्थात २९.९८ प्रतिशत संरक्षित क्षेत्रले ओगटेको छ।


तालिका ४(ढ): बागमती प्रदेश भित्र पर्ने संरक्षित क्षेत्रको अंश

संरक्षित क्षेत्रको नाम	जिल्ला	भित्री क्षेत्र (Core Area)	मध्यवर्ती क्षेत्र	जम्मा क्षेत्रफल (वर्ग कि.मि.)
चितवन राष्ट्रिय निकुञ्ज	चितवन	७१२.१३	४५६.५३	१२३३.७५
	मकवानपुर	५१.१७	१३.९२	
पर्सा राष्ट्रिय निकुञ्ज	मकवानपुर	७२.९०	१९२.१५	२६५.०५
शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	काठमाडौं	१०३.५४	४८.३१	२७७.६१
	नुवाकोट	३४.७२	५६.८९	
	सिन्धुपाल्चोक	९.८७	७.९०	
	धादिङ	१०.८७	५.५१	
लाङ्टाङ राष्ट्रिय निकुञ्ज	नुवाकोट	७३.१९	८९.९६	२१३०.००
	रसुवा	९६८.१९	९७.४३	
	सिन्धुपाल्चोक	६६८.६२	२३२.६१	
गौरीशङ्कर संरक्षित क्षेत्र	दोलखा	१३४६.९९	०.००	२१७९.००
	रामेछाप	४०५.५९	०.००	
	सिन्धुपाल्चोक	४२६.४२	०.००	
जम्मा		**४८८४.२**	**१२०१.२१**	**६०८५.४१**

स्रोतः वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, २०८१

४.४१ २०८१ फागुनसम्म बागमती प्रदेश भित्रका ४ हजार ५ सय ३ वटा सामुदायिक वन मार्फत ४२२७०६.२८ हेक्टर, ३ हजार ३ सय ३७ कबुलियती वन मार्फत १६५५२.४९ हेक्टर, ३९ धार्मिक वन मार्फत ३९८.९५ हेक्टर, २ वन संरक्षण क्षेत्र मार्फत ३२६७६.०५ हेक्टर, ५७९ निजी वन मार्फत ३६४.९२४ हेक्टर र ४ वनस्पति उद्यान क्षेत्र मार्फत १८९.४० हेक्टर वन क्षेत्र व्यवस्थापन गरिएको छ।

चार्ट ४(क): वन वर्गीकरण अनुसार बागमती प्रदेशभित्रका वन (संख्यामा)



स्रोतः वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, २०८१

४.४२ आर्थिक वर्ष २०८०/८१ मा ३ लाख १ हजार २ सय ३४ बिरुवा वितरण गरिएकोमा चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म २ लाख १३ हजार ३ सय ८१ बिरुवा वितरण गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा वन क्षेत्रबाट १६ लाख ७० हजार २ सय ४५ क्युविक फिट काठ उत्पादन भएकोमा आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म १८ लाख १७ हजार ८ सय ७५ क्युविक फिट काठ उत्पादन भएको छ।

४.४३ आर्थिक वर्ष २०८०/८१ मा ३ हजार १२ चट्टा दाउरा उत्पादन भएकोमा आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ५ हजार ७ सय २९ चट्टा दाउरा उत्पादन भएको छ।

तालिका ४(ण): वन पैदावार उत्पादन तथा आपूर्ति

आर्थिक वर्ष	विरुवा उत्पादन र वितरण (संख्या)	काठ (क्युविक फिट)	दाउरा (चट्टा)	गैहकाष्ट वन पैदावार (जडीबुटी तथा अन्य) (किलोग्राम)
२०७६/७७	१२९९५०९	१०४७७९४	७५९	२५५६७८
२०७७/७८	१९६०५१५	१७८५८३७	२६५७	१७३८१२
२०७८/७९	१२५४७९७	१८८३२४०	२१९५	५९०५००
२०७९/८०	८९२९३३	२३४४५१०	२६४९	६०४७५७
२०८०/८१	३०१२३४	१६७०२४५.७०	३०१२.२३	१०२७६१
२०८०/८१*	२८१३७०	१५६८७३४.०७	२२१९.४६	९३५६५४
२०८१/८२*	२१३३८१	१८१७८७५.१२	५७२९.२४	१८०५४६.७४

स्रोतः वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, २०८१ *फागुनसम्म

४.४४ भू तथा जलाधार संरक्षण कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा ३९० वटा खहरे तथा पहिरो उपचार संख्या रहेको थियो भने आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म २३० वटा खहरे तथा पहिरो उपचार संख्या रहेको छ। त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा १२१ वटा संरक्षण पोखरी निर्माण भएको थियो भने आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म २७ वटा संरक्षण पोखरी निर्माण भएका छन्।

तालिका ४(त): खहरे तथा पहिरो उपचार र संरक्षण पोखरी निर्माण

आर्थिक वर्ष	खहरे तथा पहिरो उपचार संख्या	संरक्षण पोखरी निर्माण संख्या
२०७६/७७	४४१	३५
२०७७/७८	२८२	२४
२०७८/७९	१२८४	३०
२०७९/८०	१४१७	२२
२०८०/८१	३९०	१२१
२०८१/८२*	२३०	२७

स्रोतः वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, २०८१ *फागुनसम्म

वनस्पति उद्यान क्षेत्र

४.४५ नेपालमा जम्मा ११ वटा वनस्पति उद्यानहरु रहेका छन्। यी उद्यानहरुको व्यवस्थापन वनस्पति विभागले गरिरहेको छ। बागमती प्रदेशमा राष्ट्रिय वनस्पति उद्यान गोदावरी, वृन्दावन वनस्पति उद्यान मकवानपुर, टिस्टुङ्ग वनस्पति उद्यान मकवानपुर र पर्वतीय वनस्पति उद्यान दामन, गरी जम्मा ४ वटा वनस्पति उद्यान रहेका छन्।

५. गरिबी निवारण, श्रम तथा रोजगारी

५.१ बागमती प्रदेश सरकारले अवलम्बन गरेको नीतिगत व्यवस्था र लक्षित कार्यक्रमको कार्यान्वयनबाट यस प्रदेश भित्र निरपेक्ष गरिबी क्रमशः घट्दै गएको छ। दिगो, समावेशी आर्थिक विकास तथा सामाजिक न्याय हासिल गर्ने सोचका साथ नागरिकलाई गरिबीको दुश्चक्रबाट मुक्त गराउन बागमती प्रदेश सरकारले गरिबी निवारण सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। स्वदेशभित्र लाभजन्य रोजगारीका अवसर सीमित रहँदा रोजगारीको लागि विदेशिने क्रम बढ्दै गएको छ। गरिबी निवारण तथा रोजगार लक्षित कार्यक्रमहरु सञ्चालन गरी नागरिकको जीवनस्तर अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ। विकासका हरेक क्रियाकलाप र आयोजनाहरुलाई गरिबी निवारणको लक्ष्यसँग आबद्ध गरी कार्यान्वयन गर्न सकिएमा गरिबी निवारणमा सघाउ पुग्ने देखिन्छ।


५.२ गरिबीको रेखामुनि रहेको जनसङ्ख्या वि.सं. २०८७ सम्ममा ५ प्रतिशत र वि.सं. २१०० सम्ममा शून्यमा झार्ने नेपाल सरकारको राष्ट्रिय लक्ष्य रहेको छ। सोही लक्ष्यलाई पछ्याउँदै बागमती प्रदेश सरकारले गरिबी निवारणका क्षेत्रहरुलाई प्राथमिकता दिई लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

गरिबीको स्थिति

५.३ नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८० अनुसार नेपालमा गरिबीको रेखा प्रतिव्यक्ति प्रति वर्ष रू. ७२ हजार ९ सय ८ निर्धारण गरिएको छ। जसमध्ये खाद्य गरिबीको रेखा रू. ३५ हजार २९ र गैर खाद्य गरिबीको रेखा रू. ३७ हजार ८ सय ७९ रहेको छ।

५.४ नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या २०.२७ प्रतिशत र बहुआयामिक गरिबीको जनसंख्या १७.४ प्रतिशत रहेकोमा बागमती प्रदेशको निरपेक्ष गरिबी १२.५९ प्रतिशत र बहुआयामिक गरिबी ७.० प्रतिशत रहेको छ। जुन राष्ट्रिय औसतभन्दा कम रहेको छ।

चार्ट ५(क): प्रदेशगत गरिबीको दर र बहुआयामिक गरिबी (प्रतिशत)



स्रोतः नेपाल जीवनस्तर सर्वेक्षण, चौथो, २०७९/८० र राष्ट्रिय योजना आयोग, २०७९

५.५ हाल नेपालमा गरिबीको विषमता (Poverty Gap) (जसले गरिबीमा रहेको जनसंख्या गरिबीको रेखाबाट कति टाढा रहेका छन् भन्ने जानकारी गराउँछ) ४.५२ प्रतिशत र गरिबीको गहनता १.४८ प्रतिशत रहेकोमा बागमती प्रदेशको गरिबीको विषमता २.६४ प्रतिशत र गरिबीको गहनता (Squared Poverty Gap) ०.८९ प्रतिशत रहेको छ। बागमती प्रदेशमा गरिबीको फैलावट १२.६८ प्रतिशत रहेको छ।

तालिका ५(क): प्रदेश अनुसारको गरिबीको स्थिति

प्रदेश	गरिबीको दर	बहुआयामिक गरिबी	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
कोशी	१७.१९	१५.९	३.८४	१.२५	१३.८०	१६.२६
मधेश	२२.५३	२४.२	४.६२	१.३६	२५.६०	२२.५६
बागमती	**१२.५९**	**७.०**	**२.६४**	**०.८९**	**१२.६८**	**२०.४२**
गण्डकी	११.८८	९.६	२.३३	०.७१	४.८८	८.३४
लुम्बिनी	२४.३५	१८.२	५.८	१.९९	१२.७६	१८.९६
कर्णाली	२६.६९	३९.५	६.२५	२.१६	६.७४	५.१२
सुदूरपश्चिम	३४.१६	२५.३	८.४१	२.८७	१४.००	८.३२
नेपाल	**२०.२७**	**१७.४**	**४.५२**	**१.४८**	-	-

स्रोतः नेपाल जीवनस्तर सर्वेक्षण, चौथो, २०७९/८० र राष्ट्रिय योजना आयोग, २०७९

श्रम तथा रोजगारी

५.६ नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो) अनुसार नेपालमा काम गर्ने उमेर समूहको जनसंख्या २ करोड ७ लाख ४४ हजार रहेकोमा ७० लाख ८६ हजार रोजगार र ९ लाख

८ हजार बेरोजगार रहेका छन्। बागमती प्रदेशमा काम गर्ने उमेर समूहको जनसंख्या ४८ लाख ६५ हजार रहेकोमा २१ लाख २९ हजार रोजगार र १ लाख ६१ हजार बेरोजगार रहेका छन्।

५.७ नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो) अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत र रोजगारी-जनसंख्या (Employment-to-Population-Ratio) ३४.२ प्रतिशत रहेकोमा बागमती प्रदेशको बेरोजगारी दर ७ प्रतिशत र रोजगारी-जनसंख्या (Employment-to-Population-Ratio) ४३.८ प्रतिशत रहेको छ।

तालिका ५(ख): बागमती प्रदेशको श्रम बजारका मुख्य सूचकहरु

विवरण	काम गर्ने उमेर समुहको जनसंख्या (हजारमा)	रोजगार (हजारमा)	बेरोजगार (हजारमा)	श्रम शक्तिमा नभएका (हजारमा)	श्रम शक्ति (हजारमा)	बेरोजगारी दर (प्रतिशत)	रोजगार र जनसंख्या अनुपात (EPR प्रतिशत)
नेपाल	२०७४४	७०८६	९०८	१२७५०	७९९४	११.४	३४.२
बागमती	४८६५	२१२९	१६१	२५७५	२२९०	७.०	४३.८
पुरुष							
नेपाल	९२०८	४४४६	५११	४२५०	४९५८	१०.३	४८.३
बागमती	२३५९	१३१०	९७	९५१	१४०८	६.९	५५.६
महिला							
नेपाल	११५३७	२६४०	३९७	८५००	३०३६	१३.१	२२.९
बागमती	२५०६	८१९	६३	१६२४	८८२	७.२	३२.७

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो), राष्ट्रिय तथ्याङ्क कार्यालय

५.८ नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो) अनुसार नेपालमा पुरुष बेरोजगारी दर १०.३ प्रतिशत र महिला बेरोजगारी दर १३.१ प्रतिशत रहेकोमा बागमती प्रदेशमा पुरुष बेरोजगारी दर ६.९ प्रतिशत र महिला बेरोजगारी दर ७.२ प्रतिशत रहेको छ।

औपचारिक र अनौपचारिक क्षेत्रमा रोजगारीको अवस्था

५.९ नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो) अनुसार बागमती प्रदेशमा रोजगारीमा संलग्न श्रमिक मध्ये १० लाख २७ हजार औपचारिक क्षेत्रमा संलग्न रहेका छन् भने ११ लाख २ हजार अनौपचारिक क्षेत्रमा काम गर्ने गरेका छन्। मुलुकभर कुल २६ लाख ७५ हजार औपचारिक क्षेत्रमा काम गर्ने जनसंख्या मध्ये ३८.३९ प्रतिशत हिस्सा बागमती प्रदेशको

रहेको छ भने कुल ४४ लाख ११ हजार अनौपचारिक क्षेत्रमा काम गर्ने जनसंख्या मध्ये २४.९८ प्रतिशत हिस्सा बागमती प्रदेशको रहेको छ।

५.१० बागमती प्रदेशमा औपचारिक क्षेत्रमा कार्यरत श्रमिक मध्ये कृषि क्षेत्रमा २५ हजार र गैर कृषि क्षेत्रमा १० लाख २ हजार श्रमिक संलग्न रहेका छन्। त्यसैगरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक मध्ये कृषि क्षेत्रमा २ लाख ४५ हजार र गैर कृषि क्षेत्रमा ८ लाख २६ हजार श्रमिक संलग्न रहेका छन्।

तालिका ५(ग): बागमती प्रदेशमा औपचारिक र अनौपचारिक क्षेत्रमा रोजगारीको अवस्था

विवरण	संख्या (हजारमा)		प्रतिशतमा		बागमती प्रदेशको हिस्सा (प्रतिशत)
	बागमती	नेपाल	बागमती	नेपाल	
औपचारिक क्षेत्र	१०२७	२६७५	४८.२	३७.८	३८.३९
कृषि	२५	९०	१.२	१.३	२७.७८
गैर कृषि	१००२	२५८६	४७	३६.५	३८.७५
अनौपचारिक क्षेत्र	११०२	४४११	५१.८	६२.२	२४.९८
कृषि	२४५	१४३४	११.५	२०.२	१७.०८
गैर कृषि	८२६	२९०४	३८.८	४१	२८.४४

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो), राष्ट्रिय तथ्याङ्क कार्यालय

क्रियाशील जनसंख्या

५.११ नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो) अनुसार नेपालको जम्मा क्रियाशील जनसंख्या १ करोड २ लाख ७० हजार ४ सय ४७ रहेकोमा ६० लाख ४३ हजार पुरुष र ४२ लाख २७ हजार ३ सय ६० महिला रहेका छन्। बागमती प्रदेशको जम्मा क्रियाशील जनसंख्या २४ लाख १० हजार ४ सय ९८ मध्ये १४ लाख ३३ हजार ५ सय ४५ पुरुष र ९ लाख ७६ हजार ९ सय ५३ महिला रहेका छन्।

तालिका ५(घ): रोजगारी क्षेत्रमा रहेको क्रियाशील जनसंख्या

विवरण	संख्या			प्रतिशत	
	पुरुष	महिला	जम्मा	पुरुष	महिला
बागमती प्रदेश	१४३३५४५	९७६९५३	२४१०४९८	५९.४७	४०.५३
नेपाल	६०४३०८७	४२२७३६०	१०२७०४४७	५९	४१

स्रोतः नेपाल श्रम शक्ति सर्वेक्षण, २०१७/१८ र राष्ट्रिय तथ्याङ्क कार्यालय, २०१७/१८

वैदेशिक रोजगारी

५.१२ २०८१ फागुनसम्म बागमती प्रदेशका जिल्लाहरूबाट जम्मा ८८ हजार ४ सय ८७ जनाले श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका छन्। उक्त अवधिमा सबैभन्दा बढी चितवन जिल्लाबाट र सबैभन्दा कम रसुवा जिल्लाबाट वैदेशिक रोजगारीका लागि विदेशिएका छन्।

तालिका ५(ङ): श्रम स्वीकृति लिई विदेशिने युवाहरुको विवरण (संख्यामा)

जिल्ला	आर्थिक वर्ष												२०८१/८२ फागुनसम्म		
	२०७७/७८			२०७८/७९			२०७९/८०			२०८०/८१					
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
दोलखा	२७१	९१३	**११८४**	३१४०	२५०१	**४९११**	१५०४	५०६७	**६५७१**	१६७८	२९७४	**४६५०**	३६९७	१२११	**४९०८**
रामेछाप	२५६	१०७०	**१३२६**	२७८४	२७६६	**५५४०**	१५१५	६०४७	**७६२२**	१६२७	५८०४	**७४३१**	४१९१	१२११	**५४०२**
सिन्धुली	१८१	१५६७	**१७४८**	३१५०	४३८२	**७३३२**	१५९०	९१७५	**१०७६५**	१६४१	८५३२	**१०१७३**	५८८७	११०२	**६९८९**
काभ्रेपलाञ्चोक	५०६	१७८१	**२२८७**	४७८०	४५८६	**९३४६**	२९५७	८९९१	**११९४८**	३१४४	८६९३	**११८३७**	६१९१	२२५६	**८४४७**
सिन्धुपाल्चोक	८४३	१६४९	**२४९२**	४३८५	४९०६	**९२९१**	३६०२	८४०१	**१२००३**	३६२९	७९५९	**११५८८**	५७४४	२७६६	**८४८०**
रसुवा	२१५	१६७	**३८२**	४९२	६२६	**११८**	३९१	१००१	**१३९२**	४६१	१०१०	**१४७१**	७२७	३४४	**१०७१**
नुवाकोट	४४८	१६६८	**२११६**	४३७६	४००२	**८३७८**	२४३४	७५३२	**९९६६**	२९०१	७७४४	**१०६४५**	५६९३	१९४५	**७५३८**
धादिङ	३०२	२०९२	**२३९४**	४६२७	४६००	**९२२७**	२१३१	१०४०९	**१२५४०**	२५५०	९९५६	**१२५०६**	७७६९	१७५३	**९१२२**
चितवन	४११	३७०५	**४११६**	८४३९	५४९६	**१३९३५**	२३०५	१३५१८	**१५८२३**	२८८५	१५३६३	**१८२४८**	११५५२	२२३५	**१३७८७**
मकवानपुर	५४४	१८८४	**२४२८**	४९४२	५३२०	**१०२६२**	३३९४	९७०७	**१३१०१**	३६१५	१०१९२	**१३८०७**	७८७	२६८४	**९९६०**
भक्तपुर	१३३	४४८	**५८१**	११०८	६७१	**१७७९**	६१६	३०६९	**३६८५**	८१९	२८३५	**३६५४**	२५३३	५७१	**३१०४**
ललितपुर	२२१	६२६	**८४७**	१८७५	१३०१	**३१७६**	११२७	२७५५	**३८९२**	१३९३	३०२२	**४१९५**	२२१६	१०४६	**३२६२**
काठमाडौं	६४६	१५४६	**२१९२**	४२३७	२७८८	**७०१५**	२६०४	५०८०	**७८४**	२९३७	५८५९	**८७९६**	४२१९	२०९८	**६३१७**
जम्मा			**२४०९३**			**९१५१०**			**११६९३२**			**११९२२१**			**८८४८७**

स्रोतः वैदेशिक रोजगार विभाग, २०८१

सामाजिक सुरक्षा कोषमा आबद्धता

५.१३ २०८१ फागुनसम्म बागमती प्रदेश भित्रका कुल १३ हजार ७ सय ९२ रोजगारदाता र ४ लाख ३२ हजार १ सय ६६ योगदानकर्ता सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्। चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ६६४ रोजगारदाता र ४५ हजार ९ सय ८६ योगदानकर्ता सूचीकृत भएका छन्।

तालिका ५(च): बागमती प्रदेशमा सामाजिक सुरक्षा कोषमा आबद्ध भएका रोजगारदाता तथा योगदानकर्ता (संख्या)

विवरण	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म	जम्मा
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१		
सूचीकृत रोजगारदाता	५९७७	१६९४	१६७०	६४१	६७२	६६४	१३७९२
सूचीकृत योगदानकर्ता	९६९५९	८७५४३	६००७८	६१२६५	६०५८५	४५९८६	४३२१६६

स्रोतः सामाजिक सुरक्षा कोष, २०८१

प्रधानमन्त्री रोजगार कार्यक्रम

५.१४ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रधानमन्त्री रोजगार कार्यक्रमबाट बागमती प्रदेशमा रोजगारीमा संलग्न भई भुक्तानी प्राप्त व्यक्तिको संख्या ९२० रहेका छन् भने औसत रोजगारी दिन ६१ रहेको छ।

तालिका ५(छ): प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण

प्रदेश	स्थानीय तहको सङ्ख्या	आयोजना प्रविष्ट गरेका स्थानीय तहको सङ्ख्या	आयोजना सङ्ख्या	रोजगारीमा संलग्न भई भुक्तानी प्राप्त व्यक्तिको सङ्ख्या	कुल रोजगारी प्रदान गरिएको दिन	प्रदान गरिएको औसत दिन
कोशी	१३७	९९	९६६	१०३४	६७८२२	६६
मधेश	१३६	५७	४५७	५६२	१९५४५	३५
बागमती	**११९**	**९६**	**११३१**	**९२०**	**५६४९४**	**६१**
गण्डकी	८५	५९	७८९	४४५	२१२६७	४८
लुम्बिनी	१०९	८१	९५७	३४७	१८९८४	५५
कर्णाली	७९	६८	७३५	४७०	४४१०४	९४
सुदूरपश्चिम	८८	७७	१०३४	४४५	३०२१५	६८
जम्मा	**७५३**	**५३७**	**६०६९**	**४२२३**	**२५८४३१**	**६१**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

*फागुनसम्म

५.१५ चालु आर्थिक वर्षको फागुनसम्म देशभरका ७ लाख ९७ हजार ७ सय २५ बेरोजगार सूचीकृतमध्ये बागमती प्रदेशमा ९१ हजार ८ सय ४९ जना रहेका छन्।

तालिका ५(ज): सूचीकृत भएका बेरोजगारहरूको प्रदेशगत विवरण (सङ्ख्यामा)

प्रदेश	२०७७/७८	२०७८/ ७९	२०७९/८०	२०८०/ ८१	२०८१/ ८२*
कोशी	९९६०६	९१७६३	१०५४७८	११०९८३	१०६६१५
मधेश	८२८१३	८२१२७	९६१९०	१२४३९४	१०६०३८
बागमती	**९८७८६**	**८२७५६**	**९६०९१**	**१०२६६३**	**९१८४९**
गण्डकी	५९०३०	४९०४७	५३३९६	६०३८३	६१८१४
लुम्बिनी	११४३८१	८६८८२	१०३९३८	९८८२६	८३१२०
कर्णाली	१४२८३४	१५३७४६	१९८१४६	२१०६६४	१०८३५३
सुदूरपश्चिम	१५४९८९	११६१९२४	१८८१४०	१७७२४१	१३९९३६
जम्मा	**७५२४४८**	**७०८२४५**	**८४१३७९**	**८८५१५४**	**७९७७२५**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२ अर्थ मन्त्रालय

*फागुनसम्म

५.१६ चालु आर्थिक वर्षको फागुनसम्म बागमती प्रदेशमा जम्मा सूचीकृत बेरोजगार ९१ हजार ८ सय ४९ मध्ये ६८ हजार ७ सय ७१ जना न्यूनतम रोजगारीमा खटिएका छन्।

तालिका ५(झ): न्यूनतम रोजगारीमा खटिएका व्यक्तिहरूको प्रदेशगत विवरण

प्रदेश	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२*	२०८१ फागुनसम्म
कोशी	२८८५०	२३४६१	१३८९९	१११४१	१०३४	७८३८५
मधेश	१६५६३	१५५६०	१२७१०	१०६६०	५६२	५६०२५
बागमती	**२५०५७**	**२१३५९**	**११४९७**	**९९३८**	**९२०**	**६८७७१**
गण्डकी	१४०९९	१११९३	७४२४	७२२१	४४५	४०३८२
लुम्बिनी	२७३२४	२१७४३	१२३८७	८७२९	३४७	७०५३०
कर्णाली	२९६८६	३५१४०	१७०६४	९१७२	४७०	९१५३२
सुदूरपश्चिम	३७८८८	३५३३४	१६७०४	७८७२	४४५	९८२४३
जम्मा	**१७९४६७**	**१६३७६०**	**९१६८५**	**६४७३३**	**४२२३**	**५०३८६८**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२ अर्थ मन्त्रालय *फागुनसम्म

६. ऊर्जा, जलस्रोत, सिंचाइ तथा खानेपानी

ऊर्जामा पहुँच

६.२ २०८१ फागुनसम्म मुलुकभर कुल जनसङ्ख्याको ९९.० प्रतिशत जनसङ्ख्यामा विद्युत्को पहुँच (वैकल्पिक ऊर्जासहित) पुगेको छ भने बागमती प्रदेशमा ९९.९७ प्रतिशत जनसङ्ख्यामा विद्युत्को पहुँच पुगेको छ।

तालिका ६(क): राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत् पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या (प्रतिशतमा)

प्रदेश	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१*
कोशी	८६.३	८२.४३	९६.९५	९७.०	९९.३	९९.३
मधेश	८७.२५	९९.०५	९९.६६	१००.०	१००.०	१००.०
बागमती	**९५.८३**	**९४.४४**	**९५.९१**	**९६.०**	**९९.९७**	**९९.९७**
गण्डकी	८७.४८	९२.७९	९५.६८	९८.०	९९.४	९९.४
लुम्बिनी	८९.०७	९१	९४.९१	९५.०	९८.५	९८.५
कर्णाली	२७.७४	३४.७५	४३.८७	४४.०	७३.४	७३.४
सुदूरपश्चिम	६७.३३	६४.६९	७१.०७	७३.०	८६.६	८६.६
नेपाल (वैकल्पिक ऊर्जासहित)	**९०.०**	**९३.०**	**९४.०**	**९५.०**	**९७.०**	**९९.०**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय *फागुनसम्म

६.३ विद्युत उत्पादन क्षमतामध्ये प्रदेशगत रूपमा २०८१ फागुनसम्म बागमती प्रदेशमा रहेका आयोजनाबाट करिब ४५.० प्रतिशत विद्युत् उत्पादनमा योगदान हुने गरेको छ।

तालिका ६(ख): प्रदेशगत विद्युत् उत्पादन क्षमता, मे.वा. (वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबाट उत्पादित विद्युत् बाहेक)

प्रदेश	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२*
कोशी	२३८	२८०	३४५	४८९	६१७	६३१
मधेश	०	१३	२१	२५	२५	३५
बागमती	**४५६**	**४७२**	**१०४६**	**११४९**	**१३२७**	**१५८८**
गण्डकी	५११	५२९	५९५	८३१	९३२	१००२
लुम्बिनी	२२	३१	३१	४७	७८	७८
कर्णाली	११	११	११	१६	११	११
सुदूरपश्चिम	५२	५२	५८	१२०	१६७	१६७
जम्मा	**१२९०**	**१३८८**	**२१०७**	**२६७७**	**३१५७**	**३५१२**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय *फागुनसम्म

सौर्य विद्युत तथा खानेपानी आयोजना

६.४ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा ४४६ संस्थागत सौर्य ऊर्जा प्रणालीबाट १३२०.२९५ किलोवाट विद्युत् उत्पादन गरिएको छ। बागमती प्रदेशभित्र ३ सौर्य तथा सौर्य वायु मिनीग्रेडले ९० किलोवाट विद्युत् उत्पादान गरी कुल २५० घरधुरी लाभान्वित भएका छन्। प्रदेशभर जम्मा २४ वटा सौर्य खानेपानी आयोजना संचालनमा रहेका छन्।

तालिका ६(ग): व्यवसायिक तथा संस्थागत सौर्य विद्युत तथा खानेपानी आयोजना

जिल्ला	सौर्य तथा सौर्य वायु मिनीग्रिड			संस्थागत सौर्य ऊर्जा प्रणाली		सौर्य खानेपानी आयोजना (संख्या)
	संख्या	क्षमता (किलोवाट)	घरधुरी	संख्या	क्षमता (किलोवाट)	
दोलखा	१	३०	४५	१२५	१६५.०३	-
रामेछाप	-	-	-	१००	१४१.८८	१२
सिन्धुली	१	३५	९०	३६	५५.५	७
काभ्रेपलाञ्चोक	-	-	-	३९	३८.२	२
सिन्धुपाल्चोक	-	-	-	५३	६२.५	-
रसुवा	-	-	-	-	-	-
नुवाकोट	-	-	-	३	३	-
धादिङ	-	-	-	२७	३५.२८५	-
चितवन	-	-	-	२५	७७.१	-
मकवानपुर	१	२५	११५	२५	५०.५	२
भक्तपुर	-	-	-	-	-	-
ललितपुर	-	-	-	४	१९.५	१
काठमाडौं	-	-	-	९	३२८	-
जम्मा	**३**	**९०**	**२५०**	**४४६**	**१३२०.२९५**	**२४**

स्रोतः वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, २०८१

प्रमुख नदी प्रणाली

६.५ बागमती प्रदेशमा कुल १० वटा उप-जलाधार प्रणालीहरु (Sub-basins) रहेकोमा कुल उप-जलाधार प्रणालीको क्षेत्रफल २० हजार ३ सय वर्ग किलोमिटर रहेको छ। सो मध्ये सबैभन्दा बढी क्षेत्रफल त्रिशुली उप-जलाधार प्रणालीको र सबैभन्दा कम लाल बकैयाको रहेको छ।

तालिका ६(घ): बागमती प्रदेशका उप-जलाधार प्रणाली

उप-जलाधार प्रणालीहरु	क्षेत्रफल (वर्ग कि. मि.)	क्षेत्रफल (प्रतिशत)
बागमती	२८४५.९३	१४.०२
बुढी गण्डकी	९६५.८४	४.७६
कमला	९६७.४३	४.७७
तल्लो नारायणी	३३८४.१४	१६.६७
तल्लो सुनकोशी	१३६१	६.७०
लिखु	१३०४.४६	६.४३
लाल बकैया	३७४.४९	१.८४
तामाकोशी	२१६२.८१	१०.६५
त्रिशुली	३९२८.५६	१९.३५
माथिल्लो सुनकोशी	३००५.५३	१४.६१
जम्मा	**२०३००**	**१००**

स्रोतः प्रदेश वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७५

सिंचाइ

६.६ बागमती प्रदेशको कुल क्षेत्रफल २० लाख ३० हजार ४ सय ४३ हेक्टर मध्ये खेतीयोग्य जमिन ५ लाख २१ हजार ९ सय ६१ हेक्टर अर्थात् २५.७० प्रतिशत रहेको छ। कुल खेतीयोग्य जमिन मध्ये सिंचाइयोग्य जमिन २ लाख ५८ हजार ३ सय ७१ हेक्टर अर्थात् खेतियोग्य जमिनको ४९.५० प्रतिशत र सिंचाइयोग्य जमिन मध्ये २०८१ फागुनसम्म सिंचाइ सुविधा पुगेको जमिन १ लाख ३२ हजार २ सय ५६ हेक्टर अर्थात् सिंचाइयोग्य जमिनको ५१.१८ प्रतिशत रहेको छ। जिल्लागत रुपमा खेतीयोग्य जमिन सबैभन्दा बढी सिन्धुलीमा र सबैभन्दा कम भक्तपुरमा रहेको छ।

तालिका ६(ङ): जिल्लागत सिंचाइ सुविधा

जिल्ला	कुल क्षेत्रफल (हेक्टर)	खेतीयोग्य जमिन (हेक्टर)	सिंचाइयोग्य जमिन (हेक्टर)	सिंचाइ सुविधा पुगेको जमिन (हेक्टर)
दोलखा	२१४८८५	५६६८३	२८०५८.०८५	७८७१
रामेछाप	१५६५३९	५०९८०	२५२३५.१००	१०३००
सिन्धुली	२४८६१९	६२७१३	३१०४२.९३५	७६०९
काभ्रेपलाञ्चोक	१३९४३६	५८१२३	२८७७०.८८५	१२४६०
सिन्धुपाल्चोक	२४९२१३	३५६५९	१७६५१.२०५	८८५४
रसुवा	१५०११५	९४५०	४६७७.७५०	३५७३

जिल्ला	कुल क्षेत्रफल (हेक्टर)	खेतीयोग्य जमिन (हेक्टर)	सिंचाइयोग्य जमिन (हेक्टर)	सिंचाइ सुविधा पुगेको जमिन (हेक्टर)
नुवाकोट	११९३२७	४५२५२	२२३९९.७४०	१८३७७
धादिङ	१९०६६४	४८१३६	२३८२७.३२०	१३०२८
चितवन	२२३९९७	६०२२३	२९८१०.३८५	३१८८१
मकवानपुर	२४४३२३	६२०१७	३०६९८.४१५	८६९३
भक्तपुर	१२३५९	६४५०	३१९२.७५०	२२५४
ललितपुर	३९६३७	११०६८	५४७८.६६०	३६३३
काठमाडौं	४१३२९	१५२०७	७५२७.४६५	३७२३
कुल जम्मा	**२०३०४४३**	**५२१९६१**	**२५८३७१**	**१३२२५६**

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश, २०८१

६.७ २०८१ फागुनसम्म बागमती प्रदेश भित्र सिंचाइ सुविधा पुगेको जमिन मध्ये सतह सिंचाइ प्रणालीबाट १ लाख २० हजार १८ हेक्टर अर्थात् ९०.७५ प्रतिशत र भूमिगत सिंचाइ प्रणालीबाट १२ हजार २ सय ३८ हेक्टर अर्थात् ९.२५ प्रतिशत जमिन सिंचित रहेको छ।

तालिका ६(च): बागमती प्रदेशमा कुल सिंचाइ सुविधा पुगेको भू-भाग

विवरण	कुल क्षेत्रफल (हेक्टर)	प्रतिशत
सतह सिंचाइ	१२००१८	९०.७५
भूमिगत सिंचाइ	१२२३८	९.२५
जम्मा	१३२२५६	१००.००

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश, २०८१

खानेपानी तथा सरसफाइ

६.८ २०८१ फागुनसम्म बागमती प्रदेशमा जम्मा घरधुरीको ९२.३५ प्रतिशत घरधुरीमा आधारभूत खानेपानी सुविधा पुगेको छ भने १४.९० प्रतिशत घरधुरीमा सुरक्षित खानेपानी सुविधा पुगेको छ। यसैगरी, ९८.४० प्रतिशत घरधुरीमा शौचालय तथा आधारभूत सरसफाइ सुविधा पुगेको छ।

तालिका ६(छ): खानेपानी तथा सरसफाइ सुविधा (प्रतिशत)

प्रदेश	आधारभुत खानेपानीको सुविधा प्राप्त गर्ने घरधुरी	सुरक्षित खानेपानी पुगेको जनसंख्या	खाना बनाउनको लागि ठोस ऊर्जाको उपयोग	शौचालयको सुविधा प्राप्त घरधुरी	आधारभूत सरसफाइ सुविधा पुगेको जनसंख्या
बागमती	९२.३५	१४.९०	२९.००	९८.४०	९८.४०

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश, २०८१

६.९ २०८१ फागुनसम्म बागमती प्रदेशमा रहेका जम्मा १५ लाख ६७ हजार ९ सय १७ घरधुरी मध्ये आधारभूत खानेपानीको सुविधा पुगेको घरधुरी जम्मा संख्या १४ लाख ४७ हजार ९ सय ३० अर्थात् ९२.३५ प्रतिशत रहेको छ। बागमती प्रदेश भित्र सबैभन्दा बढी दोलखा जिल्लामा जम्मा घरधुरीको ९७.०२ प्रतिशत घरधुरीमा आधारभूत खानेपानी सुविधा पुगेको छ भने सबैभन्दा कम सिन्धुली जिल्लामा जम्मा घरधुरीको ८५.१० प्रतिशत घरधुरीमा आधारभूत खानेपानी सुविधा पुगेको छ।

तालिका ६(ज): बागमती प्रदेशमा आआरभूत खानेपानी सेवा पुगेको जिल्लागत विवरण

जिल्ला	जम्मा घरधुरी (२०७८ को जनगणना अनुसार)	आधारभूत खानेपानी सेवा पुगेको घरधुरी (२०८१ फागुनसम्म)	प्रतिशत
दोलखा	४९४९३	४८०१७	९७.०२
रामेछाप	४६४६६	४२५३०	९१.५३
सिन्धुली	६९३१७	५८९८६	८५.१०
काभ्रेपलाञ्चोक	९१३३०	७८२२५	८५.६५
सिन्धुपाल्चोक	७१६९७	६३५८५	८८.६९
रसुवा	१११३१	१०७८२	९६.८६
नुवाकोट	६८६४६	६०३९०	८७.९७
धादिङ	८३६२२	७९७७९	९५.४०
चितवन	१७९१३७	१६४४२२	९१.७७
मकवानपुर	१०५३२०	१०००५६	९४.७३
भक्तपुर	१०८४०६	१०३४२३	९५.४०
ललितपुर	१४०१३०	१२७६११	९१.०७
काठमाडौं	५४२८९२	५१०१२४	९३.९६
जम्मा	**१५६७९१७**	**१४४७९३०**	**९२.३५**

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश, २०८१

६.१० आर्थिक वर्ष २०८०/८१ सम्म बागमती प्रदेश भित्रका १४ लाख ४० हजार ८ सय ९६ घरधुरीमा आधारभूत खानेपानी सुविधा उपलब्ध भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ७ हजार ३४ घरधुरीमा सो सुविधा बिस्तार भई १४ लाख ४७ हजार ९ सय ३० घरधुरीमा आधारभूत खानेपानी सुविधा पुगेको छ।

तालिका ६(झ): खानेपानी सुविधा (घरधुरी संख्यामा)

जिल्ला	आर्थिक वर्ष					फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
दोलखा	३९६९२	४१३४६	४३०६९	४४८६४	४६७३३	४८०१७
रामेछाप	३५८४३	३७३३६	३८८९२	४०५१३	४२२०१	४२५३०
सिन्धुली	४९९०४	५१९८३	५४१४९	५६४०५	५८७५५	५८९८६
काभ्रेपलाञ्चोक	६६०५७	६८८०९	७१६७६	७४६६२	७७७३	७८२२५
सिन्धुपाल्चोक	५३६५८	५५८९४	५८२२३	६०६४९	६३१७६	६३५८५
रसुवा	८९१५	९२८६	९६७३	१००७६	१०४९६	१०७८२
नुवाकोट	५०९५०	५३०७३	५५२८४	५७५८८	५९९८८	६०३९०
धादिङ	६६८८८	६९६७५	७२५७८	७५६०२	७८७५२	७९७७९
चितवन	१३८८६१	१४४६४७	१५०६७४	१५६९५२	१६३४९२	१६४४२२
मकवानपुर	८४४०५	८७९२२	९१५८५	९५४०१	९९३७६	१०००५६
भक्तपुर	८६९८८	९०६१३	९४३८९	९८३२२	१०२४१९	१०३४२३
ललितपुर	१०८३८७	११२९०३	११७६०७	१२२५०७	१२७६११	१२७६११
काठमाडौं	४३३२७२	४५१३२५	४७०१३०	४८९७१९	५१०१२४	५१०१२४
जम्मा	**१२२३८२०**	**१२७४८१२**	**१३२७९२९**	**१३८३२६०**	**१४४०८९६**	**१४४७९३०**

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश, २०८१

६.११ २०८१ फागुनसम्म प्रदेश भित्रका १० लाख ६८ हजार ९ सय ९३ घरपरिवारले धारा, ७४ हजार ७ सय ४९ घरपरिवारले ट्युववेल तथा ह्याण्ड पम्प, ३७ हजार ३ सय घरपरिवारले इनार तथा कुवा (ढाकिएको) र ४१ हजार ८ सय २२ घरपरिवारले खुला कुवालाई खानेपानीको स्रोतको रुपमा प्रयोग गरेका छन्।

तालिका ६(अ): जिल्लागत खानेपानीको स्रोतको रुपमा प्रयोग गर्ने घरधुरी संख्या

जिल्ला	धारा	ट्युववेल, ह्याण्ड पम्प	इनार, कुवा (ढाकिएको)	खुला कुवा	खोला, नदी	अन्य	उल्लेख नगरिएको
दोलखा	४६०५३	-	१४५	६८१	११०	६०	२४४४
रामेछाप	४२४०९	-	४००	१२८९	५३७	३६	१७९५
सिन्धुली	४७४११	३११३	३६८२	१००५७	४४०	६४	४५५०
काभ्रेपलाञ्चोक	७३१८१	२७५	४१०३	३९३२	५४४	२७०	९०२५
सिन्धुपाल्चोक	६३५२३	१२	१२३	११९२	१८८	१२३	६५३६
रसुवा	१०४५५	-	८	६९	४१	२१	५३७
नुवाकोट	६०३८३	-	८४२	१४६०	२२२	६५	५६७४
धादिङ	७१७१०	२४६	४७०	१५९६	४२५	११९	९०५६
चितवन	१२१८३०	४८३२६	२३७७	३०६१	३७०	२०८	२९९५
मकवानपुर	८७२९९	५७८१	१६०९	६२०३	५८८	३०९	३८३१
भक्तपुर	६६८४८	२११४	५९१९	२८२२	०	१७३९	२८९६४
ललितपुर	७९१३०	८३३	३४६१	३२४२	०	५३४७	४८११७
काठमाडौं	२९८७६१	१४०४९	१४१६१	६२१८	०	८७०१	२०१००२
कुल जम्मा	**१०६८९९३**	**७४७४९**	**३७३००**	**४१८२२**	**३४६५**	**१७०६२**	**३२४५२६**

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश, २०८१

७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

७.१ भौतिक पूर्वाधार, यातायात तथा सञ्चार आर्थिक-सामाजिक विकासका प्रमुख संवाहक हुन्। मुलुकको समृद्धिका लागि गुणस्तरीय र दिगो विकास गर्न यस क्षेत्रमा सार्वजनिक र निजी लगानी अभिवृद्धि गर्न आवश्यक छ। यसबाट मुलुकको आर्थिक सामाजिक रूपान्तरण लगायत सार्वजनिक सेवाको गुणात्मक विकासमा समेत योगदान पुग्दछ।

सडक यातायात तथा पुल पूर्वाधार

७.२ संघीयता कार्यान्वयन पश्चात् बागमती प्रदेशमा सडक तथा पुल पूर्वाधारको क्षेत्रमा केही उपलब्धि हासिल भएको छ। २०८१ फागुनसम्म बागमती प्रदेश सरकार अन्तर्गत संघीय सरकारबाट हस्तान्तरण भएको र प्रदेश सरकारबाट निर्मित जम्मा सडक सञ्जाल मध्ये ९९७.७४ किलोमिटर प्रादेशिक लोकमार्ग, ४ हजार ६ सय ४९ किलोमिटर प्रादेशिक मार्ग र ५६१.१८ किलोमिटर सहरी तथा स्थानीय सडक रहेको छ।

तालिका ७(क): सडकको विवरण

विवरण	खण्डस्मित सडक (कि.मि.)	पक्की सडक (कालोपत्रे र ढलान) (कि.मि.)	जम्मा सडक सञ्जाल (कि.मि.) कच्ची सडक समेत	सडक घनत्व (कि.मि. प्रति वर्ग कि.मि.)
प्रादेशिक लोकमार्ग	२६७.९०४	२७९.०८६	९९७.७३९	०.०४९
प्रादेशिक मार्ग	७०६.२००	७६७.०२८	४६४८.९७७	०.२२९
सहरी तथा स्थानीय सडक	१५०.६४६	३१०.००५	५६१.१८३	०.०२८
जम्मा	**११२४.७५**	**१३५६.११९**	**६२०७.८९९**	**०.३०५**

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

७.३ चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्ममा बागमती प्रदेश सरकारले नयाँ सड़क निर्माण ३८.२ किलोमिटर, खण्डस्मित सडक स्तरोन्नति ७५.९५ किलोमिटर, पक्की सड़क स्तरोन्नति १०२.१८ किलोमिटर, नियमित सडक मर्मत २२० किलोमिटर र आवधिक सडक मर्मत ४८.५९ किलोमिटर निर्माण तथा मर्मत गरेको छ।

तालिका ७(ख): सडक सुविधा विस्तारको स्थिति (प्रदेश सडक एवं सहरी सडक समेत)

विवरण	आर्थिक वर्ष					फागुनसम्म	
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२
नयाँ सडक निर्माण (कि.मि.)	१३९.४९	६६.०८	१६०.१४	२८१.८६	१०१.५	२४.५	३८.२
खण्डस्मित सडक स्तरोन्नति (कि.मि.)	१९०.६२	२४६.४१	२००.७७	१५९.०८	११०.०९	६८.९	७५.९५

विवरण	आर्थिक वर्ष					फागुनसम्म	
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२
पक्की सडक (कालोपत्रे र ढलान) स्तरोन्नति (कि.मि.)	१९३.३०	२३९.४	१९०.७९	२७२.३५	२९०.५१	७८.६	१०२.१८
सडक मर्मत (नियमित) (कि.मि.)	१९५.८	१९३.७१	१३८.१७	३६४.२५	४०५	८३.९	२२०
आवधिक मर्मत (कि.मि.)	-	-	-	-	-	-	४८.५९

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

७.४ २०८१ फागुनसम्म बागमती प्रदेशमा संघीय सरकारबाट हस्तान्तरण भएको र प्रदेश सरकारबाट निर्मित समेत जम्मा ६ हजार २ सय ८ किलोमिटर रहेको छ। जसमा पक्की सडक १ हजार २ सय ३० किलोमिटर, ग्रावेल सडक १ हजार ४ सय ४५ किलोमिटर र कच्ची सडक ३ हजार ५ सय ३३ किलोमिटर रहेको छ। जिल्लागत रूपमा सबैभन्दा बढी सिन्धुपाल्चोक जिल्लामा ८०९.२५ किलोमिटर र सबैभन्दा कम भक्तपुर जिल्लामा १४९.८२ किलोमिटर सडक विस्तार भएको छ। सडक घनत्वको हिसाबले भक्तपुर जिल्लाको सबैभन्दा बढी १.२६ किलोमिटर प्रति वर्ग किलोमिटर र सबैभन्दा कम रसुवा जिल्लाको ०.११ किलोमिटर प्रति वर्ग किलोमिटर रहेको छ।

तालिका ७(ग): जिल्लागत सडक सुविधा विस्तार, लाभान्वित जनसंख्या तथा सडक घनत्व

जिल्ला	पक्की सडक (कि.मि)	ग्रावेल सडक (कि.मि)	कच्ची सडक (कि.मि)	जम्मा सडक (कि.मि)	लाभान्वित जनसंख्या	सडक घनत्व (कि.मि/वर्ग कि.मि)
दोलखा	९४.७९	१११.३६	२७२.२९	४७८.४४	१७२७६७	०.२२
रामेछाप	१००.१२	१४६.९८	३५९.४०	६०६.५१	१७०३०२	०.३९
सिन्धुली	११३.२६	१३८.९२	३३९.६९	५९१.८७	३०००२६	०.२४
काभ्रेपलाञ्चोक	११९.७०	१७५.८६	४३०.००	७२५.५५	३६४०३९	०.५२
सिन्धुपाल्चोक	१३६.२९	१९५.३४	४७७.६३	८०९.२५	२६२६२४	०.३२
रसुवा	३२.७९	३८.५२	९४.२०	१६५.५२	४६६८९	०.११
नुवाकोट	१२८.२२	११५.३८	२८२.१३	५२५.७४	२६३३९१	०.४७
धादिङ	११२.३२	१६७.१९	४०८.७९	६८८.३०	३२५७१०	०.३६
चितवन	७४.२१	८७.१८	२१३.१७	३७४.५६	७१९८५९	०.१७
मकवानपुर	७१.६१	११९.३६	२९१.८६	४८२.८४	४६६०७३	०.२०
भक्तपुर	६१.७६	२५.५६	६२.५०	१४९.८२	४३२१३२	१.२६
ललितपुर	९०.९७	५९.८८	१४६.४१	२९७.२७	५५१६६७	०.७७
काठमाडौं	९३.९४	६३.३६	१५४.९४	३१२.२४	२०४१५८७	०.७९
जम्मा	**१२२९.९८**	**१४४४.८९**	**३५३३.०१**	**६२०७.९१**	**६११६८६६**	**०.३०**

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

७.५ २०८१ फागुनसम्म बागमती प्रदेश भित्रका ११९ वटै स्थानीय तहको केन्द्रसम्म सडक सञ्जाल जोडिएको छ। ९१ वटा स्थानीय तहको केन्द्रसम्म पक्की सडकको पहुँच पुगेको छ भने २८ वटा स्थानीय तहको केन्द्रसम्म पक्की सडकको पहुँच पुग्न बाँकी रहेको छ।

तालिका ७(घ): जिल्लागत सडक स्थानीय तहको केन्द्रसम्म सडक पहुँचको अवस्था

जिल्ला	सडक पहुँच पुगेको (पक्की सडक) स्थानीय तह (संख्या)	सडक पुगेको तर पक्की हुन बाँकी स्थानीय तह (संख्या)
दोलखा	७	२
रामेछाप	४	४
सिन्धुली	८	१
काभ्रेपलाञ्चोक	१०	३
सिन्धुपाल्चोक	९	३
रसुवा	३	२
नुवाकोट	७	५
धादिङ	९	४
चितवन	७	०
मकवानपुर	८	२
भक्तपुर	४	०
ललितपुर	४	२
काठमाडौं	११	०
जम्मा	**९१**	**२८**

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, २०८१

७.६ गत आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशमा कुल ३७ वटा सडक पुल, १२ वटा झोलुङ्गेपुल/ट्रस पुल निर्माण सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप १५ वटा सडक पुल र ३ वटा झोलुङ्गेपुल/ट्रस पुल निर्माण सम्पन्न भएका छन्।

तालिका ७(ङ): बागमती प्रदेश सरकारबाट निर्मित पुलको विवरण (संख्या)

पुलको प्रकार	आर्थिक वर्ष					फागुनसम्म	
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२
सडक पुल	२२	१५	१९	२९	३७	१२	१५
झोलुङ्गेपुल/ट्रस पुल	-	१	६	६	१२	४	३

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, २०८१

७.७ बागमती प्रदेशभित्र प्रदेश सरकारले निर्माण गरेका पुलहरुमा सबैभन्दा धेरै सडक पुल काभ्रेपलाञ्चोक र चितवन जिल्लामा १९/१९ वटा र सबैभन्दा धेरै झोलुङ्गे पुल धादिङ जिल्लामा ७ वटा रहेका छन्।

तालिका ७(च): जिल्लागत रुपमा प्रदेश सरकारद्वारा निर्माण भएका सडक पुल र झोलुङ्गे पुल*

जिल्ला	सडक पुलको संख्या	झोलुङ्गे पुलको संख्या
दोलखा	७	-
रामेछाप	९	१
सिन्धुली	१०	३
काभ्रेपलाञ्चोक	१९	३
सिन्धुपाल्चोक	१६	४
रसुवा	-	-
नुवाकोट	१०	३
धादिङ	११	७
चितवन	१९	-
मकवानपुर	११	४
भक्तपुर	१७	-
ललितपुर	६	२
काठमाडौं	१२	१
समग्र प्रदेश	१४७	२८

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, २०८१ *फागुनसम्म

७.८ बागमती प्रदेश सरकारबाट आर्थिक वर्ष २०८०/८१ मा ३ वटा सरकारी भवन र ११९ वटा सामुदायिक भवन निर्माण भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १ वटा सरकारी भवन, २० वटा सामुदायिक भवन निर्माण भएका छन्।

७.९ चालु आर्थिक वर्षको फागुनसम्म चेपाङ, माझी, बोटे, वनकरियाका एकीकृत बस्ती कार्यक्रम अन्तर्गत २०८ वटा र खरको छाना उन्मूलन कार्यक्रम अन्तर्गत ३९५ वटा भवन निर्माण भएका छन्।

तालिका ७(छ): बागमती प्रदेश सरकारद्वारा निर्माण गरिएका सरकारी तथा सामुदायिक भवन (संख्या)

विवरण		आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
		२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
सरकारी भवन	नयाँ निर्माण	-	-	१	३	३	१
सामुदायिक भवन	नयाँ निर्माण	१८	६५	२११	१७७	११९	२०
आवास तथा एकीकृत बस्ती विकास कार्यक्रम	जनता आवास कार्यक्रम (संघ सशर्त अनुदान)	३६६	३११	५७७	१७७	२०	-

विवरण		आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
		२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
	बागमती प्रदेश जनता आवास कार्यक्रम	-	-	-	-	१००	७
	चेपाङ, माझि, बोटे, वनकरिया एकीकृत बस्ति	-	-	-	१४	७८	२०८
	खरको छाना उन्मुलन कार्यक्रम	-	-	-	-	४९१	३९५

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

७.१० बागमती प्रदेश सरकारबाट २०८१ फागुनसम्म ६८ वटा प्रहरी इकाई कार्यालयहरुको निर्माण सम्पन्न भइसकेको र ३ वटा निर्माणाधीन अवस्थामा रहेका छन्।

तालिका ७(ज): बागमती प्रदेशमा प्रदेश सरकारद्वारा निर्माण सम्पन्न तथा निर्माणाधीन रहेका प्रहरी भवनको विवरण

विवरण	निर्माण सम्पन्न	निर्माणाधीन	जम्मा	कैफियत
प्रदेश प्रहरी भवन (संख्या)	६८	३	७२	१ वटा कार्यान्वयन हुन नसकेको

स्रोत:- आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, २०८१

यातायात क्षेत्र

७.११ आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशमा ७२ हजार २ सय ४३ सवारी साधन दर्ता भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ७९ हजार ३ सय ९६ नयाँ सवारी साधन दर्ता भएका छन्।

तालिका ७(झ): बागमती प्रदेशमा दर्ता भएका विभिन्न किसिमका सवारीका साधनहरुको संख्या

सवारी साधन	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
बस	७३१	५९७	७९४	१२८७	५९६	४५८
मिनिबस/मिनी ट्रक	१२३९	११२५	१४६६	३६५	३६४	९५१
केन/डोजर/एक्साभेटर/ट्रक	८१९	१६८३	२१३५	११५९	६१५	६९९
जिप/कार/भ्यान	१०८५३	८९८८	१४२२४	९२२९	१९३३८	१०२९५
पिकअप	३१२२	५३७९	३७९८	५४५	२५२	६२
माइक्रोबस	१४०	३२	३५	७	५०	८३

सवारी साधन	आर्थिक वर्ष					२०८१/८२
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	फागुनसम्म
टेम्पो	११००	११३०	१२२८	२४४	२४६	३५८
मोटरसाइकल	८७८३०	१२६५४९	१२७३७१	७३०६८	५०५४५	६६०५५
टेक्टर/पावर टेलर	३०	२८७	२१४	८६	९	२०
इ-रिक्सा	१२५	४८५	१३३०	१७३	१८५	४१५
अन्य	२३८	१५९	१०९	७१	४३	०
जम्मा	**१०६२२७**	**१४६४१४**	**१५२७०४**	**८६२३४**	**७२२४३**	**७९३९६**

स्रोत: श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, २०८१

सञ्चार क्षेत्र

७.१२ सूचना प्रविधिको निरन्तर विकाससँगै बागमती प्रदेशभित्र यसको पहुँच विस्तार हुँदै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म बागमती प्रदेशमा थप ४३ वटा अनलाइन पत्रिका/पोर्टल दर्ता भएका छन् भने ७० वटा नवीकरण भएका छन्।

७.१३ २०८१ फागुनसम्म बागमती प्रदेशभर संचालनमा रहेका केबुल टेलिभिजन मध्ये चालु आर्थिक वर्षको फागुनसम्म १२ वटा केबुल टेलिभिजन नवीकरण भएका छन् भने नयाँ दर्ता भएको छैनन्।

७.१४ चालु आर्थिक वर्षको फागुनसम्म बागमती प्रदेशभित्र सञ्चालनमा रहेका एफ.एम. रेडियो मध्ये ५००-१००० वाट क्षमताका ९ वटा, २५०-५०० वाट क्षमताका ३० वटा र १००-२५० वाट क्षमताका ३ वटा एफ.एम. रेडियो नवीकरण भएका छन्।

तालिका ७(ञ): बागमती प्रदेशमा दर्ता/नवीकरण भएका सञ्चार संस्था (संख्यामा)

विवरण	आर्थिक वर्ष								२०८१/८२ फागुनसम्म	
	२०७७/७८		२०७८/७९		२०७९/८०		२०८०/८१			
	नयाँ दर्ता	नवीकरण	नयाँ दर्ता	नवीकरण	नयाँ दर्ता	नवीकरण	नयाँ दर्ता	नवीकरण	नयाँ दर्ता	नवीकरण
अनलाइन पत्रकारिता	४९	१९	६१	३४	७९	५०	४९	१८	४३	७०
केबुल टेलिभिजन	४	२३	१	२६	-	३०	-	२३	-	१२
एफ.एम. रेडियो ५००-१००० वाट क्षमता	-	१३	१ (क्षमता वृद्धि)	१४	-	१४	-	४	-	९
एफ.एम. रेडियो २५०-५०० वाट क्षमता	१ (क्षमता वृद्धि)	५६	१	५६	-	५६	-	५९	-	३०

विवरण	आर्थिक वर्ष								२०८१/८२ फागुनसम्म	
	२०७७/७८		२०७८/७९		२०७९/८०		२०८०/८१			
	नयाँ दर्ता	नवीकरण	नयाँ दर्ता	नवीकरण	नयाँ दर्ता	नवीकरण	नयाँ दर्ता	नवीकरण	नयाँ दर्ता	नवीकरण
एफ.एम. रेडियो १००-२५० वाट क्षमता	-	४	२ (क्षमता वृद्धि)	५	-	७	१ (क्षमता घटी)	८	-	३
पत्रकार परिचयपत्र	३६६	१२०	१७०	८४	१४५	१००	१८५	-	११६	-

स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, २०८१

७.१५ २०८१ फागुनसम्म बागमती प्रदेशभित्रका जिल्लाहरुमा सञ्चालनमा रहेका एफ.एम. रेडियोहरुमध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी ३३ वटा तथा नुवाकोट र रसुवामा सबैभन्दा कम १/१ वटा मात्र रहेका छन्। बागमती प्रदेशमा हालसम्म जम्मा ८१ वटा एफ.एम. रेडियो सञ्चालनमा रहका छन्।

तालिका ७(ट): बागमती प्रदेश अन्तर्गतका जिल्लाहरुमा रहेका एफ.एम. रेडियोको विवरण

जिल्ला	एफ.एम. रेडियोको वर्गीकरण			जम्मा एफ.एम रेडियो संख्या
	५००-१००० वाट क्षमता	२५०-५०० वाट क्षमता	१००-२५० वाट क्षमता	
काठमाडौं	७	२५	१	३३
ललितपुर	२	५	-	७
भक्तपुर	-	३	-	३
नुवाकोट	-	१	-	१
काभ्रेपलाञ्चोक	१	३	-	४
सिन्धुपाल्चोक	-	३	-	३
धादिङ	-	३	-	३
दोलखा	-	३	१	४
रामेछाप	-	-	३	३
सिन्धुली	-	३	-	३
मकवानपुर	२	४	१	७
चितवन	२	५	२	९
रसुवा	-	१	-	१
कुल जम्मा	**१४**	**५९**	**८**	**८१**

स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, २०८१

८. उद्योग, वाणिज्य तथा पर्यटन

उद्योग क्षेत्र

८.१ उद्योग क्षेत्र उत्पादन, आय र रोजगारीको दृष्टिले आर्थिक विकासको मेरूदण्डको रूपमा रहेको छ। सार्वजनिक, निजी एवं विदेशी लगानी मार्फत औद्योगिक क्षेत्रको विकास र विस्तारमा सघाउ पुग्दै आएको छ। यद्यपि, औद्योगिक क्षेत्रको सुदृढीकरण एवं विस्तारका लागि लगानी न्यून रहेको छ भने यस्तो लगानीबाट अपेक्षित प्रतिफल हासिल हुन सकेको छैन।

८.२ २०८१ फागुनसम्म मुलुकभर दर्ता भएका लघु, घरेलु तथा साना उद्योगमध्ये बागमती प्रदेशमा दर्ता भएका उद्योगतर्फ ५६ हजार २ सय ९७ उद्योग दर्ता भएका छन् भने ५२ हजार ४ सय ५२ उद्योग नवीकरण भएका छन्। त्यस्तै वाणिज्यतर्फ २५ हजार १ सय ८३ उद्योग व्यवसाय दर्ता भएका छन् भने ३७ हजार ८ सय ६ उद्योग व्यवसाय नवीकरण भएका छन्।

तालिका ८(क): प्रदेशतर्फको उद्योग तथा वाणिज्यसँग सम्बन्धित लघु, घरेलु तथा साना उद्योगको विवरण

प्रदेश	उद्योगतर्फ		वाणिज्यतर्फ	
	दर्ता	नविकरण	दर्ता	नविकरण
कोशी	४८६६७	३२८८४	२१९७४	२७९५६
मधेश	१४८३१	१९९७९	१४८००	३०१७३
बागमती	**५६२९७**	**५२४५२**	**२५१८३**	**३७८०६**
गण्डकी	११९९७१	२१३१३	२७७०	१५२४४
लुम्बिनी	३३१८१	२७२५०	४७०१३	३८९०५
कर्णाली	४३६१४	२७६०८	३९३९४	२४५९४
सुदूरपश्चिम	५३९७५	२४९११	२०४०७	३४७३६
नेपाल	**३७०५३६**	**२०६३९७**	**१७१५४१**	**२०९४१४**

स्रोतः आर्थिक सर्वेक्षण, २०८८२/१, अर्थ मन्त्रालय

नोटः दर्ता भएका उद्योगहरू सालबसाली रूपमा नवीकरण गर्नु नपर्ने भएकाले कुनै प्रदेशमा दर्ता भएका भन्दा नवीकरण भएका धेरै/थोरै भएका हुन्। दर्ताको विवरण प्रादेशिक संरचना पश्चात् दर्ता भएका हुन् भने प्रादेशिक संरचना अगाडि दर्ता भएका र पछाडि नवीकरण भएकाले कुनै प्रदेशमा दर्ता भन्दा धेरै नवीकरण सङ्ख्या देखिएको हो।

८.३ हालसम्म दर्ता भएका कम्पनीमध्ये बागमती प्रदेशमा मात्र ७०.० प्रतिशत रहेका छन्।

तालिका ८(ख): हालसम्म दर्ता भएका कम्पनी दर्ताको विवरण

प्रदेश	२०८१ असारसम्म	२०८१/८२ फागुनसम्म	
		पुरानो	नयाँ
कोशी	२४९११	५१	१०९६
मधेश	२२९०३	३८	१३४८
बागमती	**२३९९०३**	**४९५**	**११०४४**
गण्डकी	१८८७२	२३	७९८
लुम्बिनी	२३०१५	३९	१२३४
कर्णाली	४३६८	४	२००
सुदूरपश्चिम	६९९७	१८	३२२
प्रदेश नखुलेको	१०५९	१	-

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

८.४ आर्थिक वर्ष २०८१/२०८२ को फागुनसम्म बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय मातहत रहेका १३ वटा जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मार्फत ४ हजार २ सय ५५ उद्योग दर्ता भएका छन्।

तालिका ८(ग): जिल्लागत लघु, घरेलु तथा साना उद्योग दर्ताको विवरण

जिल्ला	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
सिन्धुली	७०५	९५९	५४७	३२४	१५५	१३२
रामेछाप	४४१	३०९	२१२	१७४	९९	६१
दोलखा	३८७	३८७	७२	८२	१०४	१८१
सिन्धुपाल्चोक	२२८	१५८	१३३	९६	७१	४०
काभ्रेपालञ्चोक	११४८	२०५६	१५७५	९८६	६५२	३७०
भक्तपुर	-	२५३४	१४८०	१७५२	१६३३	११२४
ललितपुर	९७९	९६७	७७०	५९०	४८३	३५७
काठमाडौं	३६३६	३५६८	३०९८	२६७१	२१३४	१२५३
रसुवा	१७२	२२८	१६३	५३	६२	३१
नुवाकोट	७७१	२९२	२०५	२२४	१६६	१००

जिल्ला	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
धादिङ	६८३	९४४	५६९	२४६	१७३	९४
चितवन	१४४८	२३९६	१५८४	८५९	४३९	२१३
मकवानपुर	१२६४	१६९८	१२५२	५७९	३६६	२९६
निर्देशनालय	२	२	७	४	६	३
जम्मा	**११८६४**	**१६४९८**	**११६६७**	**८१४५**	**६५४३**	**४२५५**

स्रोतः उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश, २०८१

८.५ आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय मातहत रहेका उद्योग तथा वाणिज्य कार्यालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय अन्तरगत दर्ता भएका उद्योगबाट महिला १३ हजार ५ सय २४ र पुरुष ११ हजार ९ सय ८८ गरी जम्मा २५ हजार ५ सय १२ रोजगारी सिर्जना भएको छ।


तालिका ८(घ): उद्योग क्षेत्रबाट रोजगारी सिर्जना (संख्यामा)

जिल्ला	२०७६/७७		२०७७/७८		२०७८/७९		२०७९/८०		२०८०/८१	
	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
दोलखा	२१५	२०२	४८५	३९०	३१२	३४४	१४७	१२२	७८	६२
रामेछाप	७२८	९४५	५५६	८३१	४२१	५४१	३७३	४४९	१८४	२५३
सिन्धुली	२२९	२७३	३६५	३७७	४५१	४७६	५३३	५९६	१९५	३२१
काभ्रेपालञ्चोक	१९८९	२५२९	४४९९	४२७४	३४०६	२९५०	२२८१	२०३५	१५४१	१२४७
सिन्धुपाल्चोक	४३२	६३२	३३८	४९८	३२३	३८८	३२३	२९१	१३२	२०४
रसुवा	१०१	७१	१०३	१४३	९५	३२	३२	२५	३२	३१
नुवाकोट	१०४०	१२६७	९९४	९९१	६९७	८५९	४५२	५६३	३०४	४७१
धादिङ	११९	३५५	१२०६	१८०६	९६०	१४८६	६९६	११०९	७३४	१०५१
चितवन	१११६	२९९२	२५२७	५१३०	१७७१	३५२६	१०६४	१९३७	४२७	७९२
मकवानपुर	२१७०	१६१८	३८५८	२८८१	२५७६	२०१८	१०५१	८०७	६६८	४८४
भक्तपुर	११५	२२१	२१४	३१७	२२५	३३४	२२३	314	३१५	२५१
ललितपुर	२००१	३०२०	१६९८	२१२३	१३२२	१७०७	१६०६	१२०५	१६१४	१२५९
काठमाडौं	५४१४	८३६६	९३९६	७३४५	८७६८	६७९९	८१३१	६०३४	७००७	५१६८
निर्देशनालय	२९	५९	४	३३	१६५	४२४	४७	६९	२९३	३९४
जम्मा	**१५६९८**	**१५६९८**	**२६२४३**	**२७१३९**	**२१४९२**	**२१८८४**	**१६९५९**	**१५५५६**	**१३५२४**	**११९८८**
कुल जम्मा	**३१३९६**		**५३३८२**		**४३३७६**		**३२५१५**		**२५५१२**	

स्रोतः उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश, २०८१

८.६ बागमती प्रदेशमा आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म उद्योग तथा वाणिज्य क्षेत्रबाट रू. २० करोड २५ लाख ४० हजार रुपैयाँ राजस्व संकलन भएको छ। आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रबाट जम्मा रू. २६ करोड १० लाख ४१ हजार रुपैयाँ राजस्व संकलन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो राजश्व सबैभन्दा बढी काठमाडौं जिल्लाबाट संकलन भएको छ। (विस्तृत विवरण अनुसूची ८.१)

चार्ट ८(क): उद्योग तथा वाणिज्य क्षेत्रबाट संकलित राजस्व (रू. हजारमा)



स्रोतः उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश, २०८१

८.७ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशका १३ वटै जिल्लामा कुल २३८ पटक बजार अनुगमन गरिएकोमा सबैभन्दा बढी धादिङ जिल्लामा ६५ पटक बजार अनुगमन गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल ४२१ पटक बजार अनुगमन गरिएको थियो।

तालिका ८(ङ): जिल्लागत बजार अनुगमन संख्या

जिल्ला	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
सिन्धुली	१३	२२	२०	१७	२०	१५
रामेछाप	२४	२०	२६	२९	२६	१६
दोलखा	२४	२३	१८	२९	१६	७
सिन्धुपाल्चोक	२७	३३	४९	१८	२०	१५
काभ्रेपलान्चोक	-	३३	२५	८	२०	१९
भक्तपुर	-	१०१	५५	९५	५८	१२
ललितपुर	-	२५	७०	६५	७३	२९
काठमाडौं	३	-	१२	९	८	३
रसुवा	६	५	८	९	९	८

जिल्ला	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
नुवाकोट	१०	१२	११	१५	१४	१४
धादिङ	१०	५२	१०५	४८	४६	१८
चितवन	११	९	१२०	४२	८९	६५
मकवापुर	३४	४६	४०	२०	२२	१७
जम्मा	**१६२**	**३८१**	**५५९**	**४०४**	**४२१**	**२३८**

स्रोतः उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश, २०८१

पर्यटन

८.८ अद्वितीय प्राकृतिक एवं समृद्ध साँस्कृतिक सम्पदाको कारण पर्यटन मुलुकको तुलनात्मक लाभको क्षेत्रको रुपमा रहेको छ। सार्वजनिक एवं निजी लगानी अभिवृद्धि मार्फत पर्यटनको विकास र विस्तार गर्दै बागमती प्रदेशभित्र लाभजन्य रोजगारी सिर्जना गर्नेतर्फ पर्यटन नीति केन्द्रित गर्नुपर्ने आवश्यकता छ।

८.९ २०८१ फागुनसम्म बागमती प्रदेशमा रहेका कुल २०६ पर्यटकीय स्तरका तारे होटेल मध्ये एक तारे ४५ वटा, दुई तारे ४९ वटा, तीन तारे ३७ वटा, चार तारे ४१ वटा, पाँच तारे डिलक्स ३ वटा र हेरिटेज बुटिक ८ वटा दर्ता भई सञ्चालनमा रहेका छन्।

तालिका ८(च): प्रदेशमा रहेका पर्यटकीय स्तरका तारे होटल (संख्या)

विवरण		आर्थिक वर्ष २०८०/८१	२०८१/८२ फागुनसम्म
पर्यटकीय स्तरका तारे होटल (संख्या)	१ तारे	३३	४५
	२ तारे	३१	४९
	३ तारे	२७	३७
	४ तारे	८	४१
	५ तारे	१०	२३
	५ तारे डिलक्स	-	३
	हेरिटेज बुटिक	-	८
	जम्मा	**१०९**	**२०६**

स्रोतः संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश, २०८१

८.१० २०८१ फागुनसम्म बागमती प्रदेशमा ट्राभल एजेन्सी ४ हजार ३ सय २५, ट्रेकिङ एजेन्सी ३ हजार १ सय २५, टुरगाइड ४ हजार ९ सय ६८, ट्रेकिङ्ग गाइड २२ हजार २ सय १ र पोर्टर गाइड ६९९ रहेका छन्। साहसिक पर्यटकीय गतिविधि अन्तर्गत जलयात्रा ८८ र भोटेकोशी बन्जि जम्पिङ एउटा रहेको छ।

तालिका ८(छ): पर्यटन सम्बन्धी अन्य सूचकहरु (संख्यामा)

विवरण	आर्थिक वर्ष					
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२ (फागुनसम्म)
ट्राभल एजेन्सीको संख्या	३९५२	४०००	४०२८	४१०९	४२३५	४३२५
ट्रेकिङ्ग एजेन्सीको संख्या	२८३५	२८६४	२८८५	२९७०	३०५५	३१२५
टुरगाइडको संख्या	४४३७	४४४८	४५६६	४६८१	४८२५	४९६८
ट्रेकिङ गाइडको संख्या	१८५३४	१८७७२	१९२७३	२००३७	२१२०५	२२२०१
पोर्टर गाइडको संख्या	२४०	२६८	३१८	४०६	५५०	६९९
साहसिक पर्यटकीय गतिविधि						
जलयात्रा	८३	८६	८८	८८	८८	८८
बन्जि जम्पिङ	-	-	-	-	-	१
केबुल कार	-	-	-	-	-	३

स्रोतः संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश, २०८१

८.११ नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०७५ भदौ १५ मा जारी गरेको प्रेश विज्ञप्ति बमोजिम बागमती प्रदेशभित्रका विभिन्न जिल्लाहरुमा पर्यटन प्रवर्धन र विकासका लागि स्थापित तथा प्रवर्धन गर्नुपर्ने ३२ गन्तव्यहरु र नयाँ तथा विकास गरिनुपर्ने १७ गन्तव्यहरु रहेका छन्।


तालिका ८(ज): पर्यटन प्रवर्द्धन र विकासका लागि पहिचान गरिएका गन्तव्यहरु

जिल्ला	स्थापित तथा प्रवर्द्धन गर्नुपर्ने गन्तव्यहरु	नयाँ तथा विकास गरिनुपर्ने गन्तव्यहरु
दोलखा	७	१
रामेछाप	०	१
सिन्धुली	०	१
काभ्रेपलाञ्चोक	२	१
सिन्धुपाल्चोक	३	१
रसुवा	२	१
नुवाकोट	२	१
धादिङ	१	२
चितवन	२	३
मकवानपुर	२	१
भक्तपुर	३	१
ललितपुर	१	२
काठमाडौं	७	१
जम्मा	**३२**	**१७**

स्रोतः संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश, २०८१

८.१२ २०८१ फागुनसम्म पर्यटन लक्षित घरबास कार्यक्रम अन्तर्गत बागमती प्रदेशभित्रका विभिन्न जिल्लाहरुमा सञ्चालित कुल १०१ होमस्टे मध्ये सबैभन्दा बढी चितवन जिल्लामा २७ वटा रहेका छन्।

चार्ट ८(ख): बागमती प्रदेशका जिल्लाहरुमा सञ्चालित होमस्टे/घरबास



स्रोतः संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश, २०८१

८.१३ बागमती प्रदेश भित्रका जिल्लामा रहेका विभिन्न भाषा, धर्म तथा सम्प्रदायहरूले आ-आफ्नो रितीरिवाज तथा परम्परा अनुसार मनाउने जात्रा, पर्व, मेला, पूजा आदिको लागि बागमती प्रदेश सरकारले अनुदान तथा सहयोग प्रदान गर्दै आएको छ।

९. सामाजिक क्षेत्र

९.१ सामाजिक क्षेत्रमा सरकारी तथा निजी लगानी बढ्दै गएसँगै यस क्षेत्रको सूचकमा सुधार हुँदै आएको छ। सबैलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गरिए बमोजिम शिक्षामा पहुँच वृद्धि हुँदै गएको छ। प्रत्येक नागरिकसम्म आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरिएको छ।

शिक्षा क्षेत्र

९.२ बागमती प्रदेश सरकारले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षालाई व्यवसायीमूलक तथा रोजगारमूलक बनाउन विद्यालय भवन तथा कक्षाकोठा निर्माण, विद्यालय घेराबार निर्माण, खेलमैदान निर्माण, शौचालय निर्माण, खानेपानी व्यावस्थापन, विषयगत तथा सूचना प्रविधि प्रयोगशाला स्थापना र सञ्चालन, डिजिटल कक्षा व्यवस्थापन, विद्यालय बस सेवा कार्यक्रम, लक्षित वर्ग र समूहका लागि आवासीय विद्यालय सञ्चालन, प्राविधिक शिक्षाका लागि छात्रवृत्ति र सामुदायिक क्याम्पसमा अध्ययनरत छात्राहरुको लागि छात्रवृत्ति कार्यक्रम, शिक्षक तालिम कार्याक्रम लगायतका कार्यक्रम सञ्चालन गरेको छ।

विद्यालय संख्या

९.३ शैक्षिक सत्र २०८१ मा मुलुकभर ३५ हजार ४ सय ४७ विद्यालय संचालनमा रहेकोमा बागमती प्रदेशमा जम्मा ६ हजार ६ सय ९२ विद्यालय सञ्चालनमा रहेका छन्। शैक्षिक सत्र २०८० मा मुलुकभर ३५ हजार ८ सय ७६ विद्यालय सञ्चालन रहेकोमा बागमती प्रदेशमा जम्मा ६ हजार ८ सय ३७ विद्यालय सञ्चालनमा रहेका थिए।

तालिका ९(क): विद्यालय सङ्ख्याको विवरण

विवरण	शैक्षिक सत्र					
	२०७६	२०७७	२०७८	२०७९	२०८०	२०८१
बागमती प्रदेशमा विद्यालय संख्या	७०३१	७०५४	६५६९	६९२४	६८३७	६६९२
राष्ट्रियस्तरमा जम्मा	३५५२०	३५६७४	३४३६८	३६०३२	३५८७६	३५४४७
बागमती प्रदेशको हिस्सा (प्रतिशत)	**१९.७९**	**१९.७७**	**१९.११**	**१९.२१**	**१९.०५**	**१८.८७**

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

९.४ शैक्षिक सत्र २०८१ मा बागमती प्रदेशमा सञ्चालनमा रहेका ६ हजार ६ सय ९२ विद्यालयमध्ये ४ हजार ५ सय ८४ सामुदायिक विद्यालयम र २ हजार १ सय ८ वटा संस्थागत विद्यालय रहेका छन्।

तालिका ९(ख): प्रदेश अनुसार विभिन्न तहका विद्यालयको विवरण

प्रदेश/तह	आधारभूत तह कक्षा (१-५)		आधारभूत तह कक्षा (१-८)		माध्यमिक तह कक्षा (९-१०)		माध्यमिक तह कक्षा (११-१२)	
	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत
कोशी	३०३२	३७९	९६६	४१५	६१५	६१२	६५५	२२८
मधेश	२०५१	४५८	६२६	४६२	३३८	३६७	४५४	१५७
बागमती	**२३९२**	**३१३**	**७४८**	**१९८**	**६७९**	**११५७**	**७६५**	**४४०**
गण्डकी	१८१३	१३२	४८३	११३	४४६	२६०	५०५	१३८
लुम्बिनी	२४६४	३१७	७९९	३४७	५५०	४६२	६२६	१७०
कर्णाली	१७५३	११८	५१०	७७	३२१	५६	३४९	२६
सुदूरपश्चिम	१८१७	२१८	६३१	२७३	४५२	१७८	४५८	७८
जम्मा	१५३२२	१९३५	४७६३	१८८५	३४०१	३०९२	३८१२	१२३७

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

बागमती प्रदेशका विभिन्न विद्यालयमा विद्यार्थी भर्नाको विवरण

९.५ शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि १२ सम्मका कुल ७० लाख ११ हजार विद्यार्थीमध्ये बागमती प्रदेशमा १३ लाख ६८ हजार अर्थात ३९.०२ प्रतिशत विद्यार्थी भर्ना भएका छन्।

तालिका ९(ग): प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण (हजारमा)


तह\प्रदेश		कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपाल
आधारभूत तह (१-५)	छात्रा	२५२	४४९	**२८३**	१०७	३०६	११३	१६२	**१६७०**
	छात्र	२७५	४८८	**३२८**	१२४	३४०	११७	१७३	**१८४५**
	जम्मा	५२७	९३७	**६११**	२३०	६४६	२२९	३३५	**३५१५**
आधारभूत तह (६-८)	छात्रा	१४०	२०३	**१६६**	६४	१५२	६३	९८	**८८६**
	छात्र	१४८	२०९	**१९०**	७३	१६६	६३	९८	**९४६**
	जम्मा	२८७	४११	**३५६**	१३७	३१९	१२६	१९६	**१८३२**
माध्यमिक तह (९-१०)	छात्रा	८१	९१	**१०१**	४०	८३	३७	५१	**४८५**
	छात्र	८२	९८	**१०९**	४२	८६	३७	५०	**५०५**

तह\प्रदेश		कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपाल
	जम्मा	१६४	१८९	**२११**	८३	१६८	७४	१०१	**९९०**
माध्यमिक तह (११-१२)	छात्रा	५६	४४	**८९**	२६	५७	२७	३३	**३३२**
	छात्र	५३	४७	**१०२**	२५	५६	२६	३२	**३४२**
	जम्मा	११०	९१	**१९१**	५१	११३	५३	६५	**६७४**
कुल	**छात्रा**	**५२९**	**७८७**	**६४०**	**२३७**	**५९८**	**२४०**	**३४३**	**३३७३**
	छात्र	**५५८**	**८४२**	**७२९**	**२६४**	**६४९**	**२४३**	**३५३**	**३६३८**
	जम्मा	**१०८७**	**१६२९**	**१३६८**	**५०१**	**१२४६**	**४८३**	**६९६**	**७०११**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

९.६ शैक्षिक सत्र २०८१ मा बागमती प्रदेशमा भर्ना भएका जम्मा १३ लाख ६८ हजार मध्ये ४७.५८ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा र ५२.४१ प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन्।

चार्ट ९(क): प्रदेशगत रूपमा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको विवरण (हजारमा)



स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

९.७ बागमती प्रदेशमा शैक्षिक सत्र २०८१ मा कुल विद्यार्थी संख्या १३ लाख ६८ हजार २ सय ३९ जना रहेको छ। शैक्षिक सत्र २०८० मा कुल विद्यार्थी सङ्ख्या १३ लाख ४६ हजार ८ सय ५८ जना रहेको थियो भने विगतका पाँच शैक्षिक सत्रमा कुल विद्यार्थीहरू मध्ये छात्राहरु भन्दा छात्रहरुको सङ्ख्या बढी छ।

तालिका ९(घ): प्रदेशमा विद्यार्थी भर्नाको विवरण (संख्यामा)

विद्यालय तह		शैक्षिक सत्र					
		२०७६	२०७७	२०७८	२०७९	२०८०	२०८१
आधारभूत तह (१-५)	छात्रा	३०१३८३	३००४७७	२८१२६१	२८७९४१	२८३३००	२८२६८८
	छात्र	३३१०१०	३३३०५९	३१९२८५	३२८१२८	३२४८४०	३२७८३५
	जम्मा	**६३२३९३**	**६३३५३६**	**६००५४६**	**६१६०५९**	**६०८१४०**	**६१०५२३**
आधारभूत तह (६-८)	छात्रा	१७५०१९	१७९३३१	१६३९१४	१६७५७३	१४२७१८	१६६४२६
	छात्र	१८१७४६	१९०५३८	१७८८३८	१८६१४०	१९०८८६	१८९५५६
	जम्मा	**३५६७६५**	**३६९८६९**	**३४२७५२**	**३५३७१३**	**३३३६०४**	**३५५९८२**
आधारभूत तह (१-८)	छात्रा	४७६४०२	४७९८०८	४४५१७५	४५५५१४	४२६०१८	४४९११४
	छात्र	५१२७५६	५२३५९७	४९८१२३	५१४२६८	५१५७२६	५१७३९१
	जम्मा	**९८९१५८**	**१०१३४०५**	**९४३२९८**	**९६९७८२**	**९४१७४४**	**९६६५०५**
माध्यमिक तह (९-१०)	छात्रा	१०९६९८	११२४०६	१०७५८०	१०५०५९	१०२७५३	१०१४१२
	छात्र	११०४०३	११४२७९	१११११६	११००७१	१०९६२९	१०९२९३
	जम्मा	**२२०१०१**	**२२६६८५**	**२१८७७६**	**२१५१३०**	**२१२३८२**	**२१०७०४**
माध्यमिक तह (११-१२)	छात्रा	१०६८६२	१०७८४२	७८४८३	९४०८७	९२७०८	८९०८७
	छात्र	८७२०२	८८१०५	७६५०५	९९७४४	१०००२४	१०१९४२
	जम्मा	**१९४०६४**	**१९५९४७**	**१५४९८८**	**१९३८३१**	**१९२७३२**	**१९१०२९**
माध्यमिक तह (९-१२)	छात्रा	२१६५६०	२२०२४८	१८६०६३	१९९१४६	१९५४६१	१९०४९९
	छात्र	१९७६०५	२०२३८४	१८७७०१	२०९८१५	२०९६५३	२११२३५
	जम्मा	**४१४१६५**	**४२२६३२**	**३७३७६४**	**४०८९६१**	**४०५११४**	**४०१७३४**
कुल जम्मा	छात्रा	६९२९६२	७०००५६	६३१२३८	६५४६६०	६४८३२९	६३९६१३
	छात्र	७१०३६१	७२५९८१	६८५८२४	७२४०८३	७२६००९	७२८६२६
	जम्मा	**१४०३३२३**	**१४२६०३७**	**१३१७०६२**	**१३७८७४३**	**१३४६८५८**	**१३६८२३९**

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

विद्यार्थी खुद भर्नादर

९.८ बागमती प्रदेशमा शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि ५ को खुद विद्यार्थी भर्नादर ९४.९ प्रतिशत रहेको छ भने कक्षा ११-१२ को ४०.० प्रतिशत रहेको छ।

तालिका ९(ङ): प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर (प्रतिशतमा)

प्रदेश	कक्षा १-५	कक्षा ६-८	कक्षा १-८	कक्षा ९-१०	कक्षा ११-१२	कक्षा ९-१२
कोशी	९४.६	९३.४	९४.१	७५.४	३८.३	५६.५
मधेस	९४.१	९३.७	९४.०	८२.४	२६.४	५४.३
बागमती	**९४.९**	**९३.७**	**९४.४**	**७१.९**	**४०.०**	**५५.०**
गण्डकी	९५.२	९३.३	९४.४	७२.६	४३.१	५७.९
लुम्बिनी	९३.८	९३.७	९३.८	७६.५	३७.५	५५.९

प्रदेश	कक्षा १-५	कक्षा ६-८	कक्षा १-८	कक्षा ९-१०	कक्षा ११-१२	कक्षा ९-१२
कर्णाली	९४.९	९३.६	९४.४	७१.१	४४.५	५७.७
सुदूरपश्चिम	९४.३	९३.६	९४.०	७६.२	३८.२	५६.४
नेपाल	**९४.४**	**९३.६**	**९४.१**	**७५.८**	**३७.१**	**५५.८**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

९.९ बागमती प्रदेशमा शैक्षिक सत्र २०८१ मा आधारभूत तह (१-५) को विद्यार्थीको खुद भर्नादर ९४.९ प्रतिशत रहेकोमा सो भर्नादर विगत छ वर्षको तुलनामा सबैभन्दा न्यून रहेको छ। माध्यमिक तह (९-१०) मा खुद भर्नादर शैक्षिक सत्र २०७८ मा सबैभन्दा बढी अर्थात् ८०.३६ प्रतिशत र शैक्षिक सत्र २०८१ मा सबैभन्दा कम ७१.९ प्रतिशत रहेको छ। माध्यमिक तह (९-१२) को खुद भर्ना दर शैक्षिक सत्र २०७६ मा सबैभन्दा कम ५१.९ प्रतिशत र शैक्षिक सत्र २०८१ मा ५५ प्रतिशत रहेको छ।

तालिका ९(च): बागमती प्रदेश भित्रका विद्यालयहरुमा विद्यार्थीहरुको खुद भर्नादर (प्रतिशतमा)

विद्यालय तह		शैक्षिक सत्र					
		२०७६	२०७७	२०७८	२०७९	२०८०	२०८१
आधारभूत तह (१-५)	छात्रा	९६.२	९६.३	९६.४१	९७	९६	९६.५
	छात्र	९७.५	९७.७	९७.३३	९७.८	९६.१	९४.३
	जम्मा	**९६.८**	**९७**	**९६.८८**	**९७.४**	९६.१	**९४.९**
आधारभूत तह (६-८)	छात्रा	९४.३	९४.४	९४.९६	९४	९५	९३.५
	छात्र	९४.४	९५.८	९६.४४	९५.१	९६.१	९३.९
	जम्मा	**९४.३**	**९५.१**	**९५.७**	**९४.६**	९५.६	**९३.७**
आधारभूत तह (१-८)	छात्रा	९५.२	९५.३	९५.७	९५.९	९५.६	९४.७
	छात्र	९५.९	९६.७	९६.८९	९६.८	९५.१	९४.२
	जम्मा	**९५.६**	**९६**	**९६.२९**	**९६.४**	९५.९	**९४.४**
माध्यमिक तह (९-१०)	छात्रा	७६.१	७७.६	८२.२३	७५.६	७५.५	७५.५
	छात्र	७२.९	७४.४	७८.४९	७८.७	७७.७	६८.५
	जम्मा	**७४.५**	**७६**	**८०.३६**	**७७.२**	७६.६	**७१.९**
माध्यमिक तह (११-१२)	छात्रा	३१.१	३६.१	३७.९७	३४.९	४६.७	४३
	छात्र	२७.६	३२	३७.४४	३८.४	४६.४	३७
	जम्मा	**२९.४**	**३४**	**३७.७**	**३६.५**	४६.६	**४०**
माध्यमिक तह (९-१२)	छात्रा	५३.६	५६.८	६०.१	५४.५	६०.४	५८.१
	छात्र	५०.२	५३.२	५८	५९.२	६१.६	५१.९
	जम्मा	**५१.९**	**५५**	**५९**	**५६.८**	**६१**	**५५**

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकको विवरण

९.१० प्रदेशमा कार्यरत आधारभूत तह र माध्यमिक तहको दरबन्दी र राहत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी र राहत शिक्षकहरुको कुल सङ्ख्या ३७ हजार ५ सय ९ मध्ये आधारभूत तह (१-५) मा ५१.३५ प्रतिशत शिक्षकहरु रहेको देखिन्छ। शैक्षिक सत्र २०८१ मा स्थायी शिक्षक ५२.७५ प्रतिशत, अस्थायी शिक्षक १९.९७ प्रतिशत र राहत शिक्षक २७.२७ प्रतिशत रहेका छन्।

तालिका ९(छ): बागमती प्रदेश भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विवरण (संख्यामा)

विद्यालय तह		शैक्षिक सत्र					
		२०७६	२०७७	२०७८	२०७९	२०८०	२०८१
आधारभूत तह (१-५)	स्थायी	१०२२१	१४६६७	१३२००	१४२४४	१४०५७	१२१२९
	अस्थायी	५५७१	१०४१	२५०८	१४२०	१७३५	३४९६
	राहत	४०७९	३९९७	३९९७	३९९७	४०७९	३६३५
आधारभूत तह (६-८)	स्थायी	२५३१	२०५२	१९४७	२९४४	२९०८	२६४५
	अस्थायी	७१४	२९६	४०१	२४६	३३७	१०८१
	राहत	२२७४	२२१६	२२१६	२२१६	२२७४	२११५
माध्यमिक तह (९-१०)	स्थायी	२३२४	२६८५	२७८५	२५४०	२५२९	२५०६
	अस्थायी	४७१	४१५	३१५	-	२६६	१०४१
	राहत	१४६५	१४७३	१४७३	१४७३	१४६५	१५८७
माध्यमिक तह (११-१२)	स्थायी	-	-	-	-	-	-
	अस्थायी	३७९	४२३	४२३	४२३	४२३	४१७
	राहत	६५७	८६७	८६७	७६१	६५७	६५३
माध्यमिक तह (९-१२)	स्थायी	२६८५	२७८५	२५४०	२५२९	२५०६	२५०६
	अस्थायी	८३८	७३८	४२३	६८९	१४५८	१४५८
	राहत	२३४०	२३४०	२२३४	२१२२	२२४०	२२४०
जम्मा	स्थायी	१५०७६	१९४०४	१७९३२	१९७२८	१९४९४	१९७८६
	अस्थायी	७१३५	२१७५	३६४७	२९८२	२७६१	७४९३
	राहत	८४७५	८५५३	८५५३	८४४७	८४७५	१०२३०
कुल जम्मा		**३०६८६**	**३०१३२**	**३०१३२**	**३११५७**	**३०७३०**	**३७५०९**

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

सामुदायिक विद्यालयमा तहगत विद्यालय-विद्यार्थी अनुपात र शिक्षक-विद्यार्थी अनुपात

९.११ बागमती प्रदेशमा विद्यालय-विद्यार्थी अनुपात आधारभूत तह (१-५) मा ६१.३, आधारभूत तह (६-८) मा ८२.८, माध्यमिक तह (९-१०) मा ७८.८ र माध्यमिक तह (११-१२) मा १०३.७ रहेको छ। विद्यालय र विद्यार्थी अनुपात आधारभूत तहमा कम र माध्यमिक (११-१२) तहमा बढी रहेको छ। बागमती प्रदेशको विद्यालय विद्यार्थी अनुपात राष्ट्रिय अनुपात भन्दा कम रहेको छ।

९.१२ बागमती प्रदेशमा शिक्षक र विद्यार्थीको अनुपात आधारभूत तह (१-५) मा १२.६, आधारभूत तह (६-८) मा २०.५, माध्यमिक तह (९-१०) मा १९.५, र माध्यमिक तह (११-१२) मा ४२.६ रहेको छ। शिक्षक र विद्यार्थी अनुपात आधारभूत तह (१-५) मा कम र माध्यमिक तह (११-१२) मा बढी छ।

तालिका ९(ज): विद्यालय-विद्यार्थी अनुपात र शिक्षक-विद्यार्थी अनुपात

प्रदेश	विद्यालय-विद्यार्थी अनुपात				शिक्षक-विद्यार्थी अनुपात			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
कोशी	५५.२	८१.३	९१.४	११६	१२.२	२२	२३.५	४१.९
मधेश	१९४.२	२३१.६	२०२.६	१६०.४	४९.६	८६	६०	७२.३
बागमती	**६१.३**	**८२.८**	**७८.८**	**१०३.७**	**१२.६**	**२०.५**	**१९.५**	**४२.६**
गण्डकी	३९.७	६२.७	६२.२	७३.८	७.८	१५.५	१५	२३.७
लुम्बिनी	९१.८	११६.४	१०९.३	१३५.४	१८.६	३१.१	२८.४	५०.२
कर्णाली	६४.८	९७.२	१०५.५	१४६.२	१९.६	२९.३	३५.४	४४.४
सुदूरपश्चिम	६७.२	१००.३	९३.७	१०९.८	१७.६	२६.२	२८.४	२३.८
नेपाल	**८०.६**	**१०६.९**	**१०१.७**	**११८.५**	**१८.२**	**२९.१**	**२७.३**	**४०**

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश/शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८१ (Flash Report)

९.१३ बागमती प्रदेशमा विद्यार्थी-विद्यालय अनुपात शैक्षिक सत्र २०८१ मा आधारभूत तह (१-५) मा ६१.३, आधारभूत तह (६-८) मा ८२.८, माध्यमिक तह (९-१०) मा ७८.८ र माध्यमिक तह (११-१२) मा १०३.७ रहेको छ।

तालिका ९(झ): विद्यार्थी-विद्यालय अनुपात (सामुदायिक विद्यालय)

विद्यालय तह	शैक्षिक सत्र					
	२०७६	२०७७	२०७८	२०७९	२०८०	२०८१
आधारभूत तह (१-५)	९२	६९	९२	९७	९०.७	६१.३
आधारभूत तह (६-८)	९१	८८	८८	८२	९१.४	८२.८
माध्यमिक तह (९-१०)	७५	८४	७६	८३	८१	७८.८
माध्यमिक तह (११-१२)	१८९	१०७	१६६	१२२	१२३.३	१०३.७

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

९.१४ बागमती प्रदेशमा विद्यार्थी-शिक्षक अनुपात शैक्षिक सत्र २०८१ मा आधारभूत तह (१-५) मा १४.२, आधारभूत तह (६-८) मा ३०.६, माध्यमिक तह (९-१०) मा २१.४ र माध्यमिक तह (११-१२) मा ४९.८ रहेको छ।

तालिका ९(ञ): विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय)


विद्यालय तह	शैक्षिक सत्र					
	२०७६	२०७७	२०७८	२०७९	२०८०	२०८१
आधारभूत तह (१-५)	१६	१८	१८	२४	१३.३	१४.२
आधारभूत तह (६-८)	३६	३९	२४	२८	२९.९	३०.६
माध्यमिक तह (९-१०)	२९	३१	१४	२०	२४	२१.४
माध्यमिक तह (११-१२)	७५	७५	५०	६८	७२	४९.८

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच

९.१५ शैक्षिक सत्र २०८१ मा बागमती प्रदेश भित्र आधारभूत तह (१-५) मा ३ हजार ७ सय ३२ र आधारभूत तह (६-८) मा १ हजार ५ सय ९१ गरी जम्मा ५ हजार ३ सय २३ जना अपाङ्गता भएका बालबालिकाहरु अध्ययनरत छन्।

चार्ट ९(ख): बागमती प्रदेशमा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच



स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

साक्षरता दर

९.१६ राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको साक्षरता दर ७६.२ प्रतिशत रहेकोमा बागमती प्रदेशको साक्षरता दर ८२.१ प्रतिशत रहेको छ। सबैभन्दा कम साक्षरता दर सिन्धुपाल्चोक जिल्लाको ६८ प्रतिशत र सबैभन्दा बढी साक्षरता दर काठमाडौं जिल्लाको ८९.२ प्रतिशत

रहेको छ। यसैगरी १५ देखि ६० वर्ष उमेर समूहको साक्षरता दर मध्ये सबैभन्दा कम ९६.४ प्रतिशत रामेछाप जिल्लाको रहेको छ भने सबैभन्दा बढी ललितपुर जिल्लाको शत प्रतिशत रहेको देखिन्छ।

तालिका ९(ट): बागमती प्रदेशका जिल्लाहरुको साक्षरता दर (प्रतिशतमा)

जिल्ला	५ वर्ष भन्दा माथिको औसत साक्षरता दर	साक्षरता दर (१५-६० वर्ष उमेर समूह)
दोलखा	७२.३	९५.३७
रामेछाप	६८.१	९६.४
सिन्धुली	७२.६	९९.१३
काभ्रेपलाञ्चोक	७५.६	९६.४८
सिन्धुपाल्चोक	६८	९७.६८
रसुवा	६९.६	९६.२९
नुवाकोट	६९.१	९८.१९
धादिङ	७२.४	९८.४
चितवन	६८.७	९७.५
मकवानपुर	७७.८	९८.९७
भक्तपुर	८८	९६.७
ललितपुर	८८.१	१००
काठमाडौं	८९.२	९६.८८
जम्मा	**८२.१**	**९७.२२**

स्रोतः राष्ट्रिय जनगणना, २०७८/ राष्ट्रिय तथ्याङ्क कार्यालय

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

९.१७ बागमती प्रदेशभित्र २०८१ फागुनसम्म प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त गरी संचालित संस्थाहरु २८४ वटा रहेका छन्। जसमध्ये आङ्गिक संस्थाहरु १८ वटा रहेका छन्। सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालित संस्थाहरु ११५ वटा रहेका छन्। सार्वजनिक-निजी साझेदारी संस्थाहरु १५१ वटा रहेका छन्। यी शिक्षण संस्थाहरु मध्ये १४२ वटा संस्थामा प्रि-डिप्लोमा कार्यक्रम सञ्चालन भइरहेको छ भने २१८ वटा संस्थाहरुमा डिप्लोमा कार्यक्रम सञ्चालन भइरहेको छ।

तालिका ९(ठ): बागमती प्रदेशमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्था (संख्यामा)

कार्यक्रमहरु	आङ्गिक संस्थाहरु	सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा संचालित संस्थाहरु	सार्वजनिक निजी सामुदायिक साझेदारी अन्तर्गत संचालित संस्थाहरु	सम्बन्धन प्राप्त संस्थाहरु	जम्मा	छोटो समयका तालिम दिने संस्थाहरु
संस्थाहरु (शिक्षालय)	१८	११५	१५१	२८४	२८४	५३६
प्रिडिप्लोमा कार्यक्रम संचालित संस्थाहरु	६	७१	६१	१४२	१४२	
डिप्लोमा कार्यक्रम संचालित संस्थाहरु	१८	७४	१२६	२१८	२१८	

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० को नतिजाको विवरण

९.१८ शैक्षिक सत्र २०८० को माध्यमिक शिक्षा परीक्षा (SEE) मा कुल ४ लाख ६४ हजार ७ सय ६७ विद्यार्थी सहभागी भएकोमा ४७.९ प्रतिशतले मात्र ग्रेड प्राप्त गरेका छन् भने बागमती प्रदेशमा कुल ९९ हजार ८ सय ७१ विद्यार्थी सहभागी भएकोमा ६६.१ प्रतिशतले मात्र ग्रेड प्राप्त गरेका छन्।

तालिका ९(ङ): माध्यमिक शिक्षा परीक्षा,कक्षा १० (SEE) २०७९ को नतिजा विवरण

प्रदेश	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपाल
GPA 1.60 To < 2.00	१	०	**१**	२	२	०	०	**६**
GPA 2.00 To < 2.40	४९९	२७३	**३३०**	१७१	६६३	४२२	५९२	**२९५०**
GPA 2.40 To < 2.80	६५०२	६७६२	**७४३०**	३४२६	६२६१	५१६९	५६२४	**४११७४**
GPA 2.80 To < 3.20	१३५१०	१३८१९	**१९१००**	७४६५	११८७२	६२७३	६८३५	**७८८७४**
GPA 3.20 To < 3.60	११५८५	१२४९१	**२३४०२**	६२१८	९०१५	२३४७	३१९३	**६८२५१**
GPA 3.60 To <= 4.00	३९९६	३९५७	**१५७६६**	२९६९	३२९०	४४१	७९०	**३१२०९**
NG	३९८९५	४२२८३	**३३८४२**	२०२७५	४९२२२	२०३७७	३६४०९	**२४२३०३**
जम्मा सहभागी	७५९८८	७९५८५	**९९८७१**	४०५२६	८०३२५	३५०२९	५३४४३	**४६४७६७**
TOTAL GRADED	३६०९३	३७३०२	**६६०२९**	२०२५१	३११०३	१४६५२	१७०३४	**२२२४६४**
GRADED PERCENTAGE	**४७.५**	**४६.९**	**६६.१**	**५०.०**	**३८.७**	**४१.८**	**३१.९**	**४७.९**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय

शैक्षिक परामर्श केन्द्रहरु

९.१९ आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशमा १४० वटा शैक्षिक परामर्श केन्द्र नयाँ दर्ता र १०५ वटा नवीकरण भएका छन् भने चालु आर्थिक वर्षको फागुनसम्म ४७ वटा नयाँ दर्ता र ४० वटा नविकरण भएका छन्।

तालिका ९(ढ): बागमती प्रदेशका जिल्लाहरुमा संचालित शैक्षिक परामर्श केन्द्र

विवरण	आर्थिक वर्ष २०८०/८१		२०८१/८२ फागुनसम्म	
	नयाँ दर्ता	नविकरण	नयाँ दर्ता	नविकरण
दोलखा	-	-	-	-
रामेछाप	-	-	-	-
सिन्धुली	-	-	-	-
काभ्रेपलाञ्चोक	२	-	४	-
सिन्धुपाल्चोक	-	-	-	-
रसुवा	-	-	-	-
नुवाकोट	१	-	-	-
धादिङ	-	-	-	-
चितवन	१५	१६	४	३

विवरण	आर्थिक वर्ष २०८०/८१		२०८१/८२ फागुनसम्म	
	नयाँ दर्ता	नविकरण	नयाँ दर्ता	नविकरण
मकवानपुर	४	१४	१	९
भक्तपुर	-	-	१	-
ललितपुर	७	३	२	२
काठमाडौं	११०	७२	३५	२६
जम्मा	**१४०**	**१०५**	**४७**	**४०**

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

विश्वविद्यालय तथा प्रतिष्ठान

९.२० प्रदेश भित्र त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय र नेपाल खुला विश्वविद्यालय स्थापना भई सञ्चालनमा रहेका छन्। राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा रहेका छन्। यसैगरी पोखरा विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका कलेज र विदेशी विश्वविद्यालयबाट अनुमति/सम्बन्धन लिई केही शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन्।

९.२१ प्रदेश सरकारले मकवानपुरको हेटौंडामा बागमती विश्वविद्यालय स्थापना गरेको छ। प्रदेश उच्च शिक्षा ऐन तथा नियमावली जारी भइसकेको छ भने विभिन्न संकाय अन्तर्गतका पाठ्यक्रमहरु निर्माणको चरणमा छन्।

विज्ञान प्रविधि

९.२२ प्रदेशस्तरीय विज्ञान तथा प्रविधि नीति जारी भएको छ। प्रदेश भित्र विभिन्न विषय क्षेत्रहरूमा युवा वैज्ञानिकहरूलाई संलग्न गराई प्रविधि, विकास र नवप्रर्वतनमा क्षमता विकास गर्न युवा वैज्ञानिक प्रोत्साहन कोष स्थापना गरिएको छ।

महिला, बालबालिका, जेष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यक

९.२३ राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत २०८१ फागुनसम्म विभिन्न दुर्गम तथा पहाडी क्षेत्रका ८०८ गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार भएको छ। २०८१ फागुनसम्म बागमती प्रदेशमा गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरेको सङ्ख्या ११२ रहेको छ।

तालिका ९(ण): उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको प्रदेशगत विवरण (सङ्ख्या)

आर्थिक वर्ष	कोशी	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपनल
२०७५/७६	५	३	३	१	१३	१	२६
२०७६/७७	१०	१२	५	२	३६	२२	८७
२०७७/७८	२८	२७	५	२	२८	१३	१०३
२०७८/७९	५५	२७	७	२	५८	२०	१६९
२०७९/८०	४४	२२	११	३	५४	३३	१६७
२०८०/८१	४८	१२	३	२	२८	१५	१०८
२०८१/८२*	३७	५	५	२	३६	१०	९५
जम्मा	**२४८**	**११२**	**४०**	**१६**	**२६५**	**१२७**	**८०८**

स्रोतः आर्थिक सर्वेक्षण, २०८१/८२, अर्थ मन्त्रालय *फागुनसम्म

९.२४ नेपालको महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेकोमा बागमती प्रदेशको महिलाको साक्षरता दर ७६ प्रतिशत रहेको छ। समग्र नेपालको महिला साक्षरता दर भन्दा यस प्रदेशको महिला साक्षरता दर बढी छ।

९.२५ बागमती प्रदेशमा कुल २४.९ प्रतिशत परिवारहरुमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुवै रहेको छ र ३१.१ प्रतिशत महिला परिवारमुली रहेका छन्।

९.२६ २०८१ फागुनसम्म बागमती प्रदेशभित्र जम्मा २७२ वटा बालगृह सञ्चालनमा रहेका छन जसमा ३ हजार ३ सय १६ बालक र ४ हजार २ सय ४९ बालिका गरी जम्मा ७ हजार ५ सय ६५ बालबालिका आश्रित रहेका छन्।

तालिका ९(त): बागमती प्रदेशका विभिन्न जिल्लामा भएका बालगृहसम्बन्धी विवरण

जिल्ला	बाल गृह संख्या	बालगृहमा आश्रित बालबालिका संख्या		
		बालक	बालिका	जम्मा
दोलखा	३	६०	-	६०
रामेछाप	-	-	-	-
सिन्धुली	-	-	-	-
काभ्रेपलाञ्चोक	१३	१७८	२६१	४३९
सिन्धुपाल्चोक	४	२५	७१	९६
रसुवा	-	-	-	-
नुवाकोट	२	४४	१०	५४
धादिङ	५	३१	४०	७१
चितवन	२४	४११	४१४	८२५
मकवानपुर	१०	११९	१०५	२२४
भक्तपुर	११	१४९	१५०	२९९
ललितपुर	७१	७६७	१०४८	१८१५
काठमाडौं	१२९	१५३२	२१५०	३६८२
जम्मा	**२७२**	**३३१६**	**४२४९**	**७५६५**

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

९.२७ २०८१ फागुनसम्म बागमती प्रदेशभित्र मकवानपुर र भक्तपुर जिल्लामा १/१ वटा बालसुधारगृह सञ्चालनमा रहेका छन् जसमा २८५ बालक र ३१ बालिका गरी जम्मा ३१६ बालबालिका आश्रित रहेका छन्।

तालिका ९(थ): बागमती प्रदेशका विभिन्न जिल्लामा भएका बाल सुधारगृहसम्बन्धी विवरण


जिल्ला	बाल सुधारगृह संख्या	बाल सुधारगृहमा बालबालिका संख्या		
		बालक	बालिका	जम्मा
मकवानपुर	१	६९	०	६९
भक्तपुर	१	२१६	३१	२४७
जम्मा	**२**	**२८५**	**३१**	**३१६**

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, २०८१

९.२८ बागमती प्रदेशमा ६० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या ६ लाख ५३ हजार ८ सय ४९ (कुल जनसंख्याको १०.६९ प्रतिशत) मध्ये पुरुष ३ लाख १२ हजार ८ सय ५७ र महिला ३ लाख ४० हजार ९ सय ९२ जना रहेका छन्। ६८ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्या ३ लाख ३८ हजार ९ सय १९ (कुल जनसंख्याको ५.५४ प्रतिशत) मध्ये पुरुष १ लाख ५७ हजार ७ सय ६२ र महिलाको जनसङ्ख्या १ लाख ८१ हजार १ सय ५७ जना रहेको छ।

९.२९ बागमती प्रदेशको कुल जनसङ्ख्या ६१ लाख १६ हजार ८ सय ६६ मध्ये अपाङ्गता भएकाको जनसङ्ख्या १ लाख २४ हजार ६७ अर्थात् २.०२ प्रतिशत रहेको छ। अपाङ्गता भएकाको जनसङ्ख्या सबैभन्दा कम रसुवा जिल्लामा १ हजार २ सय ९३ र सबैभन्दा बढी काठमाडौं जिल्लामा ३० हजार ६ सय ८७ रहेको छ।

चार्ट ९(ग): जिल्लागत रुपमा अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्या



स्रोतः राष्ट्रिय जनगणना, २०७८

९.३० लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको आत्मनिर्भरताको लागि मागमा आधारित सीप विकास तालिम सञ्चालन गरिएको छ। लैङ्गिक तथा यौनिक अल्पसंख्यक सम्बन्धी नीति, २०८१ स्वीकृत भएको छ।

युवा

९.३१ प्रदेश युवा परिषद् मार्फत युवाहरुको सशक्तीकरण, उद्यमशीलता विकास, सचेतनामूलक, नेतृत्व विकास र सीप विकाससँग सम्बन्धित कार्यक्रमहरु सञ्चालनमा रहेका छन्।

९.३२ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रदेश युवा परिषद्बाट विभिन्न ६७ वटा युवा लक्षित सीपमूलक तथा उद्यमशीलता विकास कार्यक्रम मार्फत १ हजार ३ सय ४५ जना युवालाई तालिम प्रदान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा ४ हजार ६ सय ३० जनालाई तालिम प्रदान गरिएको थियो।

तालिका ९(द): युवा लक्षित सीपमूलक तालिम तथा लाभान्वित

आर्थिक वर्ष		सञ्चालित सीपमूलक तथा उद्यमशीलता विकास तालिम (संख्या)	लाभान्वित युवाको संख्या		
			महिला	पुरुष	जम्मा
२०७८/७९		६	८२	३८	१२०
२०७९/८०		२१	२८८	१३२	४२०
२०८०/८१		२३२	२४६०	२१७०	४६३०
फागुनसम्म	२०८०/८१	१९५	२३२०	२०८५	४४०५
	२०८१/८२	६७	७५८	५८७	१३४५

स्रोतः युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेश, २०८१

९.३३ आर्थिक वर्ष २०७८/७९ देखि प्रदेश युवा परिषद्मार्फत प्रत्येक वर्ष २८६ जना महिलालाई महिला आत्मरक्षा तालिम प्रदान गरिँदै आएको छ। २०८१ फागुनसम्म बागमती प्रदेशका १ हजार १ सय ४४ जना महिलालाई सो तालिम प्रदान गरिएको छ।

९.३४ बागमती प्रदेश युवा परिषद्द्वारा आर्थिक वर्ष २०७९/८० देखि प्रत्येक वर्ष प्रदेश युवा सम्मेलनको आयोजना गरिँदै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा उक्त सम्मेलनमा १२५ जना महिला र १२५ जना पुरुष गरी जम्मा २५० जनाको सहभागिता रहेको थियो।

खेलकुद

९.३५ आर्थिक वर्ष २०७९/८० मा सञ्चालन भएका राष्ट्रिय स्तरका विभिन्न खेलकुद प्रतियोगितामा बागमती प्रदेशबाट ९६५ जना खेलाडी सहभागी भएकोमा यस प्रदेशले २४ स्वर्ण, ४८ रजत र ७४ कास्य गरी जम्मा १४६ पदक प्राप्त गरेको थियो।

९.३६ आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेश सरकारद्वारा आयोजना गरिएको अन्तरप्रदेश खेलकुद प्रतियोगितामा यस प्रदेशबाट जम्मा २ हजार ५ सय ६ जना खेलाडी सहभागी भएका थिए। उक्त खेलकुद प्रतियोगितामा सञ्चालन भएका विभिन्न खेलकुदमा बागमती प्रदेशले ६१ स्वर्ण, ४३ रजत र ३६ कास्य गरी जम्मा १४० पदक प्राप्त गरेको थियो।

९.३७ बागमती प्रदेश सरकारको स्रोतबाट सिन्धुलीमा दुधौली रंगशाला निर्माण सम्पन्न भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ४ वटा रंगशाला निर्माणाधीन अवस्थामा रहेका छन्। त्यसैगरी, २७ वटा कभर्डहलको निर्माण सम्पन्न भइसकेका छन् भने ११ वटा कभर्डहल निर्माणाधीन अवस्थामा रहेका छन्।

तालिका ९(ध): खेलकुद पूर्वाधार

विवरण	निर्माणाधीन	निर्माण सम्पन्न
रङ्गशाला	४	१
कभर्डहल	११	२७

स्रोतः युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेश, २०८१

स्वास्थ्य क्षेत्र

९.३८ प्रदेश सरकारले नागरिकको स्वास्थ्य अवस्था सुधार्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। स्वास्थ्य मन्त्रालय मातहत स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्र, जनस्वास्थ्य प्रयोगशाला र आयुर्वेद औषधी उत्पादन केन्द्र, १३ वटै जिल्लामा एक-एक वटा प्रादेशिक अस्पताल, जनस्वास्थ्य कार्यालय र आयुर्वेद तथा वैकल्पिक चिकित्सालय स्थापना भई सेवा दिइरहेका छन्। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्य क्षेत्रका जनशक्ति उत्पादन तथा विभिन्न प्रकारका स्वास्थ्य सेवाहरु समेत प्रवाह गर्दै आएको छ।

९.३९ नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार नेपालको कुल प्रजनन् दर २.१ रहेकोमा बागमती प्रदेशको १.६ रहेको छ। स्वास्थ्यs क्षेत्रमा हासिल गरेका उपलब्धिहरु र मापन गरिएका अन्य विभिन्न सूचकहरु तपसिल बमोजिम रहेका छन्।

तालिका ९(न): स्वास्थ्य सम्बन्धी सूचक

सूचकहरु	NDHS 2016 (नेपाल)	NDHS 2022 (नेपाल)	NDHS 2022 (बागमती)
प्रजनन			
कुल प्रजनन् दर (प्रति महिलामा जीवित जन्म हुने बच्चाहरुको संख्या)	२.३	२.१	१.६
१५-१९ वर्षका आमा भइसकेका वा हाल गर्भवती महिलाहरु (%)	१७	१४	८

सूचकहरु	NDHS 2016 (नेपाल)	NDHS 2022 (नेपाल)	NDHS 2022 (बागमती)
परिवार नियोजन			
हाल प्रयोग गरिरहेका कुनै वा कुनै परिवार नियोजनका साधन/सेवाहरु (%)	६१	५७	६६
हाल प्रयोग गरिरहेका परिवार नियोजनका आधुनिक साधन/सेवाहरु (%)	४९	४३	४५
परिवार नियोजनका आधुनिक साधन/सेवाहरुको मागमा सन्तुष्टी (%)	६१	५५.१	५४.८
मातृ स्वास्थ्य			
मातृ मृत्यु अनुपात (प्रति लाख जीवित जन्ममा)	२३९	१५१	९८
दक्ष स्वास्थ्यकर्मीहरुसँग गर्भवती सेवा लिन गएका महिलाहरु (%)	८५	८६	९३
स्वास्थ्य संस्थामा सुत्केरी भएका (%)	६४	७९	८८
दक्ष स्वास्थ्यकर्मीबाट बच्चा जन्माउन सहयोग गरेका (%)	६५	८०	८७
बाल स्वास्थ्य तथा पोषण			
सबै आधारभूत खोप प्राप्त गरेका १२-२३ महिनाका बालबालिकाहरु (%)	७८	८०	८३
कुनै पनि खोप नपाएका बालबालिकाहरु (%)	-	४	९
५ वर्ष मुनिका बालबालिकाहरु उमेर अनुरुप उचाई नपुगेका मध्यम वा गम्भीर (%)- पुड्कोपन	३६	२५	१८
५ वर्ष मुनिका बालबालिकाहरु उचाई अनुसार तौल नपुगेका मध्यम बालबालिकाको प्रतिशत (%)- ख्याउटेपन	१०	८	५
५ वर्ष मुनिका बालबालिकाहरुमा बढी तौल भएका बालबालिकाको प्रतिशत (%)	१	१	३
६-५९ महिनाका बालबालिका हरुमा कुनै न कुनै किसिमको रक्त अलपत्ता भएका (%)	५३	४३	४३
१५-४९ महिनाका बालबालिका हरुमा कुनै न कुनै किसिमको रक्त अलपत्ता भएका (%)	४१	३४	२३
नवजात शिशुको मृत्यु-जन्मेको २८ दिन भित्र	२१	२१	१८
शिशु मृत्यु (जन्मेको १ वर्ष भित्र)	३२	२८	२१
पाँच वर्ष मुनिका बाल मृत्यु (जन्मेको ५ वर्ष पूरा नहुँदै)	३९	३३	२४

स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२, स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१

९.४० बागमती प्रदेशमा २०८१ फागुनसम्म प्रादेशिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, निजी अस्पताल गरी जम्मा ३ हजार १ सय ४८ वटा सरकारी तथा निजी स्तरबाट स्वास्थ्य संस्थाहरु सञ्चालनमा रहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा यस्ता स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको संख्या ३ हजार १ सय ५८ वटा रहेको थियो।

तालिका ९(प): स्वास्थ्य संस्था, अस्पताल शैया, महिला स्वास्थ्य स्वयम् सेविका र एम्बुलेन्सको सङ्ख्या

विवरण	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
क) जम्मा स्वास्थ्य संस्था	**२४५३**	**२६१९**	**२६४९**	**२७३३**	**३१५८**	**३१४८**
प्रादेशिक अस्पताल	८	१३	१३	१३	१३	१३
विशिष्टीकृत अस्पताल	-	-	-	-	२७	२७
आधारभूत अस्पताल (५-१५ शैया)	-	-	-	-	७३	८०
अस्पताल (२५-५० शैया)	-	-	-	-	८२	८२
अस्पताल (१००-३०० शैया)	-	-	-	-	२६	२५
प्रतिष्ठान तथा शिक्षण अस्पतालहरु (३००+ शैया)	-	-	-	-	१३	१३
जनस्वास्थ्य कार्यालय	१३	१३	१३	१३	१३	१३
आयुर्वेद तथा वैकल्पिक चिकित्सालय	१२	१३	१३	१३	१३	१३
आयुर्वेद औषधी उत्पादन केन्द्र	-	-	१	१	१	१
प्राथमिक स्वास्थ्य केन्द्र	४१	४१	४०	४०	४०	२९
स्वास्थ्य चौकी	६१३	६४३	६४३	६४३	६४३	६४२
शहरी स्वास्थ्य केन्द्र	१४०	१८२	१८२	२००	२००	१८७
आधारभूत स्वास्थ्य सेवा केन्द्र	-	-	-	-	१९०	१९०
सामुदायिक स्वास्थ्य इकाई	१२६	१७३	१७३	१८८	१८१	१८१
आयुर्वेद औषधालय	५०	५०	५०	५१	५१	५०
निजी अस्पताल	१४५०	१४५०	१४७०	१५२०	१५४०	१५५०
नागरिक आरोग्य केन्द्र	-	४१	५१	५१	५२	५२
ख) जम्मा अस्पताल शैया	-	-	-	-	-	**१६३६१**
सङ्घीय सरकारको अस्पताल शैया	२९३९	२८९२	३७७५	४०४१	४१७६	४१७६
प्रादेशिक अस्पताल शैया	१६२	७०४	८३६	८३६	१२७५	१२७५
निजी अस्पताल शैया	१०५१७	१०७१७	११६६१	१०५८९	१०९१०	१०९१०
ग) सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका	**८६८५**	**८६९९**	**८६९९**	**९००४**	**९३५४**	**९३५४**
घ) बागमती प्रदेशमा एम्बुलेन्सको सङ्ख्या	-	-	-	**५५९**	**५५९**	**२८७**

स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१

९.४१ बागमती प्रदेशमा स्वास्थ्य सेवातर्फको कुल दरबन्दी संख्या ७२४ रहेकोमा २०८१ फागुनसम्म २९७ स्थायी पदपूर्ति भएको छ भने ४२७ दरबन्दी रिक्त रहेका छन्। २१७

चिकित्सकको दरबन्दीमा ६३ जना मात्र पदपूर्ति भएको छ भने रिक्त दरबन्दी पदपूर्तिको प्रक्रियामा छ।

तालिका ९(फ): प्रदेशभित्र स्वास्थ्य क्षेत्रको सरकारी सेवामा विद्यमान जनशक्तिको विवरण (संख्यामा)

विवरण		दरबन्दी	पदपूर्ति	रिक्त
चिकित्सक /डाक्टर	एम. डि. (तह ९/१०/११)	१०२	३२	७०
	एम.बि.बि.एस./मेडिकल अधिकृत (तह ८)	११५	३१	८४
आयुर्वेद चिकित्सक		२५	१३	१२
डेन्टल सर्जन		१३	६	७
नर्सिङ अधिकृत		१७	५	१२
नर्स		२३१	६२	१६९
अ.न.मी		४३	२६	१७
कविराज		१४	१३	१
हेल्थ असिस्टेन्ट		६७	२७	४०
वैद्य		२५	२१	४
स्वास्थ्य सहायक (अ.हे.व/ सि. अ.हे.व)		२१	१६	५
ल्याब टेक्निसियन/असिस्टेन्ट		३५	३४	१
ल्याब असिस्टेन्ट		१३	९	४
फार्मेसि अधिकृत		३	२	१
जम्मा		**७२४**	**२९७**	**४२७**

स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१

९.४२ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म प्रदेशभित्र विभिन्न किसिमका स्वास्थ्य सेवा (प्रवर्धनात्मक, उपचारात्मक आदि) बाट जम्मा ४२ लाख ४१ हजार ५ जना लाभान्वित भएका छन्। सो मध्ये ४ लाख ८१ हजार ८ सय ३८ जनाले अन्तरङ्ग सेवा, २८ लाख ५२ हजार ३ सय ६३ जनाले बहिरङ्ग सेवा र ९ लाख ६ हजार ८ सय ४ जनाले आकस्मिक सेवा प्राप्त गरेका छन्।

९.४३ बिरामीको औसत अस्पताल बसाइको तथ्याङ्क हेर्दा बागमती प्रदेशमा आर्थिक वर्ष २०८१/८२ फागुनसम्म ४.४७ दिन रहेको छ र Bed Occupancy Rate ५०.२४ प्रतिशत रहेको छ।

तालिका ९(ब): बागमती प्रदेशमा स्वास्थ्य सेवाबाट लाभान्वित जनसंख्या

सेवाको विवरण	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
अन्तरङ्ग	४८४११९	३९१५१७	५४१४४६	५७९९०९	५७४७०१	४८१८३८
बहिरङ्ग	७३०६४२०	६०००३०९	६८८८३५६	४८४९९०१	३९३७५८४	२८५२३६३
आकस्मिक	९९७९६६	८१४२५९	८७६०२०	११४०८८२	११५५७३३	९०६८०४
जम्मा	**८७८८५०५**	**७२०६०८५**	**८३०५८२२**	**६५७०६९२**	**५६६८०१८**	**४२४१००५**

सेवाको विवरण	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
Bed Occupancy Rate (%)	३९	३६	५०.५	५१.९	५४.२६	५०.२४
औसत अस्पताल बसाइ (दिन)	३.९	३.९	५	६.२	४.६४	४.४७

स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१

९.४४ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म यस प्रदेश भित्र पूर्ण खोप लगाउने बालबालिका ७९.० प्रतिशत रहेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा पूर्ण खोप लगाउने बालबालिका ८३.६ प्रतिशत रहेका थिए। आर्थिक वर्ष २०८०/८१ मा भने ८८.७ प्रतिशत बालबालिकाले पूर्ण खोप लगाएका थिए।

तालिका ९(भ): बागमती प्रदेशमा खोप सेवा लिनेको विवरण (संख्यामा)

सूचकाङ्क	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
वि.सी.जी. भ्याक्सिन	१०५८७५	१०१३९४	१०९९६९	९९८२४	७९१४२	५५६२७
डी.पि.टी., हेपाटाइटिस बि, हेपबि (तेस्रो मात्रा)	८८४४८	९२२२८	८६६६४	८९७९७	७४६५७	४६७३६
पोलियो (तेस्रो मात्रा)	८७८४९	९०९२०	८६९४३	८९६४५	७५०६२	४६७३७
दादुरा रुबेला विरुद्धको खोप	७९९४१	८५९०६	८६६२६	८८५६०	८२९८१	५३८०२
टिटानस (TD 2 and 2+)	७०७५४	६५३२०	६९७५०	६८३२५	५४८३२	३६६२४
FIPV	८२८०८	८९९८३	८८८९२	५९९०६	७९६७६	४९५३३
रोटा खोप	१६९	७७८३७	८४८३०	८९३५४	७३६५०	४७६१२
JE खोप	८९७६६	९२४९२	९११७१	९१९६८	८३६५४	५५८२७
पूर्ण रुपमा सबै प्रकारका खोप लगाउने बालबालिकाको प्रतिशत	**५४.५**	**५६.५**	**५५.५**	**८८.०**	**८८.७**	**७९.०**
एच.पी.भी. खोप लगाएका महिला	-	-	--	-	-	२५६४७०

स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१

९.४५ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बागमती प्रदेशमा कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिला ७६.४३ प्रतिशत रहेका छन्। त्यस्तै दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिला ९० प्रतिशत, स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिला ६८.२८ प्रतिशत, शल्यचिकित्साद्वारा सुत्केरी हुने महिला ३१.२६ प्रतिशत र सुरक्षित गर्भपतन सेवा लिएका महिला १८ प्रतिशत रहेका छन्।

तालिका ९(म): बागमती प्रदेशमा गर्भवती एवं सुत्केरी महिलाको स्वास्थ्यमा पहुँचको अवस्था

सूचक	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
कम्तिमा ४ पटक गर्भजाँच गराउने गर्भवती महिलाको प्रतिशत	४८.९	५६.७	१३९.०८	१२५.८८	९६.८५	७६.४३
दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत	६७	६०.४	६६	९७.७	९८	९०
स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत	६६.४	६०.३	९७.३	१००.४	८२.२६	६८.२८
सुरक्षित गर्भपतन सेवा लिएका गर्भवती महिलाको प्रतिशत	-	-	-	२२	३९	१८
सुत्केरी पश्चात ४ पटक उत्तर पसुति जाँच गराएको महिलाको प्रतिशत	-	-	-	१९.१९	२४.५२	२५.१४
शल्यचिकित्साद्वारा सुत्केरी हुने महिलाको प्रतिशत	२२.८	२१.८५	३७.१५	४१.०७	३६.६२	३१.२६

स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१

९.४६ २०८१ फागुनसम्म बागमती प्रदेशको विपन्न नागरिक औषधी उपचार सेवा/कार्यक्रमबाट १६ हजार २६ क्यान्सर रोग लागेका विपन्न नागरिकले सेवा प्राप्त गरेका छन् भने १३७ जनाले मुटु सम्बन्धी उपचारमा सहुलियत प्राप्त गरेका छन्।

९.४७ बागमती प्रदेशमा बसोबास गर्ने अति सीमान्तकृत एवं लोपोन्मुख जातजातिको मातृ तथा बालस्वास्थ्य सेवामा सहज पहुँच तथा उपभोग बढाउन संस्थागत सुत्केरी र तिनका बालबालिकाले पूर्ण खोप लगाएका आमालाई रू. ५ हजार उत्प्रेरणा खर्च प्रदान गर्ने गरिएकोमा चालु आर्थिक वर्षको फागुनसम्म जम्मा १ हजार २ सय ५० जनाले उक्त रकम प्राप्त गरेका छन्।

९.४८ २०८१ फागुनसम्म सामाजिक सेवा इकाई मार्फत निःशुल्क उपचार व्यवस्थापन सेवा प्राप्त गर्ने सेवाग्राहीको संख्या २९ हजार ९ सय ८६ रहेको छ।

९.४९ आर्थिक वर्ष २०८०/८१ सम्म राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत बागमती प्रदेशको दुर्गम तथा पहाडी क्षेत्रका जम्मा ५० जना गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरिएको र यस आर्थिक वर्षको फागुनसम्म ३ जना गरी जम्मा ५३ जनाले उक्त सेवा प्राप्त गरेका छन्।

तालिका ९(य): बागमती प्रदेशमा विपन्न नागरिक औषधी उपचार सेवा/कार्यक्रमबाट लाभान्वित नागरिक


विवरण	आर्थिक वर्ष			२०८१/८२ फागुनसम्म	जम्मा
	२०७८/७९	२०७९/८०	२०८०/८१		
क्यान्सर (सङ्घीय सरकार मार्फत)	-	-	११४८७	८५१७	२०००४
क्यान्सर (बागमती प्रदेश सरकार मार्फत)	५४२	६८६५	६५५८	२०६१	१६०२६
मुटु (सङ्घीय सरकार मार्फत)	-	-	-	३६०५	३६०५
मुटु (बागमती प्रदेश सरकार मार्फत)	-	५४	४८	३५	१३७
मृगौलाको उपचार (सङ्घीय सरकार मार्फत)	-	-	२१३००	१४७७५	३६०७५
मृगौलाको उपचार (प्रादेशिक अस्पतालहरुमा)	-	-	-	-	-
पर्किन्सन्स (सङ्घीय सरकार मार्फत)	-	-	-	२९	२९
अल्जाइमर (सङ्घीय सरकार मार्फत)	-	-	-	४०	४०
हेड इन्जुरी (सङ्घीय सरकार मार्फत)	-	-	-	६४०	६४०
स्पाइनल इन्जुरी (सङ्घीय सरकार मार्फत)	-	-	-	९१७	९१७
सिकलसेल एनिमिया (सङ्घीय सरकार मार्फत)	-	-	-	२०	२०
प्रदेशमा बसोबास गर्ने अति सीमान्तकृत एवं लोपोन्मुख जातिहरूको मातृ तथा बालस्वास्थ्य सेवामा सहज पहुँच तथा उपभोग बढाउन संस्थागत सुत्केरी र तिनका बालबालिकाले पूर्ण खोप लगाएका आमालाई रू. ५ हजार उत्प्रेरणा खर्च पाउनेको संख्या	-	-	-	१२५०	१२५०
प्रदेश अस्पतालहरू मार्फत ६५ वर्ष माथिका जेष्ठ नागरिकहरूलाई निःशुल्क दन्त सहायता सामग्री (CD/RPD) सेवा प्राप्त गर्ने सेवाग्राहीको सङ्ख्या	-	-	-	१५६	१५६
सामाजिक सेवा इकाई मार्फत निःशुल्क उपचार व्यवस्थापन सेवा प्राप्त गर्ने सेवाग्राहीको संख्या	-	४८६४	१५४२२	९७००	२९९८६
हवाई उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको विवरण (चालु आर्थिक वर्षमा बागमती प्रदेश सरकारबाट र गत आर्थिक वर्षहरुमा राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत)	२७	२०	३	३	५३

स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१

एक विद्यालय एक नर्स कार्यक्रम

९.५० बागमती प्रदेश सरकारको महत्वपूर्ण कार्यक्रम 'एक विद्यालय एक नर्स कार्यक्रम' आर्थिक वर्ष २०७५/७६ मा २० वटा माध्यमिक विद्यालयबाट शुरु गरिएकोमा २०८१ फागुनसम्म जम्मा ८ सय ४८ वटा सामुदायिक माध्यमिक विद्यालयहरुमा विस्तार भएको छ।

चार्ट ९(घ): विद्यालय नर्स कार्यक्रम कार्यान्वयन भएका विद्यालय संख्या



स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१

स्वास्थ्य बीमा

९.५१ आर्थिक वर्ष २०७५/७६ मा ५ जिल्लाबाट शुरुवात गरिएको स्वास्थ्य बीमा कार्यक्रम हाल बागमती प्रदेशका १३ वटै जिल्लामा कार्यान्वयनमा रहेको छ। चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बीमित परिवारको संख्या ३ लाख ५३ हजार ४ सय ४२ पुगेको छ, जुन गत आर्थिक वर्षमा ४ लाख ३५ हजार ४ सय ६२ थियो।

तालिका ९(र): बागमती प्रदेशमा स्वास्थ्य बीमा कार्यक्रम

कार्यक्रमको विवरण	आर्थिक वर्ष						२०८१ फागुनसम्म
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन भएका जिल्ला संख्या	५	७	११	१३	१३	१३	१३
स्वास्थ्य बीमा कार्यक्रममा बीमित परिवारको संख्या	३,६९,७८३	४,६४,११७	५,४८,२५९	४,३९,५९५	४,६८,२६७	४,३५,४६२	३,५३,४४२
बागमती प्रदेश सरकारले बीमा प्रिमियम भुक्तानी/योगदान गरेको							
महिला स्वास्थ्य स्वयम् सेविका (परिवार संख्या)	-	-	-	-	-	-	२७६७

कार्यक्रमको विवरण	आर्थिक वर्ष						२०८१ फागुनसम्म
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	
अपाङ्गता ख वर्ग (परिवार संख्या)	-	-	-	-	-	-	४०९६
अति सीमान्तकृत (परिवार संख्या)	-	-	-	-	-	-	१५२३७
आश्रममा आश्रित (परिवार संख्या)	-	-	-	-	-	-	४८
लोपोन्मुख जनजाति (परिवार संख्या)	-	-	-	-	-	-	३१२

स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१/प्रदेश स्वास्थ्य बीमा बोर्ड, बागमती प्रदेश, २०८१

९.५२ बागमती प्रदेशमा आर्थिक वर्ष २०७६/७७ देखि शुरु गरिएको मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम (परीक्षण, निदान, उपचार र परामर्श) बाट २०८१ फागुनसम्म १५ हजार ७ सय ५६ जनाले सेवा लिएका छन्। यो कार्यक्रम बागमती प्रदेशका सबै स्थानीय तहमा कार्यान्वयनमा रहेको छ।

तालिका ९(ल): मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम (परीक्षण, निदान, उपचार र परामर्श)

विवरण	आर्थिक वर्ष		फागुनसम्म	
	२०७९/८०	२०८०/८१	२०८०/८१	२०८१/८२
सेवा प्राप्त गर्ने सेवाग्राहीको सङ्ख्या	३३७०७	८५०००	१४८७८	१५७५६

स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, २०८१

१०. विपद् व्यवस्थापन

१०.१ बागमती प्रदेश विपद्को दृष्टिले संवेदनशील रहेको छ। प्रदेशको भूबनोट, कमजोर भौगर्भिक अवस्था, वर्षा, जलवायु परिवर्तन आदिका कारणबाट विभिन्न नदीनालामा बाढी, जलाधार क्षेत्रमा पहिरो, भूक्षय बढ्न गई हरेक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ।

१०.२ २०८१ साल असोज महिनामा भएको अविरल वर्षासँगै आएको बाढी पहिरोका कारण बागमती प्रदेशका १३ वटै जिल्ला गम्भीर रुपमा प्रभावित भई ठूलो परिमाणमा जनधनको क्षति हुन पुगेको थियो। बाढी पहिरोको कारण सयौं नागरिकको जीउधनसँगै भौतिक संरचना, पशुचौपाय लगायत प्रदेशका सडक तथा पुल पूर्वाधार क्षतिग्रस्त हुन पुगे।

१०.३ उक्त विपद्बाट प्रभावित जिल्लाको विपद् व्यवस्थापन कोषमा बागमती प्रदेश सरकारले राहत वितरणको लागि रू. १ करोड ८० लाख र जोखिम न्यूनीकरण तथा खोज, उद्धार र प्रतिकार्यतर्फ १३ जिल्लाको विपद् व्यवस्थापन कोषमा ५ लाखका दरले रू. ६५ लाख रकम प्रदान गरेको थियो। भने विपद्बाट प्रभावित र जोखिमयुक्त ५७ स्थानीय तहको विपद् व्यवस्थापन कोषमा विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यतर्फ रू. ७ करोड ४२ लाख प्रदान गरेको थियो।

१०.४ चालु आर्थिक वर्षको फागुनसम्म बागमती प्रदेशभित्र २९५ जनाको विपद्जन्य घटनाबाट मृत्यु भएकोमा २०८१ असोज महिनाको भीषण वर्षा र बाढी पहिरोका कारण २१६ जनाले ज्यान गुमाएका थिए भने कुल १० अर्ब २३ करोड ५६ लाख ५४ हजार रुपैयाँ बराबरको आर्थिक क्षति भएको अनुमान छ।

तालिका १०(क): जिल्लागत मानवीय क्षति, घाइते, बेपत्ता तथा अनुमानित आर्थिक क्षति

जिल्ला	मृत्यु	घाईते	बेपत्ता	उद्धार	अनुमानित आर्थक क्षति (रू. हजारमा)
मकवानपुर	७	३	०	५४	२०२९६३.००
चितवन	०	०	०	३१८	२३६५५.००
धादिङ	३९	७	०		-
नुवाकोट	०	१	०	१९	९९५५.००
रसुवा	०	०	०	१९	३९८५.००
काभ्रेपलाञ्चोक	७९	९२	६	१२६४७	७३२४३२.५८
सिन्धुपाल्चोक	१०	१७	२	२८	१९४००००.००
दोलखा	७	५	०	९	११५०००.००
रामेछाप	१	३	०	११९	२०१३८.००
सिन्धुली	२	१	०	४८१	१५९३८८८.६७

जिल्ला	मृत्यु	घाईते	बेपत्ता	उद्धार	अनुमानित आर्थिक क्षति (रू. हजारमा)
काठमाण्डौ	२०	१८	१	१४४२	४१४६६०५.००
ललितपुर	४६	१८	५	६४३	१४३६९१२.००
भक्तपुर	५	३	०	०	१०१२०.००
जम्मा	**२१६**	**१६८**	**१४**	**१५७७९**	**१०२३५६५४.२६**

स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, २०८१

१०.५ आर्थिक वर्ष २०७६/७७ देखि २०८१ फागुनसम्म विपद्को घटनामा परी मृत्यु हुने मानिसहरुको संख्या ६७९ रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म पहिरोको कारण सबैभन्दा बढी २०५ जनाले ज्यान गुमाएका थिए भने बाढीको कारण ३० जनाले ज्यान गुमाएका थिए।


तालिका १०(ख): विभिन्न किसिमका विपद्बाट विगत पाँच वर्षमा भएको मृत्यु संख्या

विपद्को किसिम	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म	जम्मा
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१		
आगलागी	२	१६	२४	२३	२४	११	१००
चट्याङ	१३	२	९	१०	१	४	३९
जनावर आक्रमण/ दुर्घटना	७	१२	१२	१०	६	११	५८
डुङ्गाडुवान	-	-	-	१	-	-	१
डुवान	-	-	-	-	-	-	०
पहिरो	१०	८६	११	१३	४२	२०५	३६७
भीषण वर्षा	-	१	१	-	-	७	९
भूकम्प	-	-	-	-	-	-	०
महामारी	-	-	-	-	-	-	०
लेकलाग्ने	२	-	१	-	-	४	७
वनडढेलो	-	१	-	-	४	-	५
बाढी	३	८	५	३	५	३०	५४
शीतलहर	-	-	-	-	-	-	०
सर्पदंश	-	१	-	-	२	-	३
हावाहुरी	३	-	४	१	२	-	१०
हिउँ आँधी	-	-	-	-	-	-	०
हिमपहिरो	-	-	-	-	-	-	०
अन्य अप्राकृतिक घटना	१	-	-	-	२	२३	२६
कुल जम्मा	**४१**	**१२७**	**६७**	**६१**	**८८**	**२९५**	**६७९**

स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, २०८१

१०.६ बागमती प्रदेशमा आर्थिक वर्ष २०७६/७७ देखि २०८१ फागुनसम्म जम्मा ४ हजार २३ वटा विपद्का घटनाहरु घटेकोमा सबैभन्दा बढी आर्थिक वर्ष २०८०/८१ मा ८५६ विपद्का घटनाहरु घटेका छन्।

चार्ट १०(क): विपद् घटना संख्या



स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, २०८१

१०.७ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म विपद्जन्य घटनाको राहतको लागि विपद् व्यवस्थापन कोष मार्फत रू. २ करोड वितरण गरिएको छ। गत आर्थिक वर्ष यस्तो राहत रकम रू. ४० लाख वितरण गरिएको थियो।

१०.८ विपद्को खोज, उद्धार तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन आर्थिक बर्ष २०७७/७८ र आर्थिक वर्ष २०८०/८१ मा गरि कुल रू. ३ करोड ७३ लाख ८१ हजार बराबरको विपद् उद्धार सामाग्री खरिद गरी प्रदेशस्थित सुरक्षा निकायहरुलाई वितरण गरिएको छ।

तालिका १०(ग): विपद् व्यवस्थापन सम्बन्धी विविध तथ्याङ्क

सूचक/विवरण	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म	जम्मा
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१		
विपद्का घटनामा मृत्यू भएका मानिसहरुको संख्या	४१	१२७	६७	६१	८८	२९५	६७९
विपद्का घटनामा घाइते भएकाका मानिसहरुको संख्या	२१८	१९१	१७२	१६९	१८४	३१२	१२४६
विपद्का घटनामा राहत वितरण (रकम रू. हजारमामा)	-	-	१३०००	-	४०००	२००००	३५३००
विपद्मा परेकाको घटना दर्ता	५५७	५९९	४९७	७१०	८५६	८०४	४०२३

सूचक/विवरण	आर्थिक वर्ष					२०८१/८२ फागुनसम्म	जम्मा
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१		
उद्धार सामाग्री खरिदमा खर्च (रकम रू. हजारमा)	-	८८४८.८९	-	-	२८५३२.३०	-	३७३८१.१९
विपद् गोदाम घर (संख्या)	-	-	-	-	-	-	३
द्वन्द पिडितलाई रकम वितरण (रकम रू. हजारमा)	-	२०४०	१०३५.१९	-	११२००	-	१४२७५.१९
मनसुनजन्य तथा आगलागीजन्य विपद् प्रभावितलाई अनुदान (रकम रू. हजारमा)	-	-	२७६३७.५०	८०३२५	५४३०७.५०	–	१६२२७०

स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, २०८१

१०.९ आर्थिक वर्ष २०७६/७७ देखि चालु आर्थिक वर्षको फागुनसम्म द्वन्द्व पीडितहरुका लागि कुल रू. १ करोड ४२ लाख ७५ हजार रकम प्रदान गरिएको छ भने आर्थिक वर्ष २०८०/८१ मा रू. १ करोड १२ लाख रकम प्रदान गरिएको थियो।

१०.१० आर्थिक वर्ष २०७६/७७ देखि चालु आर्थिक वर्षको फागुनसम्म मनसुनजन्य तथा आगलागीजन्य विपद् प्रभावितलाई कुल रू. १६ करोड २२ लाख ७० हजार बराबरको अनुदान वितरण गरिएको छ।

११. सार्वजनिक सेवा र सुशासन

सुशासन र प्रशासन

११.१ बागमती प्रदेश सरकार अन्तर्गतको सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, सहभागितामूलक तथा नागरिकमैत्री बनाउन, विधिको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन तथा सार्वजनिक स्रोतको कुशल व्यवस्थापनका माध्यमबाट बागमती प्रदेशमा सुशासनको प्रत्याभूति गर्न प्रदेश सुशासन ऐन, २०७७ जारी भई कार्यान्वयनमा रहेको छ।

११.२ सार्वजनिक निकायका काम कारवाहीलाई पारदर्शी, जवाफदेही र छिटो छरितो बनाउँदै सार्वजनिक सेवा सुविधामा जनताको पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न आवश्यक कानूनको निर्माण, संस्थागत व्यवस्था, कार्य संस्कृतिमा सुधार र सूचना प्रविधिको प्रयोगमा वृद्धि हुँदै गएको छ।

११.३ २०८१ फागुनसम्म बागमती प्रदेश अन्तर्गत मन्त्रालय/सचिवालय/निकाय/आयोग गरी कुल १८ वटा निकाय अन्तर्गत २०६ वटा कार्यालयहरू सञ्चालनमा रहेका छन्। उक्त निकाय/कार्यालय अन्तर्गत जम्मा ५ हजार १ सय २९ कर्मचारीहरुको दरबन्दी रहेको छ।

तालिका ११(क): बागमती प्रदेशका मन्त्रालय/सचिवालय/निकाय मौजुदा कर्मचारी दरबन्दी (संख्यामा)

क्र. सं.	मन्त्रालय/निकाय	अन्तर्गत मौजुदा कार्यालय संख्या	मौजुदा दरबन्दी
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	८६
२.	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१	४८
३.	आर्थिक मामिला तथा योजना मन्त्रालय	११	१३३
४.	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३७	५८३
५.	खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय	२४	३४३
६.	संस्कृति तथा पर्यटन मन्त्रालय	२	११७
७.	उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	१४	२०५
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	२१	३६१
९.	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१२	२८३
१०.	वन तथा वातावरण मन्त्रालय	२४	१०१५
११.	सामाजिक विकास मन्त्रलय	९	१९२
